जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १४१ • २०८३ साल आश्विन २२ गते बिहीबार (8 October, Thursday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## 'सन्काहा सरकारले जे पनि गर्नसक्छ, आन्दोलनका लागि तयार रहनुस्'



**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता महेन्द्र यादवले संविधान र व्यवस्था जोगाउन आन्दोलनको तयारीमा जुट्नका लागि गरेका छन् । नेपाल तरुण दलले आयोजना गरेको कार्यक्रममा बोल्दै नेता यादवले बालेन्द्र साह नेतृत्वको सरकारलाई सन्काहा सरकारको संज्ञा दिए ।

तरुण दलका पूर्वअध्यक्ष समेत रहेका नेता यादवले भने, 'अहिलेको विषम राजनीतिक परिस्थितिमा प्रजातन्त्र र संविधान जोगाउनको लागि भोली हामीले आन्दोलन गर्नुपर्ने हुनसन्छ, जेल जानुपर्ने हुन्छ, त्यसको लागि पनि तयार हुनुस् । यो सन्काहा सरकार हो । जतिबेला पनि संविधान र व्यवस्था मास्न सक्छ । त्यसको लागि सजग भएर तरुण दल बस्नुपर्छ ।'

तरुण दलले नै अहिलेको बेलामा व्यवस्थालाई जोगाउनसक्नेमा उनी विश्वस्त छन् ।

उनले थपे, 'तरुण दल एक ढिक्का भएर पार्टी पनि जोगाउनु छ, संविधान पनि जोगाउनु छ र तरुण दललाई पनि जोगाउनु छ । त्यसैले म तरुण दलको पूर्व अध्यक्ष भएर पनि अहिले म मधेसी क्लस्टरबाट सह-महामन्त्रीको उम्मेदवार छु । मलाई विजय गराउनुहोला ।'

उनले तरुण दललाई एक ढिक्का भएर अगाडि बढ्न आग्रह गरेका थिए ।

### कांग्रेसको १५औँ महाधिवेशन : आज निर्वाचन

## सभापतिमा थापा-खड्गी भिडन्तदेखि मधेशको सहमहामन्त्रीमा आठ आकांक्षीसम्म

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको १५औँ महाधिवेशन अब विचार, नीति र भाषणको चरण पार गरेर निर्णायक मोडमा पुगेको छ । चार दिनसम्म चलेको महाधिवेशनमा नेतृत्वको कार्यदिशा, पार्टीको आन्तरिक लोकतन्त्र, संगठन सुदृढीकरण र बदलिँदो राजनीतिक परिस्थितिबारे बहस भएको छ । बन्दसत्रमा उपसभापति विश्वप्रकाश शर्मा र महामन्त्री गुरुराज घिमिरेका प्रतिवेदन पारित भएसँगै कांग्रेसले अब बहसलाई मतपत्रमार्फत निष्कर्षमा पुर्‍याउने भएको छ ।

काठमाण्डुमा बिहीबार बिहान १० बजेदेखि हुने मतदानले आगामी कांग्रेसको नेतृत्व मात्र चयन गर्दै पार्टीभित्र पछिल्लो समय विकसित शक्ति सन्तुलनको समेत फैसला गर्नेछ । देशभरबाट आएका ७ हजार २५५ महाधिवेशन प्रतिनिधिको मत अब निर्णायक बनेको छ ।

महाधिवेशनको प्रारम्भिक चरणमा कांग्रेसले आफ्नो राजनीतिक दिशा र संगठनात्मक अवस्थामाथि आत्मसमीक्षा गरेको छ । सभापति गगनकुमार थापाले पार्टीलाई गुटगत राजनीतिभन्दा माथि उठाएर जनतासँग जोड्ने तथा राष्ट्रिय राजनीतिमा नयाँ विश्वास निर्माण गर्ने सन्देश दिए ।

उपसभापति विश्वप्रकाश शर्माको प्रतिवेदनले लोकतान्त्रिक संस्कृतिमा देखिएको क्षय र कांग्रेसले आफूलाई जनताको विश्वास र भरोसाको पार्टीका रूपमा पुनःस्थापित गर्नुपनेमा जोड दिए । महामन्त्री गुरुराज घिमिरेको प्रतिवेदनले संगठनलाई थप बलियो, व्यवस्थित र लोकप्रिय बनाउने नीति अघि सारेको छ ।

चौथो दिनसम्म आइपुग्दा यी दस्तावेज पारित भएका छन् । तर महाधिवेशनको सबैभन्दा ठूलो परीक्षा भने बिहीबार मतपत्रको माध्यमबाट हुँदैछ ।




महाधिवेशनको चुनावी मैदानमा उम्मेदवारी फिर्ता र समर्थनले नयाँ समीकरण बनाएको छ । सभापतिका उम्मेदवार किशोरसिंह राठौरले गगन थापालाई समर्थन गर्दै उम्मेदवारी फिर्ता लिएपछि सभापतिको प्रतिस्पर्धा मुख्यतः थापा र श्यामकृष्ण खड्गीबीच केन्द्रित भएको छ ।

खुला उपसभापतिको प्रतिस्पर्धामा पनि उम्मेदवारी फिर्ताको प्रभाव परेको छ । देवराज चालिसेले थापाको आग्रहमा उम्मेदवारी फिर्ता लिए । यसअघि डा. मिनेन्द्र रिजालले पनि उपसभापतिको उम्मेदवारी फिर्ता गर्ने निर्णय गरेका थिए ।

यसले चुनावी प्रतिस्पर्धाल र मतको राजनीतिकलाई समेत ध्रुवीकरण गरेको चर्चा हुन थालेको छ । अब प्रतिनिधिको व्यक्तिगत सम्बन्ध, प्रदेशगत प्रभाव, विगतको राजनीतिक सहकार्य र नेतृत्वप्रतिको विश्वासले परिणाममा कति असर गर्छ भन्ने प्रतीक्षाको विषय बनेको छ ।

**मधेश : पदाधिकारीको चुनावमा सबैभन्दा ठूलो परीक्षा**

कांग्रेसको केन्द्रीय नेतृत्व चयनमा मधेशको मत यसपटक पनि महत्वपूर्ण बन्ने देखिन्छ । मधेशबाट पदाधिकारी तहमा उम्मेदवारी दिएका नेताहरूबीचको प्रतिस्पर्धाले प्रदेशभित्रको आन्तरिक शक्ति सन्तुलनको संकेतसमेत दिनेछ ।

उपसभापतिमा डा. चन्द्रमोहन यादव, फरमुल्लाह मन्सुर र रञ्जित कर्ण मैदानमा छन् । तर मधेशी सहमहामन्त्रीको एक पदमा देखिएको प्रतिस्पर्धा अझ रोचक छ । एक पदका लागि आठ जना उम्मेदवार मैदानमा छन् ।

महेन्द्र यादव, अजयकुमार चौरासिया, अभिषेकप्रताप शाह, किरण यादव, नागिना यादव, मनिषकुमार मिश्र, मुक्ताकुमारी यादव र रामपल्टन साहबीच प्रतिस्पर्धा हुँदैछ । आठ आकांक्षीमध्ये एक जनाले मात्र बाजी मार्ने भएकाले यो पदको निर्वाचनलाई मधेशमा कांग्रेसको शक्ति परीक्षणका रूपमा हेरिएको छ ।

जिल्लागत संगठन, प्रतिनिधिसँगको सम्बन्ध र प्रदेशभित्रको राजनीतिक समीकरण पनि निर्णायक हुन सक्ने अनुमान गरिँदैछ । मधेशको परिणामले केन्द्रीय नेतृत्वमा कसको प्रभाव कति छ भन्ने संकेतसमेत दिनेछ ।

**मतदानस्थल तीन, प्रतिनिधि ७ हजार २५५**

बिहीबार बिहान १० बजेदेखि मतदान शुरु हुनेछ । वर्षा र केही प्राविधिक कारणले यसअघि तोकिएको बिहान ७ बजेको समय तीन घण्टा पछि सारिएको छ ।

काठमाण्डुको राष्ट्रिय सभागृह, खुलामञ्च र प्रज्ञा भवनमा सात मतदान केन्द्र तोकिएको छ । बागमतीका प्रतिनिधिले राष्ट्रिय सभागृहमा, कोशी, मधेश, कर्णाली र सुदूरपश्चिमका प्रतिनिधिले खुलामञ्चमा तथा गण्डकी र लुम्बिनीका प्रतिनिधिले प्रज्ञा भवनमा मतदान गर्नेछन् ।

मतदानअघि प्रतिनिधिको परिचय र मतदाता नामावली रुजु गरिनेछ । त्यसपछि मात्र मतदान गर्न पाउने व्यवस्था गरिएको छ ।

बन्दसत्रको समापन कार्यक्रममा बोल्दै सभापति थापाले 'आजदेखि सबै गुट सकियो, अब कुनै समूह छैन' भन्ने घोषणा गरिसक्नुभएको छ । अब त्यस घोषणालाई प्रतिनिधिको मतले कति अनुमोदन गर्छ, त्यसको जवाफ बिहीबारको मतदानले दिनेछ ।

### मधेश कृषि विश्वविद्यालयको दुरावस्था

## ठेक्का म्याद सकिन तीन महिना बाँकी रहँदा भवनको काम अधुरै

**टुडे समाचारदाता**

राजविराज । मधेश प्रदेश सरकारको गौरव आयोजनाका रूपमा स्थापना गरिएको मधेश कृषि विश्वविद्यालयको भौतिक पूर्वाधार निर्माणले अपेक्षित गति लिन सकेको छैन । सप्तरीको राजविराज नगरपालिका-१३ विषहरियास्थित 'कृषि नगर' मा निर्माणाधीन विश्वविद्यालयका विभिन्न भवनको ठेक्का सम्झौताको म्याद सकिन तीन महिना मात्रै बाँकी रहँदा हालसम्म करिब ४५ प्रतिशत मात्र भौतिक तथा आर्थिक प्रगति भएको छ ।

मधेश सरकारका प्रथम मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको तत्कालीन प्रदेश सरकारले स्थापना गरेको मधेश कृषि विश्वविद्यालयका लागि राजविराज नगरपालिकाले वडा नम्बर १३ स्थित विषहरियामा २६ बिघा ८ कठ्ठा १८ धुर जग्गा उपलब्ध गराएको थियो । सोही जग्गामा विश्वविद्यालयका आवश्यक भौतिक संरचना निर्माण गर्न 'कृषि नगर' नामकरण गरी काम अघि बढाइएको छ ।

विश्वविद्यालयको प्रशासनिक तथा शैक्षिक गतिविधि सञ्चालनका लागि आवश्यक विभिन्न संरचना निर्माण गर्ने गरी ओम साईराम कन्स्ट्रक्सनले १ अर्ब ७० लाख रुपैयाँमा ठेक्का पाएको छ । ठेक्काअन्तर्गत कुलपति, सहकुलपति, उपकुलपति र रजिस्ट्रारका कार्यकक्षसहितको मुख्य प्रशासनिक भवन, सुविधासम्पन्न कक्षाकोठा भवन, प्रयोगशाला, छात्रावासलगायतका संरचना निर्माण भइरहेको छ ।

तर, ठेक्का सम्झौताको अवधि सकिनै लाग्दा पनि निर्माणको प्रगति अपेक्षाकृत न्यून रहेको छ । ७ माघ २०८० मा सम्झौता भएको उक्त ठेक्काको अन्तिम म्याद ७ माघ २०८३ सम्म रहेको छ । अब सम्झौताको म्याद सकिन करिब तीन महिना मात्रै बाँकी रहँदा निर्माण कार्यको गति भने अझै सुस्त देखिएको छ ।




निर्माण कार्य ढिलो हुनुमा मधेश प्रदेशमा विगतमा देखिएको राजनीतिक अस्थिरता, पटक-पटक सरकार तथा मन्त्री परिवर्तन, विश्वविद्यालयको विकास र सञ्चालनमा पर्याप्त प्राथमिकता नदिनु तथा बजेट व्यवस्थापनमा देखिएको उदासीनतालाई मुख्य कारणका रूपमा लिइएको छ । सरकार परिवर्तनसँगै विश्वविद्यालयका विषयमा प्राथमिकता र दृष्टिकोणसमेत फेरिँदा पूर्वाधार निर्माणले अपेक्षित गति लिन नसकेको विश्वविद्यालयका पदाधिकारीहरू बताउँछन् ।

निर्माण कार्यको प्रगति कमजोर देखिएपछि पछिल्लो समय मधेश प्रदेश सरकारका मन्त्री तथा प्रदेशका राजनीतिक नेतृत्वले विश्वविद्यालयको निर्माणस्थलको स्थलगत अनुगमनलाई तीव्रता दिएका छन् । मन्त्री तथा प्रदेश सांसदहरूले पटक-पटक कृषि नगर पुगेर निर्माणाधीन भवनको अवस्था निरीक्षण गर्दै निर्माण कार्यलाई गति दिन निर्देशन दिँदै आएका छन् ।

पछिल्लोपटक अर्थमन्त्री युवराज भट्टराई, शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंह, पूर्वमुख्यमन्त्री सतिशकुमार सिंहसहितको टोलीले विषहरियास्थित कृषि नगर पुगेर निर्माणाधीन संरचनाको निरीक्षण गरेको थियो ।

सो क्रममा निर्माण कार्यको प्रगति, बाँकी काम र आवश्यक बजेटबारे छलफल भए पनि ठेक्काको बाँकी अवधिमै सबै संरचना कसरी सम्पन्न गर्ने भन्ने विषयमा भने ठोस निष्कर्ष निस्किन सकेको छैन ।

विश्वविद्यालयका रजिस्ट्रार डा. भगवान् ठाकुरले अहिले विश्वविद्यालयका सम्पूर्ण गतिविधि भाडाका घरबाट सञ्चालन भइरहेको जनाए । आफ्नै पूर्वाधार नहुँदा विश्वविद्यालयको शैक्षिक, प्रशासनिक तथा अनुसन्धानसम्बन्धी गतिविधि सञ्चालनमा समेत समस्या भइरहेको उनको भनाइ छ ।

'कृषि विश्वविद्यालयका सम्पूर्ण गतिविधि अहिले भाडाको घरबाट सञ्चालन भइरहेका छन्,' ठाकुरले भने, 'कृषि नगरमा निर्माणाधीन भवनको अन्तिम म्याद नजिकिँदै गर्दा निर्माण कार्य समयमै सम्पन्न हुने अवस्था देखिँदैन । मधेश प्रदेश सरकारबाट ठेक्का सम्झौताअनुसारको बजेट प्राप्त भए निर्माण कार्य सम्पन्न गराउन विश्वविद्यालय परिवार प्रतिबद्ध छ ।'

विश्वविद्यालयका सहकुलपतिसमेत रहेका मधेश प्रदेशका शिक्षा तथा संस्कृति मन्त्री मनोजकुमार सिंहले भने निर्माणाधीन पाँचवटै भवन एक वर्षभित्र सम्पन्न गराउने दाबी गरे ।

उनले ठेक्काको म्याद थप गरेर भए पनि विश्वविद्यालयलाई भाडाको घरबाट आफ्नै भौतिक पूर्वाधारमा सार्ने योजना रहेको बताए । निर्माणस्थलको निरीक्षणपछि अर्थमन्त्री युवराज भट्टराईले विश्वविद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले अहिलेसम्म भएको ४५ प्रतिशत प्रगतिलाई कमजोर पक्षका रूपमा स्वीकार गर्दै बाँकी निर्माण कार्यलाई गति दिन प्रदेश सरकार गम्भीर रहेको बताए ।

मधेश कृषि विश्वविद्यालय स्थापना भएदेखि नै आफ्नै स्थायी भौतिक संरचनाको अभावमा विभिन्न गतिविधि भाडाका घर तथा उपलब्ध संरचनाबाट सञ्चालन हुँदै आएका छन् । आफ्नै प्रशासनिक भवन, कक्षाकोठा, प्रयोगशाला तथा छात्रावास निर्माण पूरा नहुँदा विश्वविद्यालयले अपेक्षित रूपमा विस्तार हुन कठिनाइ भोगिरहेको छ ।

अर्थमन्त्री भट्टराई र शिक्षामन्त्री सिंहले मंगलबार विश्वविद्यालयमा पुगेर निर्माणाधीन भौतिक संरचनाको निरीक्षण गर्नुका साथै शैक्षिक गतिविधि, परीक्षा, अनुसन्धान तथा प्रशासनिक कामकारबाहीको समेत जानकारी लिएका थिए ।

उनीहरूले विद्यार्थी तथा शिक्षक-प्राध्यापकसँग छलफल गर्दै अध्यापन तथा शैक्षिक गतिविधिमा कुनै कमजोरी हुन नदिन निर्देशन दिएका थिए । मधेश प्रदेशको गौरव योजनाका रूपमा स्थापना भएको विश्वविद्यालयलाई सोहीअनुसार स्थापित र प्रभावकारी बनाउन सबै पक्षले जिम्मेवारीपूर्वक काम गर्नुपर्नेमा उनीहरूले जोड दिएका थिए ।

ठेक्काको म्याद थप्ने तयारीमा प्रदेश सरकार देखिए पनि थपिएको अवधिमा निर्माण कार्यलाई तीव्र गतिमा अघि बढाउन स्पष्ट कार्ययोजना, पर्याप्त बजेट र प्रभावकारी अनुगमन आवश्यक देखिन्छ ।



# अध्ययन तथा अनुसन्धानमा लाग्न राजर्षि जनक विश्वविद्यालयलाई निर्देशन

**टुडे समाचारदाता**

जनकपुरधाम । शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले मधेस प्रदेशको शिक्षा क्षेत्रका समस्या पहिचान गरी समाधानका उपायसहित मन्त्रालयमा पेस गर्न राजर्षि जनक विश्वविद्यालयलाई निर्देशन दिएका छन् ।

जनकपुरधाममा आयोजित राजर्षिजनक विश्वविद्यालयको बुधवार आयोजित एक कार्यक्रममा कार्यक्रममा बोल्दै मन्त्री पोखरेलले यस्तो निर्देशन दिएका हुन् ।

हाल शिक्षा ऐन निर्माणको प्रक्रिया अघि बढिरहेको उल्लेख गर्दै उनले मधेसको शिक्षा क्षेत्रमा रहेका समस्या खोज तथा अध्ययनमार्फत पहिचान गर्न विश्वविद्यालयलाई आग्रह गरे । विश्वविद्यालयहरू पढ्ने र पढाउने काममा मात्र सीमित नभई सम्बन्धित क्षेत्रका समस्या पहिचानका लागि अध्ययन तथा अनुसन्धानमा लाग्नुपर्नेमा उनले जोड दिए ।

मधेस प्रदेशमा शिक्षाको गुणस्तर सुधारका लागि सरकार गम्भीरताका साथ लागिपरेको उनको भनाइ छ । नयाँ विश्वविद्यालय स्थापनाका लागि भवन निर्माणको प्रक्रिया समेत अघि बढिसकेको जानकारी




दिँदै उनले उपलब्ध स्रोत र क्षमताअनुसार सबै पक्षले काममा केन्द्रित हुनुपर्ने बताए ।

कार्यक्रममा राजर्षि जनक विश्वविद्यालयले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि कुल ५१ करोड १७ लाख २ हजार रुपैयाँको अनुमानित बजेट सार्वजनिक गरेको छ । विश्वविद्यालयको सिनेट बैठक (सभा) मा प्रस्तुत वार्षिक कार्यक्रम तथा बजेट प्रस्ताव अनुसार पूँजीगततर्फ २१ करोड ८ लाख ९५ हजार र सञ्चालनतर्फ ३० करोड ८ लाख ७ हजार रुपैयाँ विनियोजन गरिएको हो ।

विश्वविद्यालय ऐन, २०७४ को व्यवस्था बमोजिम सो बजेट तथा कार्यक्रम स्वीकृतिका लागि सभामा पेस गरिएको हो । विश्वविद्यालयले प्राविधिक, व्यावसायिक तथा सामयिक शैक्षिक कार्यक्रमहरूलाई तीव्रता दिँदै गत आव २०८२/०८३ को प्रगति विवरण पनि सार्वजनिक गरेको छ ।

हाल विश्वविद्यालय मातहत आंगिक र सम्बन्धन प्राप्त क्याम्पसहरूमा गरी कुल ५,९२७ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन्। विश्वविद्यालयले स्नातक तथा स्नातकोत्तर तहका २० भन्दा बढी शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएकोमा पछिल्लो समय बिआइटी (द्यक्ष्त), एमसिए (ःऋब), बिए एलएलबी, एलएलएम लगायतका ९ वटा नयाँ विषयका कक्षाहरू समेत सञ्चालनमा ल्याइसकेको छ ।

प्रस्तावित नयाँ कार्यक्रमअन्तर्गत आगामी शैक्षिक सत्रमा कम्तीमा ५ हजार नयाँ विद्यार्थी भर्ना गर्ने र विश्वविद्यालय अनुदान आयोगको निर्देशानुसार एकीकृत शैक्षिक क्यालेन्डर पूर्ण रूपमा लागू गर्ने लक्ष्य राखिएको छ ।

प्राविधिक शिक्षालाई व्यवस्थित गर्न 'स्कुल अफ हेल्थ साइन्स' सञ्चालनमा ल्याइएको छ भने विद्यार्थीहरूलाई प्रयोगात्मक अभ्यासका लागि विभिन्न अस्पताल तथा स्वास्थ्य प्रतिष्ठानहरूसँग सम्झौता गरी कार्य अघि बढाइएको छ । यसका साथै, जेहेन्दार विद्यार्थीहरूका लागि 'सिक्दै कमाउँदै' (भ्बचल धजष्भ थयग भिबचल) अवधारणा र बजारको मागमा आधारित पाठ्यक्रम लागू गरिएको जनाइएको छ ।

यसैबीच, विश्वविद्यालयको संगठन संरचना तथा व्यवस्थापन नियमावली, २०७५ को नियम १०० मा संशोधन गरी डीन पदको छनौट प्रक्रियालाई थप व्यावहारिक र फराकिलो बनाउने प्रस्ताव पेस गरिएको छ । बैठकमा कार्यकारी परिषद्का नवनियुक्त सदस्यहरू प्रा.डा. विद्या सागर वर्मा, सह प्रा.डा. सरोज कुमार ठाकुर र सहायक प्राध्यापक राजीव कुमार पाण्डेयको मनोनयनलाई समेत सभाबाट अनुमोदनका लागि पेस गरिएको बजेट पारित गरिएको छ ।

# सर्पदंशबाट बिरामीको मृत्युमा प्रादेशिक अस्पताल स्पष्टीकरण

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्पदंशका कारण उपचाररत एक बिरामीको मृत्यु भएको घटनाप्रति मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको प्रादेशिक अस्पताल जनकपुरधामले दुःख व्यक्त गर्दै उपचारमा कुनै लापरबाही नभएको स्पष्ट पारेका छन् ।

अस्पतालले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै धनुषाको जनकपुरधाम उपमहानगरपालिका-१४ निवासी महेश कुमार यादवलाई सर्पले टोकेपछि असोज १५ गते राति अस्पतालको आकस्मिक कक्षमा ल्याइएपछि उनलाई बचाउन तत्काल उपचारमा लगी सर्पदंशका लक्षण देखा परेपछि तत्काल १० भायल एन्टी स्नेक भेनम (एएसभी) दिइएको थियो ।

स्वास्थ्य अवस्थामा अपेक्षित सुधार नआएपछि थप ५ भायल एएसभी प्रदान गरिएको थियो । बिरामीलाई आईसीयू आवश्यक रहेको जानकारी गराइए पनि अस्पतालमा सो समयमा आईसीयू खाली नरहेकाले अभिभावकको अनुरोधमा राति करिब ४:३० बजे आईसीयू सुविधा उपलब्ध रहेको अर्को अस्पतालमा रिफर गरिएको अस्पतालले जनाएको छ ।

अस्पताल प्रशासनले एएसभी खरिदमा अनियमितता भएको भन्ने आरोपको पनि




खण्डन गरेको छ । विज्ञप्तिमा एएसभी नेपाल सरकारले खरिद गरी अस्पतालहरूलाई वितरण गर्ने व्यवस्था रहेको उल्लेख गर्दै प्रतिष्ठानले सो औषधि प्रत्यक्ष खरिद नगरेको जनाएको छ ।

यसैबीच, अस्पतालले पछिल्ला दिनमा सामाजिक सञ्जालमा प्रतिष्ठानका पदाधिकारीविरुद्ध आधारहीन र भ्रामक सूचना फैलाइएको दाबी गरेको छ। अस्पतालले यस्ता सामग्री प्रकाशन तथा प्रसारण गर्ने व्यक्तिहरूको पहिचान गरी प्रचलित कानूनअनुसार कारबाहीका लागि सम्बन्धित निकायसँग पहल गर्ने चेतावनी दिएको छ ।

प्रादेशिक अस्पताल जनकपुरका प्रवक्ता डा. रामज्ञान यादवद्वारा जारी विज्ञप्तिमा अस्पतालले सार्वजनिक खरिद तथा सेवा सञ्चालनसम्बन्धी सम्पूर्ण कार्य कानूनी प्रक्रिया अनुरूप गर्दै आएको पनि उल्लेख गरिएको छ ।

# वडास्तर योजनाको भुक्तानी गर्ने अधिकार वडालाई नै दिइयो

**टुडे समाचारदाता**

बारा । चालु आर्थिक वर्षदेखि जीतपुरसिमरा उपमहानगरपालिकाले वडास्तरका सम्पूर्ण योजना कार्यान्वयन र भुक्तानी गर्ने अधिकार वडा कार्यालयलाई दिएको छ ।

उपमहानगर स्थापना भएको १० वर्षपछि पहिलोपटक नगरसभाबाटै निर्णय गरेर वडा सचिवमार्फत बजेट कार्यान्वयनको सम्पूर्ण अधिकार वडालाई दिइएको जनाइएको छ । प्रमुख प्रशासकीय अधिकृत डमरुप्रसाद निरौलाले पहिलो पटक उपमहानगरभित्रका २४ वटै वडाका सचिवलाई योजना सम्झौतादेखि अन्तिम भुक्तानीसम्मको अधिकार दिएको बताएका छन् ।

यस निर्णयसँगै उपमहानगरभित्रका २४ वटा वडाका लागि छुट्ट्याइएको कुल २८ करोड ५० लाख ३८ हजार १४७ रुपैयाँ बराबरका योजना कार्यान्वयनको जिम्मेवारी वडा सचिव र प्राविधिकहरूको काँधमा पुगेको हो ।

प्रमुख प्रशासकीय अधिकृत निरौलालेअबवडास्तरकायोजनाको सम्झौता, कार्यादेश र भुक्तानी वडा कार्यालयबाटै हुने जनाए । यसअघि वडा तथा नगरस्तरीय सबै योजनाको सम्झौता, कार्यादेश र भुक्तानीका प्रक्रिया उपमहानगरपालिका कार्यपालिकाको कार्यालयबाट हुँदै आएकाले सबै योजनाका काम एकै ठाउँबाट गर्दा कार्यालयमा भिड हुनुका साथै समयमै योजना



कार्यान्वयनमा चुनौती हुने गरेको थियो ।

अब वडास्तरका योजनाको सम्पूर्ण प्रक्रियाको अधिकार वडामै हुने भएपछि योजनाहरू पनि तोकिएको समयमै सम्पन्न हुने र सेवाग्राहीलाई सहज हुने अपेक्षा गरिएको छ ।

'वडा कार्यालयहरूलाई प्रशासनिक र वित्तीय रूपमा बलियो, जिम्मेवार र जनताप्रति थप जवाफदेही बनाउन यस वर्षदेखि लागु गरिएको हो,' प्रमुख प्रशासकीय अधिकृत निरौलाले भने, 'वडास्तरका कामको चाप घट्ने भएपछि नगरस्तरीय योजनामा ध्यान केन्द्रित गर्न र प्रभावकारी सेवा प्रवाह गर्न पनि सहज हुन्छ ।'

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा नगरसभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने उल्लेख छ ।

सोही दफाको उपदफा २ (१) मा अख्तियारी प्राप्त गरेको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित महाशाखा वा शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानुन बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने उल्लेख छ ।

कानुनले वडालाई अधिकार सम्पन्न बनाए पनि यसको कार्यान्वयन भने मधेसका छिटफुट पालिकाले मात्रै गरेका छन् । मधेसका १३६ वटा स्थानीय तहमध्ये वडालाई आर्थिक अधिकार दिने जीतपुर सिमरा पहिलो पालिका भएको उपमहानगरको दाबी छ ।

यता वीरगञ्ज महानगरका सूचना अधिकारी कीर्तिराज सुवेदीले मधेस प्रदेशमा वडा कार्यालयलाई आर्थिक अधिकार दिनेमा वीरगञ्ज महानगर पहिलो र जीतपुरसिमरा दोस्रो भएको बताएका छन् ।

उनले वीरगञ्ज महानगरले १ करोडसम्मका योजनाको सम्झौता र कार्यान्वयन अधिकार वडालाई दिए पनि योजनाको अन्तिम भुक्तानी भने पालिकाको लेखा शाखाबाट हुने गरेको जनाए । तर जीतपुरसिमराले भने वडामै लेखा कर्मचारी खटाएर वडाका योजनाहरूको सम्पूर्ण भुक्तानी वडा कार्यालयबाटै गर्ने जनाएको छ ।

# १२ वर्षदेखि बेपताको अवधि ४५ दिनमा झारियो

**टुडे समाचारदाता**

काठमाण्डू । नेपाल सरकारले बेपत्ता भएका व्यक्तिलाई मृतक घोषणा गर्न देखिएको कानुनी अवधि हटाउने तयारी गरेको छ । मन्त्रिपरिषद्को बुधबार बसेको बैठकले विपद्सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेशमार्फत बेपत्ता व्यक्तिलाई मृतक घोषणा गर्ने विद्यमान व्यवस्थामा संशोधन गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।

ऐन संशोधन गर्ने अध्यादेश र वन सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश जारी गर्न पनि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ ।

बैठकले राष्ट्रिय मानव अधिकार आयोगबाट क्षतिपूर्तिका लागि सिफारिस भएका १५३ जना पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन स्वीकृति दिने निर्णयसमेत गरेको छ ।

यसैगरी, सहसचिव नवीनराज



सरकारका प्रवक्ता एवं शिक्षामन्त्री सस्मित पोखरेलका अनुसार यसअघि १२ वर्षसम्म बेपत्ता भएका व्यक्तिलाई मृतक घोषणा गर्न सकिने व्यवस्था रहेकामा विपद्का घटनालाई समेत ध्यानमा राख्दै उक्त अवधि घटाएर ४५ दिन कायम गर्ने व्यवस्था गर्न लागिएको हो।

भोटेकोशीमा आएको बाढीलाई मध्यनजर गर्दै सरकारले यस्तो व्यवस्था अघि बढाएको हो। अध्यादेश जारी भएपछि लामो समयदेखि बेपत्ता व्यक्तिको कानुनी हैसियत निर्धारण गर्न सहज हुने सरकारको अपेक्षा छ ।

त्यस्तै, मन्त्रिपरिषद्ले भूमि सम्बन्धी केही नेपाल सिंहलाई नेपाल इन्जिनियरिङ सेवा, समीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा तथा सहसचिव चक्रबहादुर बुढालाई नेपाल प्रशासन सेवा, समीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गर्ने निर्णय गरेको छ ।

पूर्वप्रधान न्यायाधीश चोलेन्द्रशमशेर राणाका विषयमा सरकारी निकायले नियमित काम गरिरहेको प्रवक्ता पोखरेलले जानकारी दिए । यसबारे थप विवरण आवश्यक भए सम्पत्ति शुद्धीकरण वा सम्बन्धित मन्त्रालयबाट जानकारी प्राप्त हुने उनको भनाइ छ ।

# काँग्रेस जनकपुरधामको नगर सभापतिमा राकेश

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस देउवा पक्षबाट जनकपुरधाम उपमहानगरपालिकाको नगर सभापतिमा राकेश विक्रम साह सर्वसम्मत चयन भएका छन् ।

१५औंनगर अधिवेशनबाटसाहलाई नगर सभापतिमा सर्वसम्मत चयन गरिएको हो । त्यस्तै, सुभाष पाठक उपसभापतिमा चयन भएका छन्।

नेपाली कांग्रेसको जनकपुरधाम उपमहानगरपालिका नगर कार्यसमितिका अन्य पदाधिकारी तथा सदस्यहरूको विवरण भने आउन बाँकी रहेको छ।

अधिवेशनले नयाँ नेतृत्व चयनसँगै आगामी कार्यदिशा र



संगठन सुदृढीकरणमा समेत जोड दिने बताइएको छ। नवनिर्वाचित नगर सभापति साहले पार्टी संगठनलाई थप सुदृढ बनाउँदै कार्यकर्ताबीचको एकता र समन्वयलाई प्राथमिकतामा राख्ने बताए।

# घुससहित पक्राउ परेका सर्भेक्षक विरुद्ध मुद्दा दायर

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको नापी कार्यालय बर्दिबासमा कार्यरत सर्भेक्षक शिव कुमार साहविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

जग्गाको नक्सा संशोधन गरिदिने प्रयोजनका लागि सेवाग्राहीसँग एक लाख रुपैयाँ घुस लिएको अभियोगमा उनीविरुद्ध बुधबार अख्तियारले विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको हो । सर्भेक्षक साहले जग्गाको अंशबण्डा मुताबिकको नक्सा ट्रायल चेक गरी सोही आधारमा नक्सा संशोधन गरिदिने काममा आलटाल गर्दै सेवाग्राहीलाई अनावश्यक दुःख हैरानी दिएर घुस माग गरेको अख्तियारले जनाएको छ ।

सेवाग्राहीबाट प्राप्त सूचना र उजुरीका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासबाट खटिएको टोलीले उनलाई एक लाख रुपैयाँ घुस लिइसकेको अवस्थामा रंगेहात नियन्त्रणमा लिएको थियो। आयोगले सर्भेक्षक साहविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरमा बिगो एक लाख रुपैयाँ कायम गरेको जनाइएको छ ।

साथै सोही ऐनबमोजिम बिगो अनुसारको जरिवाना र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद सजायको मागदाबी लिई विशेष अदालतमा आरोपपत्र दायर गरिएको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिएका छन् ।

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | बौद्धिक क्षेत्र तथा सन्तान पक्षबाट खुशीको खबर सुन्न पाइनेछ । |
| वृष : | घरायसी प्रयोजनका वस्तु वा जग्गा जमिन जोड्ने अवसर जुर्न सक्छ । |
| मिथुन : | छिमेकी वा दाजुभाइबाट समयमै सहयोग प्राप्त हुनेछ । |
| कर्कट : | आर्थिकस्थितिसुदृढबन्नेछररोकिएका धनसम्पत्ति हात लाग्नेछ । |
| सिंह : | नयाँ कार्यको थालनी गर्न यो समय उत्तम छ । |
| कन्या : | अनावश्यक वादविवादबाट टाढा रहँदै आफ्नो काममा मात्र ध्यान दिनुहोस् । |
| तुला : | इष्टमित्रबाट प्राप्त हुने सहयोगले उत्साह थप्नेछ । |
| वृश्चिक : | कार्यक्षेत्रमा नयाँ जिम्मेवारी वा पदोन्नति हुने सम्भावना बलियो छ । |
| धनु : | उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुका लागि दिन अति उत्तम छ । |
| मकर : | सवारीसाधन चलाउँदा सावधानी अपनाउन आवश्यक छ । |
| कुम्भः | दाम्पत्य जीवनमा मिठास छाउनेछ । |
| मीनः | विरोधीहरु परास्त हुनेछन् । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

### जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## सरकारले स्थानीय तहमा ज्येष्ठ नागरिक सेवा केन्द्र खोल्दै

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले स्थानीय तहमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गर्नेगरी कार्यविधि तयार पारेको छ ।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले 'स्थानीय तहमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन/स्थापना सम्बन्धी कार्यविधि, २०८३' तयार पारेको छ ।

सो कार्यविधिअनुसार स्थानीय तहमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना हुने भनिएको छ । जसअनुसार घरमा एक्लोपन महसुस गरिरहेका वा हेरचाह आवश्यक भएका ज्येष्ठ नागरिकलाई दिनको समयमा भेटघाट, सामाजिक घुलमिल, मनोरञ्जन, स्वास्थ्य सेवा तथा परामर्शको अवसर उपलब्ध गराउने कार्यविधिमा उल्लेख गरिएको छ ।

दिवा सेवा केन्द्रलाई कम्तीमा हप्ताको पाँच दिन सञ्चालनमा राख्नुपर्ने व्यवस्था गरिएको छ । केन्द्रहरू ज्येष्ठ नागरिकमैत्री हुनुपर्ने र शौचालय, भान्सा, र्‍याम्प, आवतजावत गर्ने स्थानमा समाउने रेलिङ तथा आवश्यक अन्य संरचना व्यवस्थित गर्नुपर्ने कार्यविधिमा उल्लेख गरिएको छ ।

ज्येष्ठ नागरिकको स्वास्थ्य सुरक्षालाई समेत कार्यक्रममा प्राथमिकता दिइएको छ । उनीहरूको स्वास्थ्य उपचारका लागि कम्तीमा महिनामा एकपटक सरकारी, निजी वा सामुदायिक अस्पतालका चिकित्सकमार्फत स्वास्थ्य परीक्षण गराउने, आवश्यक औषधि तथा स्वास्थ्य सामग्री उपलब्ध गराउन सहयोग गर्ने र आवश्यकताअनुसार स्वास्थ्यलगायत अन्य परामर्श सेवा प्रदान गर्ने व्यवस्था गरिएको छ ।

त्यस्तै, सेवा लिने ज्येष्ठ नागरिकको इच्छाअनुसार कम्तीमा तीन महिनामा एकपटक धार्मिक तथा सांस्कृतिक स्थल, पार्क, वनभोज वा अन्य मनोरञ्जनात्मक गतिविधिमा सहभागी गराउन सकिने व्यवस्था पनि कार्यविधिमा समेटिएको छ ।

कार्यविधिले ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र जीवनअनुभवलाई नयाँ पुस्तासँग हस्तान्तरण गर्ने विषयलाई विशेष प्राथमिकता दिएको छ । यसका लागि प्रवचन, अन्तरक्रिया तथा अनुभव आदानप्रदानका कार्यक्रम सञ्चालन गरी अभिलेख राख्नुपर्ने व्यवस्था गरिएको छ ।

सो कार्यक्रम संघीय सरकारबाट स्थानीय तहमा उपलब्ध गराइने सशर्त अनुदानमार्फत सञ्चालन गरिने कार्यविधिमा उल्लेख छ । अनुदान रकम सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभए बाँकी रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।

# धनुषाधाममा बढ्दै पर्यटकीय आकर्षण




जनकपुरधाम । मिथिलाको धार्मिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको परिचायकका रूपमा रहेको धनुषाधाम पछिल्ला वर्षमा धार्मिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा विकास हुँदै गएको छ । भगवान् श्रीरामसँग जोडिएको धार्मिक विश्वास, रामायणकालीन इतिहास, मिथिला संस्कृति तथा प्राकृतिक सौन्दर्यका कारण धनुषाधाममा स्वदेशी तथा विदेशी पर्यटकको आकर्षण बढ्दै गएको हो ।

त्रेतायुगमा भगवान् श्रीरामले शिवधनुष भाँचेपछि त्यसको एक अंश पतन भएको विश्वास गरिएको धनुषाधाम हिन्दू धर्मावलम्बीका लागि महत्वपूर्ण तीर्थस्थल मानिन्छ । यही धार्मिक विश्वासका कारण नेपालका विभिन्न जिल्ला तथा छिमेकी मुलुक भारतबाटसमेत दैनिक ठूलो सङ्ख्यामा श्रद्धालु तथा पर्यटक यहाँ आउने गरेका छन् ।

जनकपुरधामबाट १८ किलोमिटर पूर्वमा अवस्थित धनुषाधाम धार्मिक आस्थाको केन्द्र मात्र नभई सांस्कृतिक, पुरातात्विक तथा प्राकृतिक सम्पदाको समेत महत्वपूर्ण गन्तव्य हो । यहाँ रहेको धनुष मन्दिर, पवित्र सरोवर, प्राचीन वृक्ष, वनस्पति उद्यान, हरियाली वन क्षेत्र तथा शान्त वातावरणले धार्मिक यात्रालाई प्राकृतिक अनुभूतिसँग जोडिदिएको छ ।

धनुषाधाम नगरपालिका-२ का स्थानीय छेबी दासका अनुसार पछिल्लो समय धनुषाधाममा पूजा-आराधनाका लागि आउने श्रद्धालुसँगै घुमफिर, अध्ययन तथा अनुसन्धानका उद्देश्यले आउनेको संख्या पनि बढेको छ । पहिले स्थानीय तथा आसपासका जिल्लाबाट मात्र बढी श्रद्धालु आउने गरेकोमा अहिले अन्य जिल्लाका साथै भारतबाट समेत पर्यटक तथा धार्मिक यात्रु आउने क्रम बढेको उहाँ बताउनुहुन्छ ।

धनुषाधामको महत्व रामायणकालीन प्रसङ्गसँग जोडिएको छ । जनकपुरमा आयोजित स्वयंवरमा भगवान् श्रीरामले शिवधनुष उठाएर प्रत्यञ्चा चढाउने क्रममा धनुष भाँचिएको र त्यसको एक अंश धनुषाधाम क्षेत्रमा आएर खसेको धार्मिक विश्वास रहिआएको छ । यही विश्वासले धनुषाधामलाई हिन्दू धर्मावलम्बीको विशेष आस्थाको केन्द्र बनाएको धनुषाधाम मन्दिरका पुजारी भरत दास बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "कहिलेकाहीँ मात्र भारतीय पर्यटक आउँथे तर राम जन्मभूमि अयोध्यामा राममन्दिर बनेपछि यहाँ पनि भारतीय पर्यटक आउने क्रम बढेको हो ।"

पुजारी दासका अनुसार अहिले दैनिक पाँच सयदेखि आठ सयसम्म भारतीय पर्यटक तथा श्रद्धालु धनुषाधाम आउने गरेका छन् । विशेष पर्व तथा धार्मिक अवसरमा भने यहाँ आउने श्रद्धालुको सङ्ख्या अझ बढ्ने गरेको उहाँले बताउनुभयो ।

धनुषाधाम क्षेत्रमा पछिल्लो समय भारतीय पर्यटकको आगमन बढ्नुले स्थानीय व्यवसायमा समेत सकारात्मक प्रभाव पारेको छ । होटल, लज, पसल, फूलमाला, प्रसाद तथा अन्य धार्मिक सामग्रीको बिक्री बढेको स्थानीय व्यवसायी बताउँछन् । स्थानीय व्यवसायी लोचन साहका अनुसार विशेष पर्वका समयमा धनुषाधाममा उल्लेख्य चहलपहल हुने गरेको छ । "पर्यटक तथा श्रद्धालु बढेपछि होटल, लज, पसल र साना व्यवसायमा कारोबार बढेको छ । स्थानीय उत्पादन, फूलमाला, प्रसाद तथा हस्तकलाका सामग्रीको बिक्रीमा पनि वृद्धि भएको छ", उहाँ भन्नुहुन्छ ।

धार्मिक पर्यटकको आगमनले स्थानीय युवालाई स्वरोजगारका अवसरसमेत सिर्जना गर्न थालेको उहाँको भनाइ छ । पर्यटकका लागि आवश्यक सेवा तथा सामग्री उपलब्ध गराउने व्यवसाय विस्तार हुँदा स्थानीयस्तरमा आम्दानीको स्रोत बढ्दै गएको छ ।

धनुषाधामलाई बृहत् धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने लक्ष्य रहेको पुजारी दास बताउनुहुन्छ । उहाँका अनुसार धनुषाधामको धार्मिक महत्वलाई अन्तर्राष्ट्रियस्तरसम्म पुऱ्याउन सङ्घीय, प्रदेश तथा स्थानीय तीनै तहका सरकारबीच समन्वय आवश्यक छ ।

"धनुषाधामलाई बृहत् धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने सपना हो", पुजारी दास भन्नुहुन्छ, "त्यही सपनालाई मूर्त रूप दिन सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई आग्रह गर्दै आएका छौं ।"

उहाँका अनुसार सङ्घीय सरकारको सहयोगमा मन्दिर परिसरमा ढलानलगायत केही पूर्वाधार निर्माणका काम भएका छन् । प्रदेश सरकारबाट समेत थप सहयोगको आश्वासन प्राप्त भएको उहाँले बताउनुभयो ।

धनुषाधाममा वर्षभरि नै धार्मिक गतिविधि हुने गरे पनि माघे औँसी, रामनवमी, विवाहपञ्चमी, एकादशी तथा अन्य महत्वपूर्ण पर्वका अवसरमा विशेष भीड लाग्ने गरेको छ । यस्ता अवसरमा नेपालका विभिन्न स्थानका साथै भारतबाट समेत ठूलो सङ्ख्यामा श्रद्धालु आउने गरेका छन् । स्थानीय सरकारले योजनाबद्ध ढङ्गले पूर्वाधार विकास गर्न सके धनुषाधाम मिथिलाञ्चलकै ठूलो धार्मिक तथा पर्यटकीय केन्द्र बन्न सक्ने स्थानीयवासीको विश्वास छ ।

धनुषाधामको विशेषता धार्मिक महत्वमा मात्र सीमित छैन । यहाँको प्राकृतिक सौन्दर्य पनि पर्यटकका लागि आकर्षणको विषय बनेको छ । मन्दिर परिसरको शान्त वातावरण, हरियाली वन क्षेत्र, खुला आकाशमुनिको प्राकृतिक दृश्य तथा जैविक विविधताले पर्यटकलाई फरक अनुभूति दिने गरेको छ । पछिल्ला वर्षमा विकसित वनस्पति उद्यानले धनुषाधामलाई धार्मिक पर्यटनसँगै पर्यावरणीय पर्यटनको सम्भावना बोकेको गन्तव्यका रूपमा समेत चिनाउन थालेको धनुषाधाम वनस्पति उद्यानका प्रमुख मो. ताहिर हुसेन बताउनुहुन्छ ।

धार्मिकस्थलको भ्रमणसँगै प्रकृति अवलोकन, वनस्पति अध्ययन तथा जैविक विविधताको अनुभव लिन चाहनेका लागि धनुषाधाम उपयुक्त गन्तव्य बन्न सक्ने उहाँ बताउनुहुन्छ । ३६० हेक्टर क्षेत्रफलमा फैलिएको धनुषाधाम वनक्षेत्रभित्र चिडियाखाना निर्माण गर्ने योजना अघि सारिएको छ ।

> धनुषाधाम वनक्षेत्रभित्र रहेको पानी कहिल्यै नसुक्ने बान गङ्गा तथा वनक्षेत्रमा रहेका दक्षिण एसियामै लोपोन्मुख अवस्थामा रहेको "ग्रे हर्नबिल" लगायतका चराचुरुङ्गीको संरक्षणसँगै चिडियाखाना निर्माण भएपछि पर्यटकको आकर्षण थप बढ्ने र धनुषाधाममा पर्यटकको बसाइ अवधिसमेत लम्ब्याउन सकिने वनस्पति उद्यानका प्रमुख हुसेनको विश्वास छ ।

धनुषाधाम वनक्षेत्रभित्र रहेको पानी कहिल्यै नसुक्ने बान गङ्गा तथा वनक्षेत्रमा रहेका दक्षिण एसियामै लोपोन्मुख अवस्थामा रहेको 'ग्रे हर्नबिल' लगायतका चराचुरुङ्गीको संरक्षणसँगै चिडियाखाना निर्माण भएपछि पर्यटकको आकर्षण थप बढ्ने र धनुषाधाममा पर्यटकको बसाइ अवधिसमेत लम्ब्याउन सकिने वनस्पति उद्यानका प्रमुख हुसेनको विश्वास छ ।

धनुषाधामलाई जनकपुरधामसँग जोडेर 'रामायण सर्किट'का रूपमा विकास गर्न सके धार्मिक पर्यटनमा ठूलो सम्भावना रहेको स्थानीय व्यवसायीको भनाइ छ । स्थानीय व्यवसायी लोचन साहका अनुसार भारतको अयोध्या, सीतामढी, जनकपुरधाम हुँदै धनुषाधामसम्म जोडिने धार्मिक मार्ग निर्माण तथा प्रवर्द्धन गर्न सके अन्तरदेशीय धार्मिक पर्यटन विस्तारमा महत्वपूर्ण योगदान पुग्न सक्छ । अयोध्यामा राममन्दिर निर्माणपछि भगवान् श्रीरामसँग सम्बन्धित धार्मिकस्थलप्रति भारतीय श्रद्धालुको चासो बढिरहेको अवस्थामा धनुषाधामले पनि त्यसबाट लाभ लिन सक्ने उहाँको विश्वास छ ।

नेपाल र भारतबीच धार्मिक तथा सांस्कृतिक सम्बन्ध पुरानो रहेकाले जनकपुरधाम र अयोध्याबीचको धार्मिक सम्बन्धलाई धनुषाधामसम्म विस्तार गर्न सके यस क्षेत्रको पर्यटन विकासमा नयाँ सम्भावना खुल्ने स्थानीयवासी बताउँछन् ।

धनुषाधाममा पर्यटकको आगमन बढेसँगै स्थानीय सरकारले भौतिक पूर्वाधारको विकासमा जोड दिएको छ । धनुषाधाम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मिन भट्टराईका अनुसार धार्मिक पर्यटनलाई व्यवस्थित र आकर्षक बनाउन मन्दिर क्षेत्रको सौन्दर्यीकरण, सडक सुधार, सरसफाइ, विश्रामस्थल निर्माण, खानेपानी तथा शौचालय व्यवस्थापनलगायतका पूर्वाधार विकासका कामलाई प्राथमिकता दिइएको छ ।

"धार्मिक सम्पदाको संरक्षणसँगै पर्यटकमैत्री वातावरण निर्माण गर्न विभिन्न योजना कार्यान्वयन भइरहेका छन्", उहाँ भन्नुहुन्छ, "धनुषाधामलाई व्यवस्थित धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण र संरक्षणका कामलाई प्राथमिकता दिएका छौं ।"

धनुषाधाममा पर्यटकको संख्या बढ्दै गए पनि फोहोर व्यवस्थापन, पर्याप्त पार्किङ, सूचना केन्द्र, दक्ष पर्यटक पथप्रदर्शक, डिजिटल सूचना प्रणाली तथा पर्याप्त आवास सुविधाको आवश्यकता अझै रहेको स्थानीय सरोकारवालाको भनाइ छ । पर्यटकको बढ्दो चापलाई व्यवस्थित गर्न तत्कालीन र दीर्घकालीन योजना आवश्यक रहेको स्थानीयको कथन छ । धार्मिकस्थलको मौलिकता जोगाउँदै आधुनिक पर्यटकीय सुविधा विस्तार गर्न सके धनुषाधामको आकर्षण अझ बढ्ने अपेक्षा गरिएको छ । पछिल्लो समय धार्मिक पर्यटकीय क्षेत्रका रूपमा विकसित हुँदै गएको धनुषाधामलाई संस्कृति र स्थानीय अर्थतन्त्रसँग जोड्नुपर्ने बुद्धिजीवीको सुझाव छ ।

संस्कृतिविद् तथा मधेश प्रदेशसभाका सभामुख रामअशिष यादव धार्मिक पर्यटनलाई केवल मन्दिर दर्शनमा सीमित नगरी स्थानीय संस्कृति, मिथिला कला, परम्परागत खानपान, लोकसङ्गीत तथा प्राकृतिक सम्पदासँग जोड्नुपर्ने बताउनुहुन्छ । उहाँका अनुसार धार्मिक पर्यटनले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउनुका साथै सांस्कृतिक सम्पदाको संरक्षणमा समेत महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ ।

"धार्मिक पर्यटनलाई मन्दिर दर्शनमा मात्र सीमित गर्नु हुँदैन", उहाँ भन्नुहुन्छ, "यसलाई स्थानीय संस्कृति, मिथिला कला, परम्परागत खानपान, लोकसङ्गीत र प्राकृतिक सम्पदासँग जोड्न सक्नुपर्छ ।"

धनुषाधामलाई जैविक उद्यानका रूपमा विकास गर्न सकिए यसबाट पर्यटकको बसाइ अवधि बढ्नुका साथै स्थानीय उत्पादनको बजारीकरण, रोजगारी सिर्जना र सांस्कृतिक सम्पदाको संरक्षणमा समेत सहयोग पुग्ने उहाँको भनाइ छ ।

धनुषाधाममा आउने धेरै श्रद्धालुले धार्मिक आस्थासँगै शान्त वातावरण, प्राकृतिक हरियाली र आध्यात्मिक अनुभूतिको खोजी गर्ने गरेका छन् । यसले धनुषाधामलाई केवल पूजा गर्ने स्थल नभई मानसिक शान्ति, पारिवारिक भ्रमण तथा धार्मिक अध्ययनका लागि समेत उपयुक्त गन्तव्यका रूपमा स्थापित गर्दै गएको छ । धनुषाधामको धार्मिक तथा प्राकृतिक सम्पदा संरक्षण गर्दै पर्यटन प्रवर्द्धन गर्नु अहिलेको प्रमुख आवश्यकता देखिएको छ । पर्यटकको सङ्ख्या बढ्दै जाँदा सम्पदामा पर्ने सम्भावित दबाबलाई ध्यानमा राखेर फोहोर व्यवस्थापन, वातावरण संरक्षण, व्यवस्थित पार्किङ तथा पर्यटकको आवागमन व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने स्थानीय सरोकारवालाको भनाइ छ ।

धार्मिक सम्पदाको संरक्षण, प्राकृतिक वातावरणको जगेर्ना तथा आधुनिक पर्यटकीय पूर्वाधार निर्माणबीच सन्तुलन कायम गर्न सके धनुषाधाम दीर्घकालीन रूपमा आकर्षक गन्तव्य बन्न सक्नेछ । धनुषाधामको विकास केवल एउटा धार्मिकस्थलको विकास नभई मिथिलाको इतिहास, संस्कृति र प्राकृतिक सम्पदाको संरक्षणसँग समेत जोडिएको विषय हो । त्यसैले यसको विकासमा सङ्घीय, प्रदेश र स्थानीय सरकार, निजी क्षेत्र तथा स्थानीय समुदायबीच सहकार्य आवश्यक रहेको सभामुख यादवको बुझाइ छ ।

धार्मिक आस्था, रामायणकालीन इतिहास, प्राकृतिक सम्पदा र स्थानीय आतिथ्य संस्कृतिको अनुपम सङ्गम बनेको धनुषाधाम आज श्रद्धालु तथा पर्यटकको रोजाइमा पर्दै गएको छ । आवश्यक पूर्वाधार निर्माण, प्रभावकारी प्रचारप्रसार, स्थानीय संस्कृति र उत्पादनको प्रवर्द्धन तथा सम्पदाको दिगो संरक्षणमा जोड दिन सके धनुषाधामले मधेश प्रदेशको धार्मिक पर्यटन विकासमा मात्र नभई नेपालको समग्र पर्यटन प्रवर्द्धनमा समेत महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने देखिन्छ । धनुषाधामलाई अयोध्या-सीतामढी-जनकपुरधामसँग जोड्दै अन्तरदेशीय धार्मिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्न सके यस क्षेत्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक गतिविधिमा समेत उल्लेख्य परिवर्तन ल्याउन सक्ने सम्भावना छ । रासस

# फलफूलखेती: बगैँचा बढे तर उत्पादन न्यून

महोत्तरी । मधेश आँप, लिची र केरासहितका फलफूल उत्पादनको उर्वर ठाउँ मानिन्छ । यहाँ ती फलफूलखेतीले खासै गति लिएको छैन । जिल्लामा आँप र लिचीका बगैँचा बर्सेनि केही बढेका देखिए पनि उत्पादनले भने उत्साह दिन नसकेको किसानको गुनासो छ ।

"बगैँचा त बढेका छन्, तर उत्पादन बढेन", बर्दिबास-५ चेरुका किसान होतराज घिमिरे भन्नुहुन्छ, "खासगरी विभिन्न रोगव्याध, सुक्खा र वर्ष बिराउने क्रमले आँप र लिचीको उत्पादन बढ्न नसकेको हो, आफ्ना करिब २०० आँपका रुखमा पछिल्ला तीन वर्षयता झन्झन् उत्पादन घटेको छ ।"



मधेसमा फलको राजा मानिने आँपखेती यसपालि जिल्लामा पाँच हजार हेक्टरको सेरोफेरोमा पुगेको जिल्लास्थित कृषि ज्ञान केन्द्र कार्यालयको तथ्याङ्क छ । यो गत वर्षभन्दा ५०० हेक्टरले बढी हो । आव २०८२/८३ मा जिल्लामा आँपखेती चार हजार ५६० हेक्टरमा रहेको कार्यालयको तथ्याङ्क छ । बितेको सिजनको सो वर्ष आँप २९ हजार ७०० मेट्रिक टन उत्पादन भएको थियो । जुन आव २०८०/८१ भन्दा निकै कम हो । आव २०८०/८१ मा चार हजार ५०० हेक्टरमा रहेको आँप बगैँचाबाट ४७ हजार २५० मेट्रिक टन उत्पादन भएको थियो । आव २०८१/८२ मा भने माथिका दुवै वर्षभन्दा निकै कम उत्पादन भएको तथ्याङ्क छ । सो वर्ष चार हजार ५०० हेक्टरमै रहेको बगैँचाबाट १३ हजार ४६० मेट्रिक टनमात्र आँप उत्पादन भएको तथ्याङ्कले देखाएको छ ।

वर्ष-वर्षमा आँप उत्पादनमा यति धेरै फरक पर्नुमा 'अफइयर' (वर्ष बिराउने), सुक्खाखडेरी र मधुवा (आँपको फूलमा लाग्ने डढुवा रोग)को प्रकोप मुख्य कारण भएको बागवानी विज्ञसमेत रहनुभएका कृषि ज्ञान केन्द्र कार्यालय जलेश्वरका सूचना अधिकारी अविरलकुमार महतोको भनाइ छ । आँपमा प्रत्येक दुईतीन वर्षमा 'अफइयर' हुनेहुँदा सो वर्ष उत्पादन घट्ने गरेको महतोले स्पष्ट पार्नुभयो । मधेसको माटो र हावापानी आँपका लागि अनुकूल भए पनि बजारको अनिश्चितताले यो खेती महोत्तरीमा खासै बढ्न नसकेको विज्ञहरु स्वीकार गर्छन् । मधेसमा आँप रोप्ने समय असारदेखि असोजसम्म र पछि फागुन उपयुक्त मानिन्छ । यसपालि चालु आवको अन्त्यसम्म पाँच हजार हेक्टरको सेरोफेरोमा आँपखेती पुग्ने कार्यालयको अनुमान छ ।

यसैगरी मधेसको अर्को प्रसिद्ध फल लिचीका बगैँचा पनि जिल्लामा सामान्य रूपमा बढ्दो छ । आव २०८०/८१ मा १०५ हेक्टरमा मात्र रहेको लिची सो वर्ष एक हजार ५० मेट्रिक टन उत्पादन भएको थियो । सोलगत्तै पछिको आव २०८१/८२ मा खेती १२० हेक्टर र आव २०८२/८३ मा १४० हेक्टर पुगेको कार्यालयले जनाएको छ । यी दुई वर्षमा उत्पादन क्रमशः एक हजार २२५ र एक हजार ४५० मेट्रिक टन पुगेको तथ्याङ्क रहेको महतोले स्पष्ट पार्नुभयो । चालु आवमा लिची केही बढेर २०० हेक्टरमा पुग्ने कार्यालयको अड्कल छ । थोरथोरै बढेको क्षेत्रफलमा उत्पादन पनि केही बढेको देखिए पनि रुखको अनुपातमा उत्पादन कमै भएको विज्ञको भनाइ छ ।

त्यसैगरी, बजारैपिच्छे केराको बजार सदाबहार जमे पनि महोत्तरीमा केराखेती खासै बढेको छैन । बरु तीन वर्षअघिभन्दा अहिले केराखेती घटेको छ । आव २०८०/८१ मा ३०० हेक्टरमा रहेको केराखेती २०८१/८२ मा २८० हेक्टरमा झरेको तथ्याङ्कमा देखिन्छ । आव २०८२/८३ मा भने अलिकति बढेर २९० हेक्टरमा पुगेको खेती यसपालि ४०० हेक्टरको हाराहारी पुग्ने बागवानीविज्ञ महतोले बताउनुभयो ।

केराको उत्पादन आव २०८०/८१ मा चार हजार ७२९, आव २०८१/८२ मा चार हजार ४८० र आव २०८२/८३ मा चार हजार ४९५ मेट्रिक टन उत्पादन भएको महतोले तथ्याङ्क केलाउँदै स्पष्ट पार्नुभयो । मधेसका प्रत्येकजसो चाडबाडमा अनिवार्यजस्तै मानिएको केरा यहाँका सबैजसो बजारमा दिनहुँ बिक्री हुन्छ । यो सबै केरा अन्य जिल्ला र भारततिरबाट समेत आउने फलफूल व्यापारी नै बताउँछन् । केराका लागि पनि यहाँको माटो, हावापानी अनुकूल भए पनि यस आधारमा खेती भने नबढेको देखिन्छ ।

आँप, लिची र केराको यो व्यावसायिक खेतीको तथ्याङ्क हो । मधेसमा थोरै जग्गा हुनेले पनि घरकरेसामै एकदुईवटा आँप, लिची र एकाध झाङ केरा लगाएका बाक्लै देखिन्छ । आफ्नो घरको प्रयोजनका लागि यसरी आँप, लिची र केरा लगाउने किसान भने आम रूपमै पाइने गरेको महतो बताउनुहुन्छ ।

जिल्लामा ७१ हजार हेक्टर खेतीयोग्य जग्गा रहेको कार्यालयको तथ्याङ्क छ । यसबाहेक अन्य बाली राम्ररी नहुर्कने पाखा/ढड्यान ठाउँमा पनि सामान्य मेहनत र सम्भारमा आँप, लिची र केरा हुर्काउन सकिन्छ । मधेसको माटो र हावापानी यी फल खेतीका लागि अनुकूल भए पनि यसबाट जीवनयापन र राम्रो आर्जनको भरोसा जगाउन नसकिँदा खेती अपेक्षित बढ्न नसकेको कृषि क्षेत्रकै सरकारी सेवाको सहसचिवबाट अवकाश लिनुभएका बागवानीविज्ञ भङ्गाहा-५ सीतापुरका रामबहादुर भुजेलको विगत अनुभव छ । रासस

# ओम शिवम्‌को सामाजिक पहलमा बालबालिकालाई शैक्षिक सामग्री वितरण

**टुडे समाचारदाता**




जनकपुरधाम । जनकपुरधाम लक्ष्मी टेक्नोप्लास्ट लिमिटेडद्वारा उत्पादित ओम शिवम पाइप एन्ड फिटिङको आयोजनामा जनकपुरमा प्राविधिक भेटघाट तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

जनकपुरधाममा बुधबार भएको कार्यक्रममा जनकपुरधाम क्षेत्रका विभिन्न प्राविधिक तथा प्लम्बरहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा प्राविधिकहरूसँग ओम शिवम् पाइप एन्ड फिटिङका उत्पादन, गुणस्तर, प्रयोग विधि तथा बजारमा देखिएका प्राविधिक विषयमा अन्तरक्रिया गरिएको थियो । कम्पनीले प्राविधिकहरूसँगको सम्बन्धलाई थप मजबुत बनाउँदै बजारमा गुणस्तरीय उत्पादन तथा प्राविधिक सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरेको जनाएको छ ।

सो कार्यक्रममा बोल्दै लक्ष्मी टेक्नोप्लास्ट लिमिटेडका नायब महाप्रबन्धक विक्रम खतिवडाले ओम शिवम् पाइप एन्ड फिटिङको बजार विस्तार तथा गुणस्तरीय सेवाका लागि प्राविधिकहरूको साथ र सहयोग महत्वपूर्ण रहेको बताए । उनले प्राविधिकहरूको हितर सुरक्षाकालागिकम्पनी सधैँ तयार रहेको उल्लेख गर्दै प्रत्येक प्राविधिकका लागि सात लाख रुपैयाँसम्मको बीमा सुविधा कम्पनीले गरेको जानकारी दिए ।

खतिवडाले प्राविधिकहरू कम्पनीका महत्वपूर्ण साझेदार भएकाले उनीहरूको परिवार र बालबालिकाको भविष्यप्रति समेत कम्पनी संवेदनशील रहेको बताए । प्राविधिकका बालबालिकाको शैक्षिक स्तर विकासमा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रममा सहभागी प्राविधिकका बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको उनले जानकारी दिए ।

कार्यक्रममा जनकपुरधाम क्षेत्रका ओम शिवम् पाइप एन्ड फिटिङका डिस्ट्रिब्युटर राघव मुरारकाले प्राविधिक तथा प्लम्बरहरू कम्पनीका महत्वपूर्ण साझेदार रहेको बताउँदै उनीहरूसँगको सहकार्यलाई अझ मजबुत बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गरे । उनले बजारमा गुणस्तरीय उत्पादनसँगै सही प्राविधिक जानकारी र सेवा उपलब्ध गराउनु आवश्यक रहेको बताए ।

त्यसैगरी, जनकपुरधाम क्षेत्रका बिक्री अधिकृत अजयकुमार यादवले प्राविधिकहरूको सुझाव, अनुभव र आवश्यकतालाई कम्पनीले उच्च प्राथमिकताका साथ लिँदै आएको बताए । उनले ओम शिवम् पाइप एन्ड फिटिङका उत्पादनको गुणस्तर र सही प्रयोगबारे प्राविधिकहरूलाई थप जानकारी गराउँदै आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताए ।

सो कार्यक्रममा सहभागी प्राविधिकहरूले कम्पनीले आफ्ना लागि गरेको बीमा तथा बालबालिकाका लागि शैक्षिक सामग्री वितरण जस्ता कार्यक्रमले आफूहरूलाई कम्पनीसँग थप नजिक भएको महसुस गराएको बताएका थिए ।

लक्ष्मी टेक्नोप्लास्ट लिमिटेडले उत्पादन गर्दै आएको ओम शिवम् पाइप एन्ड फिटिङले गुणस्तरीय पाइपतथा फिटिङका साथै प्राविधिक तथा प्लम्बरहरूसँगको सहकार्यलाई प्राथमिकतामा राख्दै विभिन्न क्षेत्रमा यस्ता अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

कार्यक्रमले ओमशिवमपाइप एन्ड फिटिङ र प्राविधिक समुदायबीचको सम्बन्धलाई थप मजबुत बनाउनुका साथै गुणस्तरीय पाइप तथा फिटिङको प्रयोग र प्राविधिक सेवाको स्तर अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुग्ने हार्डवेयर एसोसियन धनुषाका अध्यक्ष शशिकुमार गुप्ताले बताए ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# संकटमा मधेश कृषि विश्वविद्यालय

मधेश प्रदेशको गौरवको सीमित राम्रा योजनाहरु मध्येको एक मधेश कृषि विश्वविद्यालय सरकारको असहयोगले आर्थिक संकटमा परेको छ । विश्वविद्यालयले पठनपाठन सञ्चालन गरेको तीन वर्षभन्दा बढी भइसकेको छ । तर निर्माणाधिन भवनको कार्य बीचमै अलपत्र परेको छ । तत्कालीन लालबाबु राउत नेतृत्वको सरकारले विश्वविद्यालय निर्माणको लागि बजेट विनियोजन गरेका थिए । विश्वविद्यालयको शैक्षिक कार्यहरु सञ्चालनमा रहे पनि जनमत पार्टीका अध्यक्ष सीके राउत र जनता समाजवादी पार्टी(जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवबीचको प्रतिस्पर्धाको लडाइले विश्वविद्यालयको आर्थिक सहायता रोकिएको छ । मधेश प्रदेशको जनमत पार्टीबाट मुख्यमन्त्री बनेका सतीश कुमार सिंहले विश्वविद्यालयको सम्पूर्ण बजेट कटौती गरेका थिए । उनले विश्वविद्यालयको प्रशासनिक खर्च र प्राध्यापक, कर्मचारीहरुको तलब समेतको बजेट काटेका थिए । तत्कालीन मुख्यमन्त्री सिंहले विश्वविद्यालयको वार्षिक बजेट नै १० लाख मात्र विनियोजन गरेका थिए । उनले विश्वविद्यालयका पदाधिकारीहरुलाई राजीनामा गर्न चरम दबाब दिएका थिए । पदाधिकारीहरुलाई बर्खास्त पनि गरेका थिए । तर उनको त्यो निर्णयलाई अदालतले उल्टाइदिएको थियो । विश्वविद्यालयलाई कमजोर बनाउन सिंहले कयौं गलत कदमहरु चालेका थिए ।त्यसपछि बनेका सरकारहरुले विश्वविद्यालयमा बजेट कटौतीलाई निरन्तरता दिए । सिंहपछि केही महिना प्रदेश सरकार अस्तव्यस्त बने । नेपाली कांग्रेस मधेश प्रदेशका सभापति कृष्णाप्रसाद यादव मुख्यमन्त्री बनेपछि मधेश कृषि विश्वविद्यालयले बजेट पाउने अपेक्षा गरिएको थियो । तर उनले पनि सिंह नेतृत्वको सरकारले बजेट कटौती गर्ने क्रमलाई नै निरन्तरता दिए । विश्वविद्यालयको निर्माणाधिन भवन बजेट अभावको कारण अलपत्र परेको छ । मधेश प्रदेश कृषि प्रधान मानिएको छ । तर कृषि सम्बन्धी निकायहरु धराशायी बन्दै छ । मधेश प्रदेशमा कृषि क्षेत्रको दक्ष जनशक्ति उत्पादन गर्ने अत्यन्त प्रभावकारी हुन थालेको मधेश कृषि विश्वविद्यालयलाई नै धराशायी प्रदेश सरकारले नै बनाउन थालेको छ । कृषि विश्वविद्यालयमा राजनीति नभए पनि प्रदेश सरकारमा रहेका दलहरुले त्यसलाई धराशायी बनाउन लागेका छन् । त्यसमा जनमत पार्टी सबै भन्दा अगाडि छ । जनमत पार्टीले विश्वविद्यालय डुबाउन गरेको कार्यलाई कांग्रेसको सरकारले पनि निरन्तरता दिएको छ । प्रदेश सरकारले अनावश्यक कार्यहरुमा करोडौँ बजेट खर्च गरिरहेको छ । तर विश्वविद्यालयको बजेट कटौती गरिरहेको छ । सरकारले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेको छैन । प्रदेश सभाको दुई कार्यकालको अन्तिम वर्ष अब शुरु हुन लागेको छ । ९ वर्षदेखि प्रदेशमा सरकार छ । तर शिक्षा र स्वास्थ्यको क्षेत्रमा लालबाबु राउत बाहेकको सरकारले सिन्को भाँचेको छैन । विगतमा राउत सरकारले गरेका शिक्षा र स्वास्थ्य क्षेत्रको लगानीलाई समेत कटौती गर्दै डुबाउन नै सरकार सक्रिय छ । मधेश कृषि विश्वविद्यालयमा सरकारले तत्काल लगानी बढाएर त्यसको भवन लगायतका कार्यहरुलाई सम्पन्न गर्नुपर्छ ।

# ‘प्रधानमन्त्रीज्यू खुलामञ्च तपाईंले जोगाएको होइन, मास्न खोज्नुभएको थियो’



अमृत चिमरिया

काठमाण्डुको मुटुमा रहेको ऐतिहासिक खुलामञ्च यतिबेला फेरि एकपटक राजनीतिको केन्द्रबिन्दुमा आएको छ ।

तर यसपटक यो केवल कुनै राजनीतिक दलको महाधिवेशन वा आमसभाको कारणले मात्र चर्चामा छैन, बरु देशका वर्तमान प्रधानमन्त्री तथा काठमाडौं महानगरपालिकाका पूर्वमेयर बालेन्द्र शाह (बालेन) को एउटा विवादास्पद र विरोधाभासपूर्ण अभिव्यक्तिका कारण विमर्शको सतहमा तानिएको छ ।

हिजो अर्थात् २०८३ असोज १८ गते नेपाली कांग्रेसले आफ्नो १५औँ महाधिवेशनको उद्घाटन सत्र यही खुलामञ्चमा आयोजना गऱ्यो । लामो समयदेखि राजनीतिक तथा अन्य ठुला सभाहरू गर्न रोक लगाइएको र महानगरपालिकाले ताला ठोकेर राखेको यो ऐतिहासिक मैदानमा एक दशकपछि यति ठुलो राजनीतिक जमघट भएको थियो ।

यही सन्दर्भलाई लिएर प्रधानमन्त्री बालेन शाहले आइतबार साँझ सामाजिक सञ्जाल फेसबुकमा एउटा स्टाटस लेखे, जसले उनको राजनीतिक चरित्र र विगतको रबैयामाथि गम्भीर प्रश्न खडा गरिदिएको छ । उनले लेखेका थिए, ‘धन्न खुलामञ्च राम्रो बनाइएछ, नयाँ पार्टीले कार्यक्रम गरेर गाली गर्न पाएका छन् ।’

यो छोटो तर व्यंग्यात्मक टिप्पणीभित्र लुकेको अहंकार र इतिहासलाई तोडमोड गर्ने नियत यतिबेला आलोचनाको तारो बनेको छ ।

प्रधानमन्त्री बालेन शाहको यो भनाइ पढ्दा जो कोहीलाई लाग्न सक्छ- सायद उनैले अहोरात्र खटेर खुलामञ्चलाई जोगाएका थिए, उनैको परिकल्पना र सदीक्षाले गर्दा आज खुलामञ्च खुल्ला छ र त्यहाँ राजनीतिक दलहरूले उभिएर आफ्ना कुरा राख्न पाइरहेका छन् ।

तर, काठमाडौंको निकट विगतको इतिहास पल्टाउने हो भने तथ्य ठ्याक्कै उल्टो छ । सत्य के हो भने, बालेन शाह तिनै व्यक्ति हुन् जसले काठमाडौं महानगरपालिकाको मेयर हुँदा यसै खुलामञ्चको अस्तित्व नामेट पार्ने र यसलाई व्यापारिक थलोमा बदल्ने अनेकन् प्रपञ्च रचेका थिए ।

हिजो महानगरको नेतृत्वमा रहँदा खुलामञ्चमाथि गिद्धे नजर लगाउने र यसलाई कंक्रीटको जंगल वा सीमित क्लबको घेराबन्दीमा कैद गर्न खोज्ने व्यक्तिले आज देशको कार्यकारी प्रमुखको कुर्सीमा बसेर आफैंले खुलामञ्च जोगाएको भन्दै जस लिन खोज्नु राजनीतिक स्वार्थ देखिन्छ । यो नागरिकको सचेत आन्दोलनले जोगाएको सम्पदामाथि गरिएको नांगो राजनीतिक डकैती हो ।

इतिहासलाई धेरै पछाडि फर्काउनु पर्दैन । २०७९ पुस १८ गते काठमाडौं महानगरपालिकाको गेटअगाडि सम्पदाप्रेमी, स्थानीय बासिन्दा र नागरिक अगुवाहरूको जुन मानव साङ्लो र धर्ना प्रदर्शन भएको थियो, त्यो बालेन शाहकै स्वेच्छाचारी निर्णयको विरुद्धमा थियो ।

त्यतिबेला मेयर रहेका बालेनले काठमाडौंकै ‘फोक्सो’ मानिने टुँडिखेलको अभिन्न अंग खुलामञ्चभित्र तीनतले भूमिगत पार्किङ बनाउने विनासकारी योजना सुटुक्क अगाडि बढाएका थिए । करिब ५ हजार गाडी अट्ने गरी पार्किङ बनाउन नगर विकास कोषमार्फत सम्भाव्यता अध्ययनको जिम्मेवारी दिइएको थियो ।

यो यस्तो योजना थियो, जसबारे न स्थानीय बासिन्दासँग कुनै छलफल गरिएको थियो, न त शहरी योजनाविद् र सम्पदा संरक्षणकर्मीहरूको राय नै लिइएको थियो । गुपचुप रूपमा भित्री शहरका जनताले सास फेर्ने, विपद्को बेला आश्रय लिने र आम नागरिकले आफ्ना राजनीतिक र सामाजिक विचार अभिव्यक्त गर्ने साझा थलोलाई कंक्रिटको चिहान बनाउने खेल सुरु भएको थियो ।

त्यसबेला नागरिकस्तरबाट स्वतस्फूर्त रूपमा ‘ अकुपाई टुँडिखेल’ अभियान चल्यो । अभियन्ताहरूले प्रष्ट शब्दमा भनेका थिए- खुलामञ्च कुनै खाली जग्गा होइन, यो लोकतन्त्रको प्राणवायु हो र यसको पारिस्थितिक प्रणालीलाई खलबल्याउने अधिकार कसैलाई छैन । महिनादिन लामो दबाबमूलक अभियान, सडक प्रदर्शन र महानगरलाई दिइएको चेतावनीपछि मात्रै बालेन शाह आफ्नो भूमिगत पार्किङ बनाउने जिद्दीबाट पछि हट्न बाध्य भएका थिए ।



त्यो उनको स्वेच्छाले गरिएको पछि हटाइ थिएन, त्यो नागरिक आन्दोलनको राप र तापले सिर्जना गरेको बाध्यात्मक परिस्थिति थियो । तर आज प्रधानमन्त्रीको कुर्सीमा बसेर उनले त्यही बाध्यात्मक हारलाई आफ्नो महान् उपलब्धिको रूपमा व्याख्या गर्दै ’धन्न खुलामञ्च राम्रो बनाइएछ’ भन्नु राजनीतिक बेइमानीको पराकाष्ठा हो । जसले खुलामञ्च मास्न खोज्यो, आज उसैले यसको रक्षकको जलप ओढ्न खोजिरहेको छ ।

भूमिगत पार्किङको योजना असफल भएपछि पनि बालेन शाहको खुलामञ्चप्रतिको गिद्धे नजर हटेको थिएन । २०८० माघको सुरुवाततिर उनले खुलामञ्चलाई फेरि अर्को बाटोबाट सिध्याउने प्रपञ्च रचे । यसपटकको योजना थियो- खुलामञ्चमा कृत्रिम (प्लास्टिक) वा प्राकृतिक दुबो रोपेर दुईवटा व्यावसायिक फुटबल मैदान बनाउने । महानगरपालिकाले उक्त आर्थिक वर्षको बजेटमा ‘व्यायाम तथा खेलकुद स्थल सुधार’ को नाममा १ करोड रुपैयाँ विनियोजन गर्दै खुलामञ्चलाई खेल मैदान बनाउने काम अगाडि बढायो ।

बाहिर हेर्दा खेलकुदको विकास जस्तो देखिए पनि यसको भित्री मनसाय अत्यन्तै खतरनाक थियो । महानगरले काठमाडौंका ‘ए’ डिभिजन लिग खेल्ने मच्छिन्द्र, संकटा र न्युरोड टिम (एनआरटी) जस्ता सीमित क्लबलाई मैदान जिम्मा लगाउने र भविष्यमा प्रतियोगिता सञ्चालन गर्ने भित्री गृहकार्य गरिरहेको थियो ।

कुनै पनि सार्वजनिक खुला स्थानलाई सीमित खेल क्लब वा समूहको जिम्मा लगाउनु भनेको आम सर्वसाधारणको पहुँचलाई सदाका लागि निषेध गर्नु हो । आलोक तुलाधर र सञ्जय अधिकारीजस्ता संरक्षणकर्मी र अधिवक्ताहरूले त्यतिबेलै यो कुराको कडा प्रतिवाद गरेका थिए ।

खुलामञ्चलाई ग्राउन्ड बनाएर चारैतिर तारजाली वा नटबोल्टको बार लगाउनु भनेको त्यो ठाउँलाई नागरिकको सहज पहुँचबाट खोस्नु थियो । कुनै पनि नागरिकले घाम ताप्न, विपद्मा ज्यान जोगाउन वा राजनीतिक तथा सामाजिक असन्तुष्टि पोख्न जाने ठाउँलाई व्यावसायिक फुटबलको अखडा बनाउने महानगरको योजना आफैंमा सार्वजनिक सम्पत्तिको निजीकरण वा विशिष्टीकरण गर्ने दूषित मनसायबाट प्रेरित थियो । खुलामञ्चलाई जनताको मञ्चबाट झिकेर क्लबहरूको मञ्च बनाउने बालेनको त्यो दोस्रो प्रहारलाई पनि नागरिक समाजकै निरन्तरको खबरदारी र ’मुक्त टुँडिखेल’ अभियानको हस्तक्षेपले रोक लगाएको थियो ।

खुलामञ्च मास्न खोज्ने बालेनको पछिल्लो प्रयास हो तर यसको अतिक्रमण प्रयासको इतिहास लामो छ । यसलाई सन् १९६७ मा ५२ प्रतिशत सार्वजनिक खुला क्षेत्र रहेको टुँडिखेल अतिक्रमण र कंक्रिटाइजेसनको चपेटामा पर्दै सन् २०१७ सम्म आइपुग्दा १४ प्रतिशतमा खुम्चिएको तथ्यलाई बेवास्ता गर्दै बालेन शाहले मेयर हुँदा खुलामञ्चमाथि जे जति पूर्वाधार थोपर्ने प्रयास गरे, त्यो इतिहासमा दर्ज भइसकेको छ ।

२०३६ सालको विद्यार्थी आन्दोलनदेखि २०४६ र २०६२/६३ को जनआन्दोलनसम्मका महत्त्वपूर्ण राजनीतिक परिवर्तनको मूक साक्षी रहेको खुलामञ्चलाई उनले केवल एउटा उपयोगविहीन खाली जग्गाको रूपमा मात्र बुझे । उनले यसको ऐतिहासिक, राजनीतिक र वातावरणीय महत्त्वलाई रत्तिभर आत्मसाथ गर्न सकेनन् । उनले खुलामञ्चको गेटमा ताला ठोके र नागरिकलाई प्रवेश निषेध गरे ।

बालेन शाह वैकल्पिक राजनीतिको दाबी गर्दै सत्तामा उदाएका हुन् । तर, उनको यो पछिल्लो अभिव्यक्तिले के देखाउँछ भने उनीभित्र पनि परम्परागत राजनीतिक दलका नेताहरूले गर्दै आएको अभ्यासकै नक्कल देखिएको छ । आफूले बिगार्न खोजेको तर नागरिकले जोगाएको चिजलाई ‘मैले गर्दा बचेको हो’ भन्न सक्ने धृष्टता एउटा पपुलिस्ट शासकले मात्र गर्न सक्छ ।

बालेनले ‘नयाँ पार्टीले कार्यक्रम गरेर गाली गर्न पाएका छन्’ भन्दै व्यंग्य गर्नुले लोकतन्त्रमा खुला स्थानको महत्त्वलाई उनले कति सस्तो रूपमा बुझेको प्रमाणित हुन्छ ।

खुलामञ्च कसैलाई गाली गर्न वा स्तुति गाउनका लागि कसैले दया गरेर दिएको दान होइन । यो नागरिकको सार्वभौम अधिकार प्रयोग गर्ने थलो हो । कसैले कसैको तार्किक आलोचना गर्नु लोकतन्त्रको सुन्दर पक्ष हो । त्यसका लागि सुरक्षित खुला स्थानहरू राज्यले सुनिश्चित गर्नुपर्छ । तर बालेनको अभिव्यक्तिमा एउटा शासकको दम्भ झल्किएको छ । ‘मैले ठाउँ दिएँ र तिमीहरूले बोल्न पायौ’ भन्ने सामन्ती मनोविज्ञान हो ।

बालेन शाहले काठमाडौंको मेयर हुँदा केही राम्रा काम पनि गरेका थिए, तर खुलामञ्चको सन्दर्भमा उनको भूमिका पूर्णतः खलनायकको जस्तो थियो । उनले खुलामञ्चलाई मास्न खोजेका थिए, कंक्रिटले पुर्न खोजेका थिए र व्यावसायिकरण गर्न खोजेका थिए । त्यतिबेला महानगरपालिकाको नेतृत्वलाई सही बाटोमा ल्याउने काम सचेत काठमाडौंवासी र सम्पदा अभियन्ताहरूले गरेका हुन् । आज एक दशकपछि खुलामञ्चमा राजनीतिक कार्यक्रम हुँदा त्यहाँको हरियाली र खुलापनको जस जाने हो भने ती अभियन्ताहरूलाई जानुपर्छ ।

प्रधानमन्त्री बालेन शाहले आज जुन फेसबुक स्टाटस मार्फत जस लिन खोजेका छन्, त्यो क्रेडिट थेफ्ट हो ।

एउटा जिम्मेवार पदमा बसेको व्यक्तिले आफ्नो विगतका कमजोरी र गलत नियतलाई ढाकछोप गरेर सस्तो ताली बटुल्न खोज्नु शोभनीय विषय होइन । यदि उनी साँच्चै इमान्दार हुन्थे भने उनले भन्नुपर्थ्यो । ‘कुनै समय मैले यसलाई मास्ने गल्ती गर्न खोजेको थिएँ, तर नागरिकको सचेतनाले मलाई रोक्यो र आज यो मैदान सुरक्षित छ ।’

खुलामञ्च आज जे जस्तो अवस्थामा छ यो मञ्च नागरिकको निरन्तरको संघर्ष, खबरदारी र प्रतिरोधको परिणाम हो । प्रधानमन्त्री बालेनले हिजो मेयर हुँदा खुलामञ्च मास्न चलाएको अभियान नागरिकले बिर्सेका छैनन् । खुलामञ्च जनताको थियो, जनताकै बलमा जोगिएको छ र जनताकै रहनेछ । यो लेख रातोपाटीडटकमबाट साभार गरिएको छ ।

# प्रदेशका संरचना नबन्नुमा प्रादेशिक नेतृत्व नै जिम्मेवार



डा. राजेन्द्र अधिकारी

नेपालको संविधान २०७२ ले मुलुकलाई एकात्मक शासन व्यवस्थाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण गर्दै सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको प्रस्ट संवैधानिक परिकल्पना गऱ्यो ।

सात वटै प्रदेशमा निर्वाचन भए, संसद् र सरकारहरू गठन भए । बजेट वक्तव्यहरू आए र नीति तथा कार्यक्रमहरू पनि घोषणा गरिए, तर सङ्घीयताको मूल मर्म- राज्यशक्ति, स्रोत, प्रशासनिक मेरुदण्ड र सेवा प्रवाहको वास्तविक विकेन्द्रीकरण आजसम्म पनि पूर्ण रूपमा संस्थागत हुन सकेको छैन ।

अहिले नागरिक वृत्तबाट उठ्ने मुख्य प्रश्न ‘प्रदेशसँग संविधानमा अधिकार छ कि छैन ?’ भन्नेमात्र होइन, मुख्य प्रश्न त संविधानले सुम्पेको जिम्मेवारी पूरा गर्न चाहिने आफ्नै स्थायी मुकाम, भौतिक पूर्वाधार, पर्याप्त कर्मचारी, सुरक्षा संयन्त्र र स्वायत्त स्रोत प्रदेशसँग कति उपलब्ध छन् भन्ने हो । वास्तवमा हामीले संविधानमा लेखेको ‘संवैधानिक सङ्घीयता’ र धरातलमा अभ्यास भइरहेको ‘कार्यान्वयनगत सङ्घीयता’ बिच निकै ठुलो खाडल देखिएको छ ।

### भौतिक मुकाम र प्रशासनिक शून्यताको द्वन्द्व

प्रदेशको आफ्नै पूर्ण संरचना किन बन्न सकेन भन्ने बहसको पहिलो पाटो यसको भौतिक उपस्थिति अर्थात् राजधानीसँग जोडिन्छ । सङ्घीयता कार्यान्वयनको यति लामो समय बितिसक्दा पनि अधिकांश प्रदेशहरू आफ्नै स्थायी संसद् भवन, मन्त्रालयका प्रशासनिक परिसर र कर्मचारी आवास निर्माण गर्न नसकेर साबिकका क्षेत्रीय वा जिल्ला स्तरका साँघुरा भवन र भाडाका घरहरूमा खुम्चिन बाध्य छन् । राजधानीको भूगोल र नामकरणमै वर्षौंसम्म अल्झिएको राजनीति जब मुकाम तोक्ने विन्दुमा पुग्यो, तब जग्गा प्राप्ति, वन क्षेत्रको भोगाधिकार र वातावरणीय प्रभाव मूल्याङ्कन जस्ता प्रक्रियामा सङ्घ सरकारको कानुनी तथा प्रशासनिक अड्चनले निर्माण कार्यलाई गतिहीन बनाइदियो ।

एकातिर भौतिक रूपमा आफ्नै प्रशासनिक केन्द्र खडा हुन नसक्नु र अर्कातिर त्यही केन्द्रबाट सञ्चालन हुनुपर्ने संस्थागत संयन्त्र नै नबन्नुले प्रदेशलाई नागरिकको आँखामा कमजोर बनाइदिएको छ ।

कुनै पनि सरकारको प्रभावकारिता केवल राजनीतिक नेतृत्व र मन्त्रिपरिषद्बाट मात्र होइन, स्थायी प्रशासनिक संरचना, प्राविधिक जनशक्ति र सेवा प्रवाहको स्थापित प्रणालीबाट निर्धारित हुन्छ । संविधानको धारा ५७ र अनुसूची-६ ले प्रदेश निजामती सेवाको स्पष्ट अधिकार प्रदेशलाई दिएको छ । विश्व बैंकको नेपाल फिस्कल फेडरालिज्म अपडेट २०२४ ले डिसेम्बर २०२३ सम्ममा सातै प्रदेशले प्रदेश निजामती सेवा ऐन जारी गरिसकेको प्रगति देखाए पनि ऐन बन्नु नै सबैथोक होइन । नियमावली, नियमित पदपूर्ति, वृत्ति विकास, सरुवा-बढुवा र संस्थागत संस्कृतिको अभावमा प्रदेश प्रशासन अझै पनि आफ्नो खुट्टामा उभिन सकेको छैन । स्टेट अफ फेडरालिज्म रिपोर्ट २०२५ ले औँल्याएको तथ्याङ्क निकै भयावह छ । स्वीकृत प्रादेशिक दरबन्दीमध्ये करिब ३८ प्रतिशतमात्र पदपूर्ति भएको छ । ६२ प्रतिशत प्रशासनिक रिक्तता बोकेर कुनै पनि सरकारले आफ्ना संरचना पूर्ण बनाउन र परिणाममुखी काम गर्न सम्भव हुँदैन ।

### सुरक्षा संयन्त्रको अन्योल र विरोधाभास

प्रशासनिक रिक्ततासँगै सुरक्षा संयन्त्रको अपूर्णताले प्रदेशको स्वायत्ततालाई झनै सङ्कुचित बनाएको छ । प्रदेश प्रहरी सङ्घीयता कार्यान्वयनको सबैभन्दा स्पष्ट र संवेदनशील परीक्षण थियो । संविधानले शान्ति सुरक्षा र प्रदेश प्रहरी प्रशासनलाई प्रदेशको एकल अधिकार सूचीमा राखे पनि प्रहरी समायोजन प्रक्रिया र वास्तविक कमाण्ड संरचना आजसम्म सङ्घीय अनिच्छाकै बन्दी बनेको छ । जिल्ला प्रशासन, प्रमुख जिल्ला अधिकारी (सीडीओ) र समग्र सुरक्षा संयन्त्रको निर्णायक प्रभाव संघमै निहित रहँदा प्रदेश सरकारहरू संवैधानिक रूपमा जिम्मेवार भए पनि आफ्नै सुरक्षा संयन्त्र परिचालन गर्न नसक्ने निरीह अवस्थामा छन् । यसले ‘जिम्मेवारी प्रदेशमा तर कार्यकारी साधन संघमा’ रहने एउटा गम्भीर संरचनात्मक विरोधाभास सिर्जना गरेको छ ।

यसका साथै संविधानको अनुसूची ७ र ९ मा रहेका सङ्घ र प्रदेश तथा तीनै तहका साझा अधिकारका विषयमा अझैसम्म कानुनी र कार्यगत सीमारेखा प्रस्ट हुन सकेका छैनन् । शिक्षा, स्वास्थ्य, पूर्वाधार, वन, कृषि र प्राकृतिक स्रोत जस्ता नागरिकसँग प्रत्यक्ष जोडिएका क्षेत्रमा ‘कसले नीति बनाउने, कसले नियमन गर्ने र कसले सेवा दिने ?’ भन्ने कार्यविस्तृतीकरणको अस्पष्टता कायमै छ । जब अधिकारको क्षेत्राधिकार धमिलो हुन्छ, तब कामको जिम्मेवारी एउटा तहमा पन्छाउने तर त्यसको स्रोत र नियन्त्रण अर्को तहले आफ्नै मुठीमा राखिरहने प्रवृत्ति मौलाउँछ ।

### ठाडो वित्तीय असन्तुलन र कार्यसम्पादनको सीमा

संविधानका धारा ५९ र ६० ले प्रदेशको वित्तीय अधिकार र अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले राजस्व बाँडफाँटको आधार तय गरेका छन् । मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्क बाँडफाँटमा संघलाई ७० प्रतिशत तथा प्रदेश र स्थानीय तहलाई १५-१५ प्रतिशत हिस्सा दिइएको छ । यसकारण प्रदेशसँग ‘कुनै राजस्व नै छैन’ भन्नु तथ्यसंगत नभए पनि खर्चको व्यापक जिम्मेवारीको तुलनामा प्रदेशको आफ्नै आन्तरिक राजस्वको आधार अत्यन्त न्यून छ । प्रदेशले स्वास्थ्य, कृषि, सडक, पूर्वाधार र सामाजिक विकासजस्ता भारी खर्च बेहोर्नुपर्छ, तर ती खर्च धान्ने करका आधार सीमित छन् । स्टेट अफ फेडरालिज्म रिपोर्ट २०२५ का अनुसार प्रदेश तथा स्थानीय तहका बजेटमा सङ्घीय अनुदानको निर्भरता ९० प्रतिशतभन्दा बढी छ । त्यसमा पनि खर्चको उद्देश्य र क्षेत्र केन्द्रबाटै तोकिने सशर्त अनुदानको हिस्सा ठुलो हुँदा प्रदेशको वित्तीय स्वायत्तता नाममा मात्र सीमित हुन पुगेको छ ।

यद्यपि, प्रदेशका संरचना नबन्नुको सम्पूर्ण दोष सङ्घ सरकारलाई मात्र दिएर प्रदेश नेतृत्व उम्किन पाउँदैन । उपलब्ध अधिकार, बजेट र स्रोतको परिचालनमा प्रदेश स्वयंको कार्यसम्पादन क्षमता निकै कमजोर देखिएको छ । विश्व बैंकको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७९/०८० मा प्रदेश सरकारहरूले आफ्नो कुल बजेटको करिब ३४ प्रतिशत रकम खर्च गर्नै सकेनन् । आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक बजेटबिचको कमजोर तालमेल, आयोजना छनोटमा हुने राजनीतिक स्वार्थ र विखण्डन, अनि राजनीतिक अस्थिरताका कारण प्रदेशहरूले पाएको स्रोतसमेत पूँजीगत पूर्वाधार र आफ्नै संस्थागत संरचना निर्माणमा सदुपयोग गर्न सकेका छैनन् ।

संरचना निर्माणको यो गतिरोध केवल प्राविधिक वा वित्तीय समस्यामात्र होइन, पुरानो राजनीतिक तथा प्रशासनिक संस्कृतिको निरन्तरता पनि हो । हाम्रो कर्मचारीतन्त्र दशकौंदेखि केन्द्र-मन्त्रालय-जिल्लाको एकात्मक ढाँचामा हुर्कियो । सङ्घीयता आएपछि संगठनको नाम परिवर्तन भए पनि निर्णय गर्ने संस्कार र शक्ति सम्बन्ध पुरानै रह्यो । अधिकार, कर्मचारी, सम्पत्ति र बजेट हस्तान्तरणमा देखिएको ढिलासुस्तीमा कानुनी शून्यता मात्र जिम्मेवार छैन, सिंहदरबारमा जरा गाडेर बसेको केन्द्रीकृत सोच र संस्थागत जडता मुख्य बाधक बनेको छ ।

त्यस्तै, राज्यको संरचना सङ्घीय भए पनि प्रमुख राजनीतिक दलहरूको आन्तरिक निर्णय प्रक्रिया अझै पूर्णतः एकात्मक छ । प्रदेश सरकार कसरी बनाउने, मुख्यमन्त्री वा मन्त्री कसलाई बनाउने, कुन दलसँग गठबन्धन गर्ने जस्ता सामान्य प्रादेशिक राजनीतिक निर्णयहरू समेत काठमाडौँको शीर्ष नेतृत्वको तजविजमा तय हुन्छन् । दलहरूभित्रै प्रादेशिक नेतृत्वलाई स्वायत्तता नहुँदा उनीहरू केन्द्रसँग आफ्ना अधिकार, बजेट र संरचनाका लागि दृढतापूर्वक बार्गेनिङ गर्न सक्दैनन् । अर्कोतर्फ, अन्तरप्रदेश परिषद् र अन्तरसरकारी वित्त परिषद् जस्ता विवाद समाधान र नीतिगत समन्वय गर्ने संवैधानिक संयन्त्रहरू नियमित र परिणाममुखी बन्न नसक्दा साझा सवालहरू संस्थागत रूपमा समाधान हुन पाएका छैनन् ।

प्रदेशका भौतिक तथा प्रशासनिक संरचना नबन्नुमा कसैलाई चोखो राखेर एकतर्फी दोषारोपण गर्न मिल्दैन । यसमा बहुपक्षीय उत्तरदायित्व छ । प्रहरी समायोजन नगर्ने, सङ्घीय निजामती ऐन अड्काउने, पूर्वाधारका लागि जग्गा हस्तान्तरणमा ढिलाइ गर्ने र वित्तीय विकेन्द्रीकरणलाई सङ्कुचित बनाउने सन्दर्भमा सङ्घीय सरकार र संसद् मुख्य रूपमा जिम्मेवार छन् । दलभित्र शक्ति केन्द्रीकृत गरेर प्रदेशलाई केवल सत्ता समीकरणको थलो बनाउने केन्द्रीय राजनीतिक नेतृत्वको दोष उत्तिकै छ । पुरानो केन्द्रीकृत सोच त्याग्न नसक्ने र सङ्घीय अनुकूल कार्यसंस्कृति नअपनाउने सङ्घीय कर्मचारीतन्त्र अर्को जिम्मेवार पक्ष हो । साथसाथै, पाएको बजेट खर्च गर्न नसक्ने, आन्तरिक राजस्व उठाउन जाँगर नदेखाउने र राजधानीका संरचना निर्माणमा गुरुयोजना बनाएर लाग्न नसक्ने प्रदेश सरकार र प्रादेशिक नेतृत्व पनि यस असफलताको भागिदार हुन् ।

यो अन्योलबाट बाहिर निस्कन अब सुधारका स्पष्ट रणनीतिक कदम चाल्नैपर्छ । पहिलो सर्त, कार्य-वित्त-कर्मचारीको एकीकृत हस्तान्तरण हो । संविधानले जुन कार्य प्रदेशलाई दिएको छ, त्यससँग सम्बन्धित बजेट, कर्मचारी, सम्पत्ति र निर्णयको अधिकार प्याकेजमै सोही तहमा पुऱ्याइनुपर्छ । प्रदेश लोक सेवा आयोगमार्फत नियमित पदपूर्ति गरी कर्मचारीको स्थायित्व दिनुपर्छ र प्रहरी समायोजनलाई अविलम्ब टुङ्गोमा पुऱ्याएर सुरक्षा कमाण्ड प्रदेशलाई हस्तान्तरण गर्नुपर्छ ।

वित्तीय क्षेत्रमा, प्रदेशको कराधार विस्तार गर्दै सशर्त अनुदानको हिस्सा घटाएर समानीकरण अनुदान बढाउनु आवश्यक छ । ताकि प्रदेशले आफ्नो स्थानीय आवश्यकताअनुसार आफ्नै भौतिक संरचना र विकास निर्माणमा बजेट लगाउन सकोस् । साथै, प्रदेश राजधानीलाई व्यवस्थित बनाउन सङ्घले जग्गा प्राप्ति र वातावरणीय स्वीकृतिका प्रक्रियालाई छिटो टुङ्ग्याएर विशेष पूर्वाधार प्याकेज दिनुपर्छ । दलहरूले आफ्नो आन्तरिक निर्णय प्रक्रियालाई संघीयकरण गरी प्रदेश समितिलाई स्वायत्त बनाउनैपर्छ ।

अन्ततः प्रदेशको औचित्य तब मात्र स्थापित हुन्छ, जब उसले स्थानीय तहले गर्न नसक्ने र सङ्घले केन्द्रबाट प्रभावकारी रूपमा सम्बोधन गर्न नभ्याउने मध्यमस्तरीय विकास डेलिभर गर्छ । ठुला प्रादेशिक अस्पताल, प्रादेशिक सडक, ठुला सिँचाइ प्रणाली र क्षेत्रीय आर्थिक करिडोर जस्ता नागरिकले प्रत्यक्ष देख्ने ‘विशिष्ट मूल्य’ निर्माण गर्न प्रदेश अग्रसर हुनुपर्छ । सङ्घीयताको सफलता नयाँ-नयाँ मन्त्रालय र संरचना थपेर मात्र हुँदैन, अधिकार र उत्तरदायित्वको सन्तुलन कायम गरेर हुन्छ । नेपालको सङ्घीयता सुदृढीकरणको मूल मन्त्र नै यही हो- ‘जहाँ कार्य, त्यहीँ वित्त, जहाँ जिम्मेवारी, त्यहीँ अधिकार; र जहाँ अधिकार, त्यहीँ उत्तरदायित्व ।’ तब मात्र प्रदेश सरकारहरू पूर्ण बन्नेछन् र नागरिकले सङ्घीयताको वास्तविक लाभांश प्राप्त गर्नेछन् । यो लेख रातोपाटीडटकमबाट साभार गरिएको हो ।

# अध्यादेश सिफारिससहित मन्त्रिपरिषद्का ६ निर्णय



टुडे समाचारदाता

काठमाण्डु । नेपाल सरकार, मन्त्रिपरिषद्को २०८३ असोज २१ गते बसेको बैठकले १५३ जना पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनेदेखि विभिन्न अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने र उच्च तहका कर्मचारीको बढुवा गनलगायतका निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबारमा बुधबार बसेको मन्त्रिपरिषदको बैठकले राष्ट्रिय मानव अधिकार आयोगबाट क्षतिपूर्तिका लागि सिफारिस भएका १५३ जना पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन स्वीकृति प्रदान गरेको छ ।

त्यस्तै, पोर्चुगल सरकारलाई काठमाण्डुमा महावाणिज्यदूतावास स्थापना गर्न सहमति दिने निर्णय गरिएको छ । सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित रोखरेलकाअनुसार मन्त्रिपरिषद्ले भूमि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, वन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश र विपद् सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश लगायतका अध्यादेश जारी गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको बताइएको छ ।

यस्तै बैठकले बैठकले नेपाल इन्जिनियरिङ सेवा समूहीकरणतर्फका सहसचिव नवीनराज सिंहलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गर्ने निर्णय गरेको बताइएको छ ।

यसैगरी, नेपाल प्रशासन सेवा समूहीकरणतर्फका सहसचिव चक्रबहादुर बुढालाई राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गर्ने निर्णय भएको जनाएको छ ।

नेपाल लेखापरीक्षण सेवा समूहीकरणतर्फ नायब महालेखापरीक्षक चन्द्रकान्त भण्डारीलाईराजपत्रांकिततविशिष्ट श्रेणीको उपमहालेखापरीक्षक पदमा बढुवा गर्ने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको जनाएको छ ।

# स्वदेशी कृषिउपजको बजार सुनिश्चित गर्न उत्पादन याममा आयात नियन्त्रण गर्नुपर्नेमा जोड

काठमाण्डु । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले स्वदेशी कृषि उपजको बजार सुनिश्चित गर्न उत्पादन याममा कृषिजन्य वस्तुको आयात नियन्त्रण गर्नुपर्ने बताउनुभएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहसँग बुधबार भएको भेटवार्तामा मन्त्री चौधरीले धान, गहुँ, मकै, कोदोलगायत अन्नबालीको न्यूनतम समर्थन मूल्य निर्धारण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । स्वदेशी उत्पादनको खरिद सुनिश्चित नभएसम्म कृषिजन्य वस्तुको आयात अनुमति दिन नहुने उहाँले प्रस्ताव गर्नुभएको छ । उत्पादन याममा कम्तीमा चार महिना आयात रोक्ने तथा स्वदेशी उत्पादनको खरिद र बजारमा उपलब्ध मौज्दातका आधारमा मात्र आयातको कोटा निर्धारण गर्ने व्यवस्था गर्नुपर्ने मन्त्री चौधरीको प्रस्ताव छ ।

स्वदेशी अन्नबाली खरिदमा निजी क्षेत्र अनिच्छुक देखिएको भन्दै मन्त्री चौधरीले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत खरिद गर्नुपर्ने अवस्थामा 'ग्याप फन्डिङ'को व्यवस्था गर्नुपर्ने बताउनुभयो । उहाँले धान, चामल, तरकारीलगायत कृषिजन्य वस्तुको आयात उत्पादन र मागको अवस्थाका आधारमा सामूहिक निर्णयबाट मात्र गर्नुपर्नेमा जोड दिनुभयो । सस्तो मूल्यमा आयात हुने कृषिजन्य वस्तुका कारण स्वदेशी उत्पादनले न्यूनतम समर्थन मूल्यसमेत नपाउने अवस्था आएको उहाँको भनाइ थियो ।

भेटवार्तामा स्वदेशी मह तथा दुग्धजन्य पदार्थको बजार प्रवर्द्धन र आयात न्यूनीकरण, लुम्बिनी प्रदेशमा मौरीजन्य उत्पादन प्रशोधन उद्योग स्थापना तथा रेशम खेती विस्तारका लागि धागो उत्पादन उद्योग स्थापनाका विषयमा समेत छलफल भएको थियो ।



मन्त्री चौधरीले आयातित महको गुणस्तर परीक्षण, भन्सार महसुल वृद्धि र न्यूनतम मूल्य निर्धारणलगायतका उपाय अपनाउनुपर्ने प्रस्ताव राख्नुभएको छ । नेपालमै उत्पादन हुने दुग्धजन्य वस्तुको आयात निरुत्साहित गरी स्वदेशी उत्पादन तथा प्रशोधन उद्योगलाई प्रोत्साहन गर्नुपर्ने उहाँको भनाइ थियो ।

भेटवार्तामा नेपाली चियाको निर्यात प्रवर्द्धनका लागि भारतसँग पारस्परिक मान्यता सम्झौता कार्यान्वयनका लागि पहल गर्नुपर्ने, नेपाली चियालाई विश्व बजारमा विशिष्ट पहिचान दिन भौगोलिक सङ्केत (जीआई) सम्बन्धी कानुन निर्माणलाई तीव्रता दिनुपर्ने तथा चिया भण्डारण, अक्सन र अन्तरराष्ट्रिय बजार प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार तथा नीतिगत सुविधा उपलब्ध गराउनुपर्ने प्रस्ताव गरिएको छ ।

त्यस्तै कृषिजन्य वस्तुको बजार अनुगमन प्रभावकारी बनाउनुपर्नेमा जोड दिइएको छ । खसीको मासुको मूल्य अस्वाभाविक रूपमा बढेको तर त्यसअनुसार किसानले मूल्य नपाएको, गोलभेँडाको मूल्य घटेर किसान निरुत्साहित भएको भन्दै तत्काल बजार अनुगमन र नियन्त्रण गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

कृषिजन्य उत्पादनको जीआई दर्ताका लागि आवश्यक कानुनी तथा प्राविधिक आधार तयार गर्ने, उद्योग विभाग तथा प्रस्तावित बौद्धिक सम्पत्ति कार्यालयमा कृषि प्राविधिकको दरबन्दी सिर्जना गर्ने र विश्व व्यापार सङ्गठन (डब्लुटिओ)अन्तर्गत कृषि व्यापारसँग सम्बन्धित विषयमा कृषि मन्त्रालयको नेतृत्वदायी भूमिका सुनिश्चित गर्नुपर्ने विषयसमेत उठाइएको छ ।

नेपालका कृषिउपजको निर्यात प्रवर्द्धनका लागि गोदाम, व्यापार मेला तथा अक्सन केन्द्र स्थापना गर्न बजेटको व्यवस्था गर्नुपर्ने, उखु किसानको बक्यौता भुक्तानी तथा चिनी बिक्रीसम्बन्धी समस्या समाधान गर्न सामूहिक पहल गर्नुपर्ने र कृषिउपज निर्यातमा उपलब्ध नगद अनुदानको दायरा विस्तार गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

कृषिजन्य उद्योगको दर्ता तथा वैदेशिक लगानीका विषयमा कृषि मन्त्रालयलाई समयमै जानकारी गराउने व्यवस्था गर्नुपर्नेमा समेत मन्त्री चौधरीले जोड दिनुभएको छ । यसबाट उद्योग स्थापनाका लागि उपयुक्त स्थान, बाली तथा कच्चा पदार्थको उपलब्धता, उत्पादन र बजारबीच समन्वय कायम गर्न सहज हुने उहाँको भनाइ थियो ।

भेटवार्तामा कृषि तथा पशुपन्छीजन्य वस्तुको गुणस्तर, प्रमाणीकरण, ट्रेसबिलिटी, एसपीएस तथा टीबीटी मापदण्डको पालना र अन्तरराष्ट्रिय बजार पहुँच विस्तारका लागि संयुक्त कार्यक्रम सञ्चालन गर्ने विषयमा पनि छलफल भएको छ । कृषिउपजलाई कच्चा पदार्थका रूपमा प्रयोग गर्ने उद्योगको सूची तयार गरी ती उद्योगको मागका आधारमा सम्बन्धित क्षेत्रमा कृषि उत्पादन विस्तार गर्नुपर्ने प्रस्ताव पनि गरिएको छ । यसबाट उद्योगलाई आवश्यक कच्चा पदार्थको नियमित आपूर्ति, किसानलाई बजार तथा मूल्यको सुनिश्चितता र मूल्य शृङ्खला विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

कर्णालीमा जडीबुटीजन्य उद्योग तथा प्रशोधन केन्द्र स्थापना, वन पैदावारबाट जैविक मल उत्पादन, स्थानीय तहमा गैरकाष्ठ वन पैदावार प्रशोधन केन्द्र स्थापना तथा वन पैदावारमा आधारित उद्योग प्रवर्द्धनका विषयसमेत भेटवार्तामा उठाइएको छ ।

त्यस्तै प्रत्येक जिल्लामा स्थानीयस्तरमा बढी उत्पादन हुने तथा छिटो नष्ट हुने कृषिजन्य वस्तुलाई प्राथमिकता दिई कृषि उद्योग स्थापना गर्ने, प्लाइउड तथा भेनेर निर्यात प्रवर्द्धन गर्ने, वन क्षेत्र र काष्ठ उद्योगबीचको दूरी घटाउने तथा काठको सिजनिङ र ट्रिटमेन्ट उद्योग स्थापना गर्ने प्रस्ताव गरिएको छ ।

खोटाङमा बाँस प्रशोधन, सर्लाहीमा बाँसजन्य उत्पादन, कैलालीमा वेत प्रशोधन, अल्लोबाट उच्च गुणस्तरीय कपडा तथा अर्घाखाँची र चितवनमा चिउरीको घ्यू उत्पादन उद्योग स्थापना गर्न सहजीकरण गर्ने विषयमा पनि छलफल भएको छ । सामुदायिक वनले उद्योग सञ्चालन गर्न आवश्यक जग्गा व्यवस्थापन तथा दर्ता प्रक्रियामा देखिएका कानुनी जटिलता समाधान गर्ने र गैरकाष्ठ वन पैदावारको एकीकृत ब्रान्डिङ, ग्रेडिङ, जैविक प्रमाणीकरण तथा निर्यात प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन गर्ने प्रस्तावसमेत कृषि मन्त्रालयले राखेको छ । रासस

## एमाले स्थायी कमिटी बैठकमा भण्डारी सहभागी हुने

टुडे समाचारदाता

काठमाण्डु । नेकपा एमालेको भोलि बस्ने स्थायी कमिटी बैठकमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पनि सहभागी हुने भएकी छन् ।

एमाले वरिष्ठ नेता मनोनीत भएपछि भण्डारी पहिलोपटक बैठकमा सहभागी हुन लागेकी हुन् । ८ असोजको सचिवालय बैठकले भण्डारीलाई वरिष्ठ नेता मनोनीत गर्ने निर्णय गरेको थियो ।

लगत्तै बसेको केन्द्रीय कमिटी बैठकबाट मनोनीतको निर्णय अनुमोदन भएपछि भण्डारी वरिष्ठ नेताको हैसियतमा भोलिको स्थायी कमिटी बैठकमा भाग लिने भएकी छन् ।

एमाले कार्यालय स्रोतका अनुसार स्थायी कमिटी बैठकको एजेण्डा भने तय नभएको जनाइएको छ ।

## सभापतिमा थापालाई समर्थन गर्ने राठौरको घोषणा

टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसको सभापतिका उम्मेदवार किशोरसिंह राठौरले उम्मेदवारी फिर्ता लिँदै गगन कुमार थापालाई समर्थन गर्ने घोषणा गरेका छन् ।

काठमाण्डुमा बुधबार पत्रकार सम्मेलन गर्दै राठौरले सभापतिमा थापालाई समर्थन गर्ने घोषणा गरेका हुन् । यसअघि मंगलबार उम्मेदवारी दर्ता गराएका राठौरले बुधवार निर्वाचन अधिकृतको कार्यालयमा पुगेर औपचारिक रूपमा उम्मेदवारी फिर्ता लिएका छन् ।

राठौरले उम्मेदवारी फिर्ता लिएसँगै कांग्रेस सभापतिका लागि गगन थापा र श्यामकृष्ण खड्गी मात्रै प्रतिस्पर्धामा रहेका छन् । कांग्रेसको नयाँ नेतृत्व चयनका लागि बिहीबार मतदान हुँदैछ ।

# सुदूरपश्चिम सरकारविरुद्धको रिटमा सर्वोच्चद्वारा लिखित जवाफ माग

सुदूरपश्चिम । सर्वोच्च अदालतले सुदूरपश्चिम प्रदेश सरकारविरुद्ध दायर बजेटसम्बन्धी उत्प्रेषण रिट निवेदनमा लिखित जवाफ पेस गर्न आदेश दिएको छ ।

सर्वोच्च अदालतका न्यायाधीश महेशशर्मा पौडेलको एकल इजलासले अधिवक्ता मनिराम उपाध्यायले दायर गरेको उत्प्रेषणसम्बन्धी रिट निवेदनमा प्रारम्भिक सुनुवाइ गर्दै विपक्षी मुख्य न्यायाधिवक्ताको कार्यालय, सुदूरपश्चिम प्रदेशमार्फत लिखित जवाफ पेस गर्न आदेश दिएको हो ।

आदेशमा रिट निवेदनको मागबमोजिम आदेश जारी हुनुपर्ने वा नपर्ने सम्बन्धमा आधार र कारणसहित बाटोको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्न भनिएको छ । निवेदकले माग गरेको अन्तरिम आदेशका सम्बन्धमा भने दुवै पक्ष राखी छलफल गर्न उपयुक्त देखिएको भन्दै यही असोज २३ गते दुवै पक्षलाई छलफलमा बोलाएको छ ।



"निवेदकले माग गरेको अन्तरिम आदेशका सम्बन्धमा भने दुवै पक्ष राखी छलफल गर्न उपयुक्त देखिएकाले पेसी सूचीमा प्राथमिकतामा पर्नेगरी पेसी तोकी विपक्षीलाई आजै विद्युतीय माध्यमबाट तत्काल म्याद तामेल गरी नियमानुसार पेस गर्नु", आदेशमा भनिएको छ ।

अधिवक्ता उपाध्यायले तत्कालीन मुख्यमन्त्री कमलबहादुर शाह नेतृत्वको सरकारले चालु आर्थिक वर्ष २०८३/८४ का लागि ल्याएको बजेटसम्बन्धमा रिट दायर गर्नुभएको थियो ।

यसैबीच, सुदूरपश्चिम प्रदेशका मुख्य न्यायाधिवक्ता ठेकेन्द्रराज जोशीले सर्वोच्च अदालतको आजको आदेशले वर्तमान सरकारलाई बजेट पेस गर्न कुनै समस्या नहुने बताउनुभएको छ । रासससँग कुरा गर्दै उहाँले भन्नुभयो, "अन्तरिम आदेशका कारण बजेट ल्याउन पाइँदैन कि भन्ने कोणबाट बहस भइरहेको सुने, तर आदेशका कारण कुनै समस्या हुँदैन । यही असोज २३ गते छलफल, लिखित जवाफ पेस गर्ने र चालु आर्थिक वर्षको बजेट ल्याउने कामसँगसँगै अगाडि बढ्छ ।"

सुदूरपश्चिममा हाल बजेट शून्यताको अवस्था रहेपनि सरकारले आजै बजेट ल्याउने तयारी गरिरहेको छ । रासस

# ग्रामीण र दुर्गम क्षेत्रमा गुणस्तरीय इन्टरनेट विस्तार सरकारको प्राथमिकता छः सञ्चारमन्त्री तिमिल्सिना

काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले सरकारले डिजिटल रूपान्तरणलाई प्राथमिकतामा राख्दै ग्रामीण, दुर्गम तथा हिमाली क्षेत्रमा गुणस्तरीय र भरपर्दो इन्टरनेट सेवा विस्तारमा जोड दिएको बताउनुभएको छ ।

ईन्टरनेट गभर्नेन्स इन्सिच्युट (आईजीआई)ले १७ औँ एसिया प्यासिफिक रिजनल ईन्टरनेट गभर्नेन्स फोरम-२०२६ को समापन समारोहलाई सम्बोधन गर्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले डिजिटल प्रविधिले नागरिकको शिक्षा,सञ्चार,व्यवसाय,सार्वजनिक सेवा तथा सार्वजनिक जीवनमा सहभागितालाई सहज बनाउँदै गएको बताउनुभयो ।

उहाँले नेपालको भौगोलिक विविधताका कारण विशेषगरी ग्रामीण, दुर्गम र हिमाली क्षेत्रमा इन्टरनेट पहुँच विस्तार चुनौतीपूर्ण भए पनि सरकारले यसलाई प्राथमिकतामा राखेको बताउनुभयो । इन्टरनेटको पहुँच विस्तारसँगै सेवाको गुणस्तर,




विश्वसनीयता र सबलता सुनिश्चित गर्न पनि सरकार प्रतिबद्ध रहेको उहाँको भनाइ थियो ।

"डिजिटल रूपान्तरणको उद्देश्य देशलाई डिजिटल बनाउनु मात्र नभै डिजिटल प्रविधिमार्फत नागरिकको जीवनमा सुधार ल्याउनु पनि हो," सञ्चारमन्त्री तिमिल्सिनाले भन्नुभयो । उहाँले इन्टरनेटको पहुँच मात्र विस्तार गरेर नपुग्ने बताउँदै नागरिकले आवश्यक परेको समयमा भरपर्दो र गुणस्तरीय सेवा पाउनुपर्नेमा जोड दिनुभयो । व्यवसायका लागि विश्वसनीय सञ्जाल, सार्वजनिक सेवाका लागि निरन्तर सञ्चार तथा विपद्का समयमा सञ्चालनमा रहने सञ्चार प्रणाली आवश्यक रहेको उहाँले बताउनुभयो ।

सञ्चारमन्त्री तिमिल्सिनाले हालैको रसुवा भोटेकोशी-त्रिशूली विपद्ले सञ्चार पूर्वाधारको महत्त्व थप उजागर गरेको उल्लेख गर्नुभयो । सडक तथा अन्य भौतिक संरचना क्षतिग्रस्त हुँदा, समुदाय एकअर्काबाट अलग हुँदा र उद्धार तथा राहतमा समन्वय आवश्यक पर्दा सञ्चार सेवा अत्यावश्यक हुने उहाँको भनाइ थियो ।

उहाँले डिजिटल प्रविधिबाट ग्रामीण क्षेत्रका विद्यार्थीले विश्वभरको ज्ञानमा पहुँच पाउन सक्ने, किसानले बजार तथा मौसमसम्बन्धी सूचना प्राप्त गर्न सक्ने र साना उद्यमीले स्थानीय सीमाभन्दा बाहिरका बजारमा पहुँच बनाउन सक्ने अवस्था सिर्जना भएको बताउनुभयो । सरकारले आगामी दिनमा डिजिटल पहुँचसँगै डिजिटल समावेशिता, साइबर सुरक्षा, विश्वसनीयता र विपद् प्रतिरोधी सञ्चार प्रणाली विकासमा ध्यान दिने सञ्चारमन्त्री तिमिल्सिनाले बताउनुभयो । रासस

## कांग्रेसप्रति सबै उमेर समूहको भरोसा बढेको छः नेता आङ्देम्बे

काठमाण्डु । नेपाली कांग्रेसका नेता एवं संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले नेपाली कांग्रेसको १५औँ महाधिवेशनले कांग्रेसप्रति सबै उमेर समूहको भरोसा बढेको बताउनुभएको छ ।

कांग्रेस १५औँ महाधिवेशनअन्तर्गतको बन्दसत्रको समापन कार्यक्रममा नेता आङ्देम्बेले यसपटकको महाधिवेशनमा पार्टीको नीति, सिद्धान्त र भावी कार्यदिशाबारे छलफल भएकाले आफूलाई यो महाधिवेशन नौलो लागेको बताउनुभयो ।

"मैले विगतका बन्दसत्रमा कहिल्यै नीति, सिद्धान्त र भावी कार्यदिशाका बारेमा छलफल भएको देखेको थिइँन, त्यसकारण यो मेरा लागि पनि कांग्रेसको नौलो महाधिवेशन हो, यसले कांग्रेसको नीति र सोचमा पनि बदलाव ल्याउने आशा राखेको छु," नेता आङ्देम्बेले भन्नुभयो ।

महाधिवेशनको उद्घाटन सत्रमा विभिन्न राजनीतिक दलका नेताहरूको उपस्थितिले नेपाली कांग्रेसले मुलुकको राजनीतिलाई दिशानिर्देश गर्ने भूमिका देखाएको नेता आङ्देम्बेले उल्लेख गर्नुभयो । रासस


मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र**

**गौर, रौतहट**

**प्रस्ताव आव्हान सम्बन्धि सूचना !**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२२**

यस कृषि ज्ञान केन्द्र रौतहटको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले यस जिल्लाका इच्छुक लक्षित वर्गले आवेदन पेश गरेको कार्यक्रमको नाम स्पष्ट खुलाई माँग गरिएको कागजात सहित प्रथम पटक प्रकाशित मितिले ३० औं दिन (२०८३/०७/२० गते) कार्यालय समय भित्र यस कृषि ज्ञान केन्द्र रौतहटमा आवश्यक कागजातहरु सहित प्रस्तावना पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । साथै यो सूचना सँग सम्बन्धि विस्तृत सूचना यस केन्द्रको सूचना पाँटी तथा वेवसाईट https://akcrautahat.madhesh.gov.np मा हेर्न सकिनेछ । विस्तृत जानकारीको लागि ९८५५०४०१२९, ०५५५२०००१ मा सम्पर्क गर्न सकिनेछ । कार्यक्रमहरुको आवेदन/प्रस्ताव/स्वघोषणा फारामको नमूना ढाँचा यस कार्यालयको वेबसाइटको डाउनलोड अप्सनमा राखिएको छ ।

**तपसिल**

| सूचना नं. | कार्यक्रमहरुको नाम | लक्षित वर्ग |
|---|---|---|
| ०४। ०८३-८३ | दलहन प्रवर्द्धन कार्यक्रम | कृषक/ समूह/ सहकारी |
| | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | कृषक/ समूह/ सहकारी |
| | मकै बाली प्रवर्द्धन कार्यक्रम | कृषक/ समूह/ सहकारी |
| | हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गको जिविकोपार्जनका लागि १००% अनुदानमा कृषि विकास कार्यक्रम | हरुवा, चरुवा, दलित लगायत लक्षित वर्गहरु |
| | मखान खेति प्रवर्द्धन कार्यक्रम | कृषक/ उद्यमि/ समूह/ सहकारी |
| | मौरी प्रवर्द्धन कार्यक्रम | कृषक/ समूह/ सहकारी |
| | च्याउ प्रवर्द्धन कार्यक्रम | कृषक/ समूह/ कृषि उद्यमी/ सहकारी |
| | वगर खेतीमा सहयोग कार्यक्रम | कृषक |
| | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | कृषक |
| | माटो स्वास्थ्य सुधारको लागि हरियो मल प्रबर्द्धन कार्यक्रम (९०% अनुदान) | कृषक |
| | स्मार्ट नर्सरी अभिवृद्धि कार्यक्रम | नर्सरी फार्म |
| ०५। ०८३-८३ | विउ विजन आत्मनिर्भर कार्यक्रम | मूल/प्रमाणित/उन्नत बीउ बिजन उत्पादन तथा बजारीकरणको लागि इजाजतपत्र प्राप्त गरेका कृषि सहकारी वा कृषक समूह वा फार्म वा कम्पनी वा उद्योग |
| ०६। ०८३-८३ | व्यवसायिक उखु खेती परियोजना | कृषक/ समूह/ सहकारी/फर्म |

**नोट**: अधिकत्तम अनुदानको सिमा कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संसोधन २०७७) अनुसार हुनेछ । गत बिगत दुई आ.व. भित्र कुनै विषयमा अनुदान पाईसकेको व्यक्ति/संस्थाले सोहि बिषयमा पुनः अनुदान पाउने छैन । झुटो विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बेला आवेदन रद्द गरिनेछ। प्रस्ताव स्वीकृति गर्ने सम्बन्धित सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहने छ ।

**प्रमुख**

# शरणार्थी फिर्ती विवादबीच म्यानमाका सैन्य नेता मलेसियामा

एएफपी । म्यानमाको सैन्य-समर्थित सरकारका नेता मिन आङ ह्लाइङ वार्ताका लागि बुधबार मलेसिया आइपुग्नुभएको छ। म्यानमाका हजारौँ नागरिकलाई स्वदेश फर्काउने प्रक्रियालाई लिएर अन्तरराष्ट्रिय आलोचना भइरहेका बेला उहाँको मलेसिया भ्रमण भएको हो ।

सन् २०२१ मा सेनाले सत्ता कब्जा गरेपछि म्यानमामा सशस्त्र द्वन्द्व सुरु भएको थियो । त्यसयता दक्षिणपूर्वी एसियाली राष्ट्रको सङ्गठन (आसियान)ले म्यानमाका सैन्य नेतालाई उच्चस्तरीय बैठकमा सहभागी गराउन रोक्दै आएको छ । मिन आङ ह्लाइङको मलेसिया भ्रमणले म्यानमा र आसियानका केही सदस्य राष्ट्रबीच पुनः बढ्दो कूटनीतिक सङ्लग्नतालाई देखाएको छ।

मलेसियाबाट करिब एक हजार ५०० म्यानमाका नागरिक स्वदेश फर्किएको चार दिनपछि मिन आङ ह्लाइङ मलेसिया पुग्नुभएको हो। संयुक्त राष्ट्रसङ्घीय शरणार्थी उच्चायुक्तको कार्यालय (युएनएचसिआर) तथा अधिकारवादी समूहले उक्त स्वदेश फिर्ती प्रक्रियाको आलोचना गरेका छन् । उनीहरूका अनुसार म्यानमाका केही क्षेत्रमा सुरक्षा तथा मानवीय अवस्था अझै अस्थिर रहेकाले फर्कनेले हिंसा, उत्पीडन र जबर्जस्ती सेनामा भर्ती हुने जोखिम सामना गर्न सक्छन् ।

क्वालालम्पुर अन्तरराष्ट्रिय विमानस्थलमा अवतरण गरेपछि मलेसियाली अधिकारीले मिन आङ ह्लाइङको स्वागत गरेका थिए। उहाँले बिहीबार मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमसँग भेटवार्ता गर्ने कार्यक्रम छ।



म्यानमाको विदेश मन्त्रालयले बुधबार जारी गरेको विज्ञप्तिअनुसार, मिन आङ ह्लाइङले दुई देशबीच लगानी तथा आर्थिक सहयोग बढाउने उद्देश्यले आयोजित निजी व्यापारिक संवादमा सहभागी हुँदै सम्बोधन गर्नुभएको छ।

मलेसियाका अनुसार आइतबार स्वदेश फर्काइएका व्यक्तिसहित करिब पाँच हजार म्यानमाका नागरिक चरणबद्ध रूपमा स्वदेश फर्कन सहमत भएका छन् । मलेसियाको गृह मन्त्रालयका अनुसार अगस्टको अन्त्यसम्ममा ११ हजार ८०४ म्यानमाका नागरिक देशभरका अध्यागमन हिरासत केन्द्रमा राखिएका थिए।

स्वदेश फर्काइने व्यक्तिमा म्यानमामा लामो समयदेखि उत्पीडनमा पर्दै आएका र नागरिकताबाट वञ्चित रोहिङ्ग्या मुस्लिम समुदायका मानिस पनि छन् वा छैनन् भन्ने स्पष्ट छैन।

मलेसियामा युएनएचसिआरमा दर्ता भएका करिब दुई लाख १५ हजार ६०० शरणार्थी तथा शरण खोज्ने व्यक्ति रहेका छन् । तीमध्ये करिब एक लाख २६ हजार रोहिङ्ग्या छन् । मलेसियाले उनीहरूलाई आश्रय दिए पनि संयुक्त राष्ट्रसङ्घको शरणार्थी महासन्धिमा हस्ताक्षर गरेको छैन र शरणार्थीहरूलाई 'कागजातविहीन आप्रवासी' का रूपमा व्यवहार गर्दै आएको छ।

रोजगारी, सार्वजनिक सेवा र सुरक्षासम्बन्धी चिन्ताका कारण मलेसियामा रोहिङ्ग्या समुदायको बढ्दो उपस्थितिलाई लिएर जनस्तरमा असन्तुष्टि पनि बढेको छ।

प्रधानमन्त्री अनवरले स्वदेश फिर्ती नीतिको बचाउ गर्दै यसलाई दीर्घकालीन समाधान खोज्ने कूटनीतिक प्रयासका रूपमा प्रस्तुत गर्नुभएको छ । उहाँले मलेसियाले अनिश्चितकालसम्म शरणार्थीलाई आश्रय दिन नसक्ने र म्यानमाले आफ्ना नागरिकको जिम्मेवारी लिनुपर्ने बताउनुभएको छ।

आलोचकका अनुसार सेनाको सत्ता बलियो बनाउने उद्देश्यले भएको निर्वाचनपछि अप्रिलमा राष्ट्रपति पदको शपथ लिएयता मिन आङ ह्लाइङले आफ्नो कूटनीतिक गतिविधि तीव्र बनाउनुभएको छ।

बुधबारको मलेसिया भ्रमण क्षेत्रीय सम्बन्ध सुधार गर्ने उहाँको प्रयासको अर्को हिस्सा भएको बताइएको छ। सेना प्रमुखका रूपमा रहँदा फेब्रुअरी २०२१मा आङ सान सुकी नेतृत्वको निर्वाचित सरकारलाई अपदस्थ गरेपछि म्यानमाको आसियान सदस्य राष्ट्रसँगको सम्बन्धमा तनाव बढेको थियो। मलेसिया भ्रमण आसियान सदस्य राष्ट्रमा मिन आङ ह्लाइङको पाँचौं भ्रमण हो । यसअघि उहाँले लाओस, थाइल्याण्ड, भियतनाम र कम्बोडियाको भ्रमण गरिसक्नुभएको छ। यी भ्रमणमार्फत उहाँले ११ सदस्यीय क्षेत्रीय सङ्गठनभित्र आफ्नो सरकारको कूटनीतिक स्वीकार्यता बढाउने प्रयास गरिरहनुभएको छ।

उहाँको भ्रमणको अधिकारवादी समूहले आलोचना गरेका छन् । स्वतन्त्र अनुगमन समूह 'आर्म्ड कन्फ्लिक्ट लोकेसन एन्ड इभेन्ट डेटा' ले शरणार्थीसम्बन्धी सहकार्यले मिन आङ ह्लाइङ नेतृत्वको प्रशासनलाई अन्तरराष्ट्रिय वैधता बलियो बनाउन मद्दत गर्न सक्ने चेतावनी दिएको छ।

समूहकी एसिया-प्रशान्त क्षेत्रकी विश्लेषक सिन्डी अजाराले भन्नुभयो, "म्यानमाको गृहयुद्ध समाधान गर्न कुनै अर्थपूर्ण कदम नचाली स्वदेश फिर्ती अघि बढाउनु जोखिमपूर्ण छ। यसले शरणार्थी, विशेषगरी रोहिङ्ग्याको जीवनमा तत्काल खतरा निम्त्याउन सक्छ।"

# एनपिएलको तयारी अन्तिम चरणमा



काठमाण्डु । नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करण नजिकिँदै गर्दा कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट मैदानको स्तरोन्नति तथा व्यवस्थापनको काम अन्तिम चरणमा पुगेको छ।

नेपाल क्रिकेट सङ्घ (क्यान) का सचिव पारस खड्काका अनुसार प्रतियोगिता शुरु हुन करिब तीन साता बाँकी रहँदा मैदानमा आवश्यक पूर्वाधार निर्माण तथा व्यवस्थापनका कामलाई तीव्रता दिइएको हो।

प्रतियोगिताको हरेक संस्करण बृहद् बन्दै गएकाले दर्शक, खेलाडी, सञ्चारकर्मी तथा विशिष्ट पाहुनालाई विगतभन्दा राम्रो अनुभव दिने गरी तयारी भइरहेको उहाँले बताउनुभयो।

"तयारीको अन्तिम चरणमा छौं। प्रतियोगितालाई राम्रोसँग सम्पन्न गर्नुपर्ने अपेक्षा धेरै छ। प्रतियोगिता जति ठूलो हुँदै गयो, त्यति नै हाम्रो जिम्मेवारी पनि बढेको छ", सचिव खड्काले रासससँग भन्नुभयो, "दसैंसम्म सबै काम सकेर तेस्रो संस्करणका लागि पूर्ण रूपमा तयार हुने हाम्रो योजना छ।"

गत संस्करणमा देखिएका व्यवस्थापनसम्बन्धी समस्या सुधार गर्दै यस पटक मैदानमा केही नयाँ संरचना थपिने भएका छन् । एनपिएलका खेलमा दर्शकको चाप अत्यधिक हुने भएकाले उपलब्ध स्थानको अधिकतम उपयोग गर्दै दर्शक क्षमता बढाउने प्रयास गरिएको सचिव खड्काले जानकारी दिनुभयो । मैदान परिसरमा थप दर्शक अटाउन मिल्ने स्थान पहिचान गरी आवश्यक संरचनात्मक परिवर्तन भइरहेको उहाँको भनाइ छ।

यसैगरी, मैदान प्रवेश गर्ने बाटो तथा गेट व्यवस्थापनमा सम्बन्धित मन्त्रालयसँग समन्वय गरी सुधारको पहल भइरहेको सचिव खड्काले बताउनुभयो । टिकट लिएर मैदान पुग्ने दर्शकलाई प्रवेशदेखि खेल हेरेर फर्किंदासम्म सहज वातावरण मिलाउने गरी व्यवस्थापनमा विशेष ध्यान दिइएको क्यानले जनाएको छ।

गत संस्करणमा दर्शकले शौचालय तथा आवतजावतका क्रममा धुलोलगायतका समस्या भोग्नु परेको थियो । यसपटक त्यस्ता समस्या दोहोरिन नदिन क्यानले पहल गरेको सचिव खड्काले बताउनुभयो।

**दसैंलगत्तै एनपिएल**

दसैं-तिहारको बीचमा एनपिएल आयोजना हुँदा दर्शकको उपस्थिति प्रभावित हुन सक्ने आकलन भए पनि नेपाल क्रिकेट सङ्घ (क्यान) भने यसप्रति धेरै चिन्तित छैन । क्यानका सचिव खड्का नेपाली क्रिकेटको 'फ्यान बेस' बलियो भएकाले चाडपर्वको समय भए पनि दर्शकको उत्साहमा कमी नआउने विश्वास व्यक्त गर्नुहुन्छ।

उहाँका अनुसार एनपिएलको मिति तय गर्दा अन्तरराष्ट्रिय क्रिकेट र अन्य फ्रेन्चाइज लिगको तालिका तथा विदेशी खेलाडीको उपलब्धतालाई मुख्य आधार बनाइएको हो । यी सबै पक्षलाई हेर्दा यस वर्षका लागि दसैं-तिहारको बीचको समय नै प्रतियोगिता आयोजना गर्नु उपयुक्त देखिएको उहाँको भनाइ छ।

तेस्रो संस्करणमा सहभागी टोलीले अन्तरराष्ट्रिय क्रिकेटका चर्चित खेलाडीलाई अनुबन्ध गर्ने क्रम तीव्र पारेका छन् । विदेशी खेलाडीको उपस्थितिले यसपटक एनपिएलप्रति दर्शकको आकर्षण थप बढ्ने क्यानको अपेक्षा छ । टेलिभिजनमा हेर्दै आएका चर्चित खेलाडीलाई आफ्नै मैदानमा प्रत्यक्ष हेर्न पाउने अवसरले दर्शकलाई मैदानसम्म तान्ने सचिव खड्काको विश्वास छ।

"यसपालि ठूलाभन्दा ठूला खेलाडी हरेक टोलीले ल्याइरहेका छन्। टिभीमा हेरिरहेका खेलाडीलाई अब कीर्तिपुर अन्तरराष्ट्रिय क्रिकेट मैदानमै प्रत्यक्ष देख्न सक्ने अवस्था बनेको छ", उहाँले भन्नुभयो । एनपिएलको तेस्रो संस्करण आगामी कात्तिक नौदेखि मङ्सिर ५ गतेसम्म काठमाडौँमा आयोजना हुँदैछ। रासस

# १० वर्षमुनिका बालबालिकामा मोटोपन घटाउने औषधि वा शल्यक्रिया नगर्न डब्लुएचओको सुझाव

एएफपी । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले १० वर्षमुनिका बढी तौल भएका बालबालिकामा मोटोपन घटाउने औषधि वा शल्यक्रिया प्रयोग नगर्न सुझाव दिएको छ।

बालबालिका तथा किशोरकिशोरीमा बढ्दो मोटोपनको समस्या सम्बोधन गर्न पहिलोपटक निर्देशिका सार्वजनिक गर्दै डब्लुएचओले स्वस्थ खानपान, नियमित शारीरिक गतिविधि र दीर्घकालीन व्यवहार परिवर्तनमा आधारित उपचारलाई प्राथमिकता दिन सिफारिस गरेको हो।




डब्लुएचओका अनुसार ० देखि ९ वर्ष उमेर समूहका बालबालिकामामोटोपनउपचारकालागि औषधि, बेरियाट्रिक शल्यक्रिया वा तौल घटाउने उपकरण प्रयोग गर्न सिफारिस गरिँदैन । १० देखि १९ वर्ष उमेर समूहका किशोरकिशोरीमा भने निगरानीमा सञ्चालन हुने बहुआयामिक जीवनशैली कार्यक्रमबाट अपेक्षित सुधार नआएमा मात्र स्वीकृत औषधि प्रयोगबारे विचार गर्न सकिनेछ।

अत्यधिक मोटोपन भएका किशोरकिशोरीमा भने कडा मापदण्ड र चिकित्सकीय सर्तपूरा भएमा बेरियाट्रिक शल्यक्रियाबारे विचार गर्न सकिने डब्लुएचओले जनाएको छ। विशेषगरी टाइप-२ मधुमेह वा उच्च रक्तचापजस्ता स्वास्थ्य जटिलता देखिएका र खानपान तथा जीवनशैलीमा सुधारबाट पर्याप्त लाभ नपाएका अवस्थामा यस्तो विकल्प विचार गर्न सकिनेछ।

यी सिफारिस वयस्कको मोटोपनसम्बन्धी डब्लुएचओको निर्देशिकाभन्दा फरक छन् । सन् २०२५ डिसेम्बरमा जारी वयस्कसम्बन्धी निर्देशिकामा ओजेम्पिक र माउन्जारोजस्ता जिएलपी-१ वर्गका औषधिसहित तौल घटाउने तथा मधुमेह नियन्त्रणका औषधि प्रयोग गर्न सकिने उल्लेख गरिएको थियो।

डब्लुएचओका अनुसार सन् २०२४ मा विश्वभर ५ देखि ९ वर्ष उमेर समूहका करिब सात करोड बालबालिका र १० देखि १९ वर्ष उमेर समूहका करिब १० करोड किशोरकिशोरी मोटोपनबाट प्रभावित थिए। पाँचदेखि १९ वर्ष उमेर समूहमा मोटोपनको दर सन् १९९० को दुई प्रतिशतबाट बढेर सन् २०२४ मा आठ प्रतिशत पुगेको छ।

डब्लुएचओको पोषण तथा खाद्य सुरक्षा विभागकी निर्देशक लुज मारिया डे रेगिलले मोटोपन सबै क्षेत्रमा बढिरहेको बताउनुभयो । उहाँका अनुसार कम तथा मध्यम आय भएका देशमा समस्या तीव्र रूपमा बढिरहेको छ भने केही उच्च आय भएका देशमा वृद्धि रोकिए पनि समस्या अझै उच्च छ।

ड ब ल ु ए च अ ा े ल मोटोपनसँगै बालबालिका तथा किशोरकिशोरीको मानसिक स्वास्थ्यमा पनि ध्यान दिनुपर्ने जनाएको छ। चिन्ता, डिप्रेसन र न्यून आत्मसम्मानले अस्वस्थ खानपान तथा शारीरिक निष्क्रियता बढाउन सक्ने भन्दै सङ्गठनले मोटोपन भएका बालबालिकाले सामाजिक लाञ्छना र बुलिङको सामना गर्नुपर्ने जोखिमतर्फ पनि ध्यानाकर्षण गराएको छ।

# कागन र सोइलाई रसायनशास्त्रतर्फको नोबेल पुरस्कार




एएफपी। हेनरी बी. कागन र केन्सो सोइलाई जैविक पदार्थ निर्माणमा हुने विशेष प्रकारको रासायनिक प्रक्रिया र स्वतः उत्प्रेरणासम्बन्धी खोजका लागि सन् २०२६ को रसायनशास्त्रतर्फको नोबेल पुरस्कार प्रदान गरिने भएको छ।

रोयल स्विडिस एकेडेमी अफ साइन्सेजले बुधबार स्टकहोममा यस वर्षको रसायनशास्त्रतर्फको नोबेल पुरस्कार विजेताको घोषणा गरेको हो।

यस वर्ष नोबेल पुरस्कारको रकम एक करोड २० लाख स्विडिस क्रोनर रहेको छ । यो रकम एक जना, केही विजेताको समूह वा कुनै संस्थालाई प्रदान गरिनेछ।

गत वर्ष नयाँ आणविक संरचनाको विकासका लागि तीन वैज्ञानिकलाई रसायनशास्त्रतर्फको नोबेल पुरस्कार प्रदान गरिएको थियो। ती संरचनाले ठूलो मात्रामा ग्यास थुन्न सक्ने भएकाले वातावरणबाट हरितगृह ग्यास सोस्ने तथा मरुभूमिजस्ता सुक्खा क्षेत्रबाट आर्द्रता प्राप्त गर्ने प्रविधिको आधार तयार भएको थियो।

यस वर्षको नोबेल पुरस्कारअन्तर्गत चिकित्साशास्त्रतर्फको पुरस्कार सोमबार तीन वैज्ञानिकलाई प्रदान गरिएको थियो । उहाँहरूको अनुसन्धानले मस्तिष्कले कसरी काम गर्छ भन्ने अध्ययनका लागि प्रकाशको प्रयोग गर्ने उपकरण विकास गर्न योगदान पुऱ्याएको थियो। मङ्गलबार भौतिकशास्त्रतर्फको पुरस्कार न्युट्रिनोको दुर्लभ समूह नष्ट गर्ने प्रयाससम्बन्धी अनुसन्धानका लागि प्रदान गरिएको थियो।

साहित्यतर्फको नोबेल पुरस्कार बिहीबार घोषणा गरिनेछ भने शुक्रबार शान्तितर्फको पुरस्कार प्रदान गरिनेछ । अर्थशास्त्रतर्फको नोबेल स्मृति पुरस्कार आगामी सोमबार घोषणा हुने कार्यक्रम छ।

# ओमान ए ले नेपाललाई दियो १६१ रनको लक्ष्य

काठमाण्डु । आइसिसी विश्वकप क्रिकेट लिग-२ को तयारीमा रहेको नेपाली राष्ट्रिय क्रिकेट टोलीलाई ओमान ए ले पहिलो अभ्यास खेलमा जितको लागि १६१ रनको लक्ष्य दिएको छ।




ओमान क्रिकेट एकेडेमीतर्फ २ मा जारी खेलमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको ओमान ए ले ३९.५ ओभरमा सबै विकेट गुमाउँदै १६० रनको योगफल बनायो। ओमान ए का लागि कप्तान हम्माद मिर्जाले सर्वाधिक ५४ रन बनाए। त्यसैगरी जिक्रिया इस्लामले ३५ तथा सन्जु सजीवले ३४ रन बनाए।

बलिङतर्फ नेपालका नन्दन यादवले ३ विकेट लिए भने करण केसी र सन्दीप लामिछानेले समान २-२ विकेट लिए । त्यसैगरी गुल्शन झा, ललित राजवंशी र शाहब आलमले समान १-१ विकेट लिए । नेपाल अहिले जवाफी ब्याटिङमा उत्रेको छ । रासस

# हर्मुजको चिन्ताले तेल महँगियो

एएफपी । इरानले महत्वपूर्ण हर्मुज जलघाँटीमा तेल ट्याङ्करमाथिको आक्रमण बढाएको देखिएको चेतावनीपछि मध्यपूर्वबाट हुने तेल आपूर्तिप्रति चिन्ता बढ्दा बुधबार कच्चा तेलको मूल्य उकालो लागेको छ भने एसियाली सेयर बजारमा गिरावट आएको छ।



बेलायतको मेरिटाइम ट्रेड अपरेसनका अनुसार यस महिना हर्मुज जलघाँटी र पर्सियन खाडी क्षेत्रमा नौ वटा आक्रमण भएका छन्। यसअघि मध्यपूर्वबाट हुने तेल निर्यात युद्धअघिको स्तरमा फर्किएको खबरले ब्रेन्ट कच्चा तेलको मूल्य प्रतिब्यारेल १०० अमेरिकी डलर र अमेरिकी वेस्ट टेक्सास इन्टरमिडियट (डब्लुटीआई) को मूल्य ९० डलरभन्दा तल झरेको थियो।

तर ट्याङ्करमाथि आक्रमण बढेको खबरसँगै तेलको मूल्य पुनः बढेको हो । पेपरस्टोनका क्रिस वेस्टनले तेलको प्रवाह बढेको रिपोर्टले मूल्यमा केही दबाब दिए पनि जहाजमाथिको आक्रमणसम्बन्धी खबरले त्यसलाई सन्तुलित गरेको बताउनुभयो। उहाँका अनुसार बजार अहिले भूराजनीतिक जोखिमप्रति अत्यधिक संवेदनशील छ।

यसैबीच, यमनका हुथीहरूले रियादको मुख्य विमानस्थलमा आक्रमण गरेको दाबी गरेका छन् । यमनी सरकारी फौजले भने उक्त दाबी अस्वीकार गर्दै बाब अल-मन्डब जलघाँटी र बन्दरगाह सहर मोचा वरपरका क्षेत्रबाट इरान समर्थित समूहलाई हटाएको जनाएको छ।

उता, टोकियो, हङकङ, सिङ्गापुर, सियोल, वेलिङ्टन र ताइपेईका सेयर बजार घटेका छन् भने सिड्नी र मनिलाका बजार बढेका छन् । अमेरिकी नास्डाक र एस एन्ड पी ५०० भने नयाँ कीर्तिमानमा पुगेका थिए।

# अक्टोबर ७ को तेस्रो वार्षिकोत्सव

एएफपी । हमासले सन् २०२३ अक्टोबर ७ मा इजरायलमाथि गरेको आक्रमणको तेस्रो वार्षिकोत्सवमा देशभर स्मारक कार्यक्रम आयोजना भइरहेका छन्। आगामी आम चुनावको केही साताअघि मनाउन लागिएको यस वर्षको वार्षिकोत्सव गाजामा युद्धविराम सुरु भएपछिको पहिलो औपचारिक स्मरण कार्यक्रमसमेत हो।

आक्रमणमा मारिएका व्यक्तिको सम्झनामा दिनभर विभिन्न कार्यक्रम आयोजना गरिएको छ । एएफपीले आधिकारिक इजरायली तथ्याङ्कका आधारमा गरेको गणनाअनुसार प्यालेस्टिनी लडाकूको आक्रमणमा एक हजार २२१ जनाको मृत्यु भएको थियो । आक्रमणकारीले २५१ जनालाई बन्धक बनाएर गाजा लगेका थिए। तीमध्ये ४४ जनाको मृत्यु भइसकेको छ।

आक्रमण सुरु भएको ठीक समय बिहान ६:२९ बजे गाजा सीमासँग जोडिएको किबुट्ज कफर आजामा श्रद्धाञ्जलि कार्यक्रम आयोजना गरिएको छ। त्यहाँ ६४ जना बासिन्दाको हत्या र १८ जनालाई अपहरण गरिएको थियो। दक्षिणी इजरायलस्थित नोभा सङ्गीत महोत्सवस्थलमा पनि स्मरण कार्यक्रम आयोजना गरिएको छ। त्यहाँ ३७० भन्दा बढी मानिस मारिएका थिए र दर्जनौंलाई बन्धक बनाइएको थियो। शोकाकुल परिवारहरूले तेल अभिभको एक पार्कमा समेत स्मरण कार्यक्रम आयोजना गरेका छन्।



आम चुनावको तीन साताअघि र तेल अभिभतर्फ जाने यात्रुवाहक विमानमाथि असफल आक्रमण भएको एक सातापछि कार्यक्रमहरू कडा सुरक्षा व्यवस्थाबीच भइरहेका छन् । इजरायलका रक्षामन्त्रीले वार्षिकोत्सवका अवसरमा गाजामा रहेका इजरायली सैनिकमाथि हमासले आक्रमण गर्न सक्ने सूचनाका आधारमा सेनालाई उच्च सतर्कतामा राखिएको बताउनुभएको छ।

प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले सोमबार आयोजित राज्य स्मारक समारोहमा गाजामा हमासको शासन कायम नरहने र अक्टोबर ७ को आक्रमणमा संलग्न तथा बन्धक बनाउनेहरूलाई लक्षित गर्ने प्रतिबद्धता जनाउनुभएको छ।

हमासको आक्रमणपछि इजरायलले गाजामा व्यापक सैन्य कारबाही सुरु गरेको थियो । गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार त्यस क्रममा ७४ हजार दुई सयभन्दा बढी मानिस मारिएका छन् । हमासको नियन्त्रणमा रहेको मन्त्रालयको तथ्याङ्कलाई संयुक्त राष्ट्रसङ्घले विश्वसनीय मान्दै आएको छ।

पछिल्ला तीन वर्षमा इजरायलको सैन्य कारबाही गाजामा मात्र सीमित रहेन। लेबनानस्थित हिजबुल्लाहसँगको द्वन्द्वदेखि इरानसम्म विभिन्न मोर्चामा इजरायलको सैन्य संलग्नता विस्तार भएको छ।

अमेरिकाको पहलमा गत अक्टोबरमा युद्धविराम घोषणा भए पनि गाजाको मानवीय अवस्था अझै गम्भीर रहेको समाचारमा जनाइएको छ । लाखौं मानिस पाल तथा अस्थायी संरचनामा बस्न बाध्य छन् भने युद्धग्रस्त क्षेत्रको राजनीतिक भविष्य र पुनर्निर्माणसम्बन्धी कामसमेत प्रभावकारी रूपमा अघि बढ्न सकेको छैन।

# कोरला नाका जोड्ने सडकका विभिन्न खण्डमा मर्मत तीव्र



म्याग्दी । पछिल्लो मनसुनजन्य विपद्पछि बाढी पहिरोका कारण अवरुद्ध बनेको कालीगण्डकी कोरिडोरको बेनी-जोमसोम-कोरला सडकको विभिन्न स्थानमा मर्मत कार्य सम्पन्न भएको छ।

सो सडकखण्डको विभिन्न ५५ स्थानमा बाढी पहिरोका कारण अवरुद्ध भएको थियो । यही असोज ८ देखि ११ गतेको भरीपछि कालीगण्डकी नदीमा आएको बाढीले १० स्थानको सडक कटान गरेर बगाएको र भत्काएको छ। बेनी-जोमसोम-कोरला सडक योजनाका प्रमुख तेजस्वी शर्माले म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको पोखरेबगरमा कालीगण्डकीले बगाएको सडक पुलको पहुँचमार्ग र रघुगङ्गा गाउँपालिका-२ कुनौटा बाहेकका स्थानमा मङ्गलबारसम्म प्रारम्भिक मर्मत कार्य सकिएको जानकारी दिनुभयो।

"मालढुङ्गादेखि कुनौटा, कोरलादेखि पोखरेबगर सडक पुलसम्मको सडकमा ठूला सवार ीसाधन सञ्चालन गर्न सकिने गरि मर्मत भएको छ," उहाँले भन्नुभयो, "पोखरेबगरदेखि कुनौटाको बीचमा पर्ने रातोपानी, धिरच्याङ, भिरकाटे, महभिर, तिप्ल्याङ र बेगखोलामा पहिरो पन्छाउने तथा नयाँ मार्ग बनाउने काम सकिएको छ।"

बाढीले कुनौटामा पैदलयात्रा गर्न नमिल्ने गरी २५० मिटर सडक र पोखरेबगरको पुलको पहुँचमार्ग बगाएको थियो। कुनौटामा चार वटा एक्साभेटरसहित टिप्पर परिचालन गरेर माटो भर्ने तथा पोखरेबगरमा मजदुर र उपकरण परिचालन गरेर ग्याबियन पर्खाल निर्माण भइरहेको छ।

आगामी सोमबारसम्म सवार ीसाधन सञ्चालन गर्ने लक्ष्यसहित उपकरण र मजदुर परिचालन गरिएको योजना प्रमुख शर्माले बताउनुभयो। सुरुआती चरणमा रघुगङ्गा गाउँपालिका-३ ितलकेनीचौरिस्थत राहुघाट जलविद्युत् आयोजनाको विद्युत्गृह परिसरमा कटान गरेको सडकको विकल्पमा नयाँ मार्ग बनाउन इन्धन अभाव रहँदै आएको थियो।

राहुघाटको विद्युत्गृह अगाडि सडक मार्ग खुलाउने काम सकिएको छ । नेपाली सेना, स्वयम्सेवक र ड्रोनको सहायताले ढुवानी तथा सापटी मागेर इन्धन व्यवस्थापन गरिएकाले कुनै समस्या नरहेको आयोजनाले जनाएको छ।

सडक विभाग र निर्माण व्यवसायीका १५ वटा एक्साभेटर, १२ वटा टिप्पर र १५ वटा लोडरसहित जनशक्ति परिचालन गरेर सडक निर्माणको कामलाई तीव्रता दिइएको सङ्घीय सडक सुपरीवेक्षण आयोजना पोखराका प्रमुख नरेन्द्र सुवेदीले बताउनुभयो।

"सडक विभाग र निर्माण कम्पनीले अवरुद्ध सडक खुलाउन सबै ठाउँमा समानान्तर रूपमा काम गरिरहेका छन्," उहाँले भन्नुभयो। सो आयोजनामा यसपटकको विपद्ले हालसम्म ठूलो क्षति पुऱ्याएको छ। सडक पुनर्निर्माणका लागि रु तीन अर्ब लाग्ने प्रारम्भिक अनुमान सडक विभागले गरेको छ। रसुवा र तातोपानी नाका बन्द रहेकाले चीनसँगको व्यापारका लागि कोरला नाका महत्वपूर्ण रहेको छ । सो नाका जोड्ने सडकलाई छिटो सञ्चालनमा ल्याउन सरकारले उच्च प्राथमिकताका साथ काम गरिरहेको म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बताउनुभयो।

मुस्ताङको स्याउ बजार पठाउने समय सुरु भएको छ। दसैं-तिहारका लागि भेडाच्याङ्गा बजार झार्ने समय नजिकिएको छ । पर्यटकीय याम सुरु भएकाले बेनी-जोमसोम सडक छिटो सञ्चालनमा ल्याउन दबाब परेको छ। रासस

# दसैं, तिहार बिदामा घुम्न जाने हैन त हेटौंडा ?




बागमती । पर्यटकीय सम्भावना भएर पनि अपेक्षित रुपमा उपयोग हुन नसकेको गन्तव्यमध्ये एक हो हेटौंडा। सहर प्राकृतिक रुपमा उत्तिकै सुन्दर छ। यहाँको सुन्दरतालाई पर्यटकीय दृष्टिले खासै उपयोग गर्न सकिएको छैन।

चुरे शृंखलामा समेटिएको हेटौंडामा बिदाका दिनमा घुम्न सकिने धेरै गन्तव्य रहेको यस क्षेत्रको प्रवर्द्धन र विकासका लागि निरन्तर रुपमा लागिरहेका जानकारको भनाइ छ।

हेटौंडा प्राकृतिक एवम् ऐतिहासिक दुवै दृष्टिले महत्वपूर्ण गन्तव्यका रुपमा रहेको नेपाल उद्योग वाणिज्य महासङ्घ र बागमती प्रदेशका सदस्य उत्तम शर्मा ढकाल बताउनुहुन्छ।

महाभारतकालीन इतिहास जोडिएको भुटनदेवी मन्दिरदेखि ऐतिहासिक मकवानपुर गढी, हेटौंडा सहिद स्मारक, दक्षिण एसियाकै पहिलो चुरिया सुरुङ मार्ग जस्ता धेरै ऐतिहासिक, धार्मिक एवम् प्राकृतिक सौन्दर्यताले भरिएका गन्तव्य हेटौंडा आसपासमा रहेको उहाँले जानकारी दिनुभयो।

विशेषगरी दसैं, तिहारको बिदाको समयमा हेटौंडाका विभिन्न स्थानमा भ्रमण गर्न सकिने उहाँले बताउनुभयो।

**यस्ता छन् प्रमुख पर्यटकीय गन्तव्य**

**हेटौडा सहिद स्मारक**

हेटौंडा उपमहानगरपालिका-११ स्थित सहिद स्मारक नेपालको गौरव र हेटौंडाको पहिचानका रुपमा चर्चा कमाएको गन्तव्य हो। विभिन्न शैक्षिक संस्थाको अवलोकन भ्रमणसँगै व्यक्तिगत रुपमा हेटौंडामा घुम्न आउने पर्यटकका लागि यो नछुटाउने गन्तव्यजस्तै बनिरहेको स्मारकका व्यवस्थापक रामचन्द्र न्यौपाने बताउनुहुन्छ।

स्मारकमा पूर्वाधार विस्तारसँगै विभिन्न कालखण्डमा शहादत प्राप्त गर्नुहुने सहिदका बारेमा प्रकाशित पुस्तक, जीवनी, लेखरचना फोटोलगायतका विवरण एउटै थलोमा उपलब्ध गराइएको छ। सहिदका बारेमा अध्ययन अनुसन्धान एवम् खोज गर्न सहज होस् भनेर सहिद अध्ययन तथा अनुसन्धान केन्द्र स्थापना गरिएको छ।

स्मारक परिसरमा बालबालिकाको मनोरञ्जनका लागि चिप्लेटी, पिङ, जीप, ट्रेन, आदि सञ्चालनमा छन्। वयस्कका लागि रोटेपिङ, डुङ्गा, फ्लाइङ चेयर, फ्लाइङ कार आदि सञ्चालित छन्। त्यस्तै, साहसिक मनोरञ्जनात्मक खेल जिपलाइन, रोलर कोस्टर जिपलाइन र स्काई साइकल उपलब्ध छ।

स्मारक परिसरमा प्रजातान्त्रिक आन्दोलनका अगुवाहरू विश्वेश्वरप्रसाद कोइराला, मनमोहन अधिकारी, पुष्पलाल श्रेष्ठ र गणेशमान सिंहको पूर्णकदको प्रतिमासहित आकर्षक बगैँचा, फाउन्टेनसहितको प्रजातान्त्रिक पार्क निर्माण गरिएको छ।

सम्पूर्ण सहिदलाई एकै थलोमा स्मरण गर्न सहज होस् भन्ने अभिप्रायले ६५ फिट अग्लो १९ मिटर गोलाइको सहिदस्तम्भ निर्माण गरिएको छ। स्तम्भ यहाँको अर्को आकर्षण हो। चारैतिरबाट कमलको फूलको जस्तो आकार देखिने र भित्री भागमा विभिन्न कालखण्ड झल्कने अर्ध अमूर्त आकृति, चार फोहोरा, आकर्षक बगैँचा, अग्रभागमा मुख्य नदीहरू, हिमशृङ्खलादेखि तराईसम्म बगिरहेको दृश्यसहितको नेपालको नक्सा राखिएको छ।

स्मारक परिसरभित्र रहेको चिडियाघर यहाँको अर्को आकर्षण हो। पछिल्ला दिनमा यहाँ जातीय सङ्ग्रहालय स्थापना गरी मकवापुरमा रहेका दनुवार, चेपाङ, बनकरीया, राउटे, राई, लिम्बू, नेवार, तमाङलगायत २६ जातिको पहिरन, प्रयोग गर्न सकिने सामान, सांस्कृतिक पर्वलगायतले जातीय इतिहासलाई जीवन्तता दिने प्रयास गरिएको छ।

**हेटौडाका धार्मिक पर्यटकीय गन्तव्यहरू**

धार्मिक पर्यटकीय गन्तव्यका रुपमा हेटौंडामा महाभारतकालीन भुटनदेवी मन्दिर, कुष्माण्ड सरोवर त्रिवेणी धाम, भुवनेश्वर पशुपति, चुरियामाई आदि छन् । हेटौंडा उपहानगरपालिका-१० मा रहेको भुटनदेवी मन्दिरलाई महाभारतकालीन इतिहाससँग जोडेर हेरिन्छ।

हरेक दिन दर्शनार्थीको आगमन भइरहने यस मन्दिरमा बडादसैंलगायत महत्वपूर्ण चाडपर्व र तिथिमितिमा विशेष भीड लाग्ने गरेको मन्दिरका पुजारी बुद्धिमान राई बताउनुहुन्छ। मन्दिरभित्र अष्टभुजायुक्त देवीको आकर्षक मूर्ति रहेको छ। मन्दिरभित्र देवीसँगै सिंह र दैत्यवधको प्रतीकात्मक मूर्तिले असत्यमाथि सत्यको विजयलाई देखाएको छ।

भुटनदेवीको स्थापना सेनवंशी राजाबाट भएको मानिएको छ। देवीको पूजा दर्शन नगरी सिकार वा लडाइँमा गएमा उपलब्धि हासिल नहुने विश्वासका कारण त्यस समयदेखि नै शासकले देवीको श्रद्धाभक्तिपूर्वक पूजा गरेर मात्रै आफ्नो कार्य थालनी गर्ने गरेको किंवदन्ती छ।

त्यस्तै, हेटौंडामा नै रहेको कुष्माण्ड सरोबर त्रिवेणी धाम यहाँको अर्को धार्मिक पर्यटकीय गन्तव्य हो। हेटौंडास्थित रत्नावती (राप्ती), कर्णावती (कर्रा) र कौषबाहिनी (कुखेनी)को त्रिवेणीमा कुष्माण्डा भगवतीले तपस्या गरी विष्णु भगवान्‌बाट सिद्धि प्राप्त गरेको विश्वास गरिन्छ। यस तीर्थस्थलमा विभिन्न चाडपर्व, तिथिमितिका साथै हरेक वर्षको कात्तिक शुक्ल नवमी (कुष्माण्ड नवमी) मा हजारौं दर्शनार्थी आउने गरेका छन्। कार्तिक शुक्ल नवमीका दिन यहाँ कुभिण्डो दान गरिएमा पुण्य प्राप्त हुने जनविश्वास छ।

कुष्माण्ड सरोवर त्रिवेणीधाम व्यवस्थापन समितिका अध्यक्ष ईश्वरीप्रसाद न्यौपानेका अनुसार यस तीर्थस्थलमा १०८ वटा गाईको मुखबाट झरिरहेका धारा (गौमुखी धारा), शिवालय, यज्ञकुण्ड, नागस्थान, स्वचालित बुद्ध दर्शनस्थल, हेडम्बा नगरीको इतिहास झल्काउने संरचना, सङ्ग्रहालय, फूल बगैँचा, वृत्तचित्र प्रदर्शनस्थल, मनोरेल आदि सञ्चाालनमा छन् । त्रिवेणीधामको महिमा स्कन्दपुराणको हिमवत्खण्ड, महाभारतको आदि पर्व र वन पर्व, वराह तथा वायु पुराणमा उल्लेख छ।

हेटौंडाकै अर्को प्रसिद्ध धार्मिक तीर्थस्थल चुरियामाई यहाँको घुम्नै पर्ने गन्तव्य हो। चुरिया माईसँगै रहेको दक्षिण एसियाकै पहिलो सुरुङ मार्ग यहाँको अर्को आकर्षणका रुपमा रहेको छ । यातयातकी देवीका रुपमा लिइने चुरिया माईमा विशेषगरी नयाँ सवारीसाधन खरिद गरेपछि पूजाआजाका लागि दर्शनार्थी पुग्ने गर्छन्।

> हेटौंडा देशकै तेस्रो ठूलो औद्योगिक सहर हो । यहाँ धेरै उद्योग सञ्चालमना छन् । भारतसँगको प्रमुख नाका वीरगञ्जसँग राजधानी काठमाडौँलाई जोड्ने सहरका रुपमा पनि यसको महत्व छ । पछिल्ला दिनमा कृषि पर्यटनका क्षेत्रमा उदाइरहेका हेटौंडा आसपासका पदमपोखरी, बकैया आदि स्थानको पनि पर्यटकीय उपयोग गर्न सकिने देखिन्छ ।

मन्दिरमा आकर्षक र कलात्मक शैलीको कालो प्रस्तरको चुरियामाईको मूर्ति छ। वरपर गणेशसहित विभिन्न देवीदेवताका मूर्ति छन् । मन्दिर परिसरमा रहेको सुरुङमार्ग पनि यहाँको अर्को आकर्षण हो।

विसं १८७२ मा राणा प्रधानमन्त्री चन्द्र शमशेरको शासनकालमा निर्माण सुरु भई १८७४ सालमा सम्पन्न भएको चुरियामाई सुरुङमार्ग तत्कालीन हेटौंडा-अमलेखगञ्ज रेलमार्गअन्तर्गत निर्माण गरिएको ऐतिहासिक सम्पदा हो। करिब दुई वर्ष लगाएर सुरुङमार्ग निर्माण गरिएको हो। यसको नेतृत्व सिभिल इन्जिनियर स्व डिल्लीजङ्ग थापाले गर्नुभएको थियो।

भुटनदेवी, चुरियामाई जस्तै हेटौंडा आसपासमा भुवनेश्वर पशुपति मन्दिर, मनकामना, पाथीभरा, वनस्खण्डी, लक्ष्मीनारायण मन्दिर, दक्षिणकाली मन्दिर, गोरक्षेश्वर धाम, रुद्रेश्वर महादेव मन्दिर आदि धार्मिक गन्तव्य छन्।

यस्तै, राक्सिराङ गाउँपालिकामा रहेको जलपरी झरना, सीता अशोक वाटिका पनि धार्मिक रुपमा दर्शनीय स्थलका रुपमा स्थापित छन्। हर्नामाडीस्थित मूर्ति सङ्ग्रहालय, जुरेथुमस्थित श्रीकृष्णको विशाल मूर्ति, पुष्पलाल पार्क आदि छन्।

**ऐतिहासिक रूपमा पनि उत्तिकै महत्वपूर्ण गन्तव्य**

हेटौंडा र आसपासका गन्तव्यमध्ये मकवानपुरगढी यहाँको अर्को ऐतिहासिक महत्वको गन्तव्य हो।

मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका-२ मा अवस्थित मकवानपुरगढी दरबार तत्कालीन सेनवंशी राजाको दरबार हो । सेनवंशी राजाको इतिहासदेखि नेपाल एकीकरणका ऐतिहासिक पक्षको जीवन्त साक्षीका रुपमा रहेको यो दरबार वर्तमानमा भने मकवानपुरकै महत्वपूर्ण पर्यटकीय गन्तव्यका रुपमा चर्चामा छ।

हेटौंडाबाट करिब १६ किलोमिटर पूर्व कान्ति राजपथ सडकसँगै समुद्री सतहदेखि एक हजार १७ मिटर उचाइमा रहेको यस गढीले नेपालको एकीकरण हुनुपूर्व सेनवंशीय शासनको ऐतिहासिक विरासतको जीवन्त इतिहासलाई झल्काउने गरेको छ । यो गढीले परम्परागत तर तत्कालीन उन्नत वास्तुकलाको ज्वलन्त उदाहरणसँगै त्यस कालखण्डको सुरक्षात्मक प्रबन्धलाई जीवन्त रुपमा चित्रण गरेको छ।

**औद्योगिक एवम् कृषिमा उदीयमान गन्तव्य**

हेटौंडा देशकै तेस्रो ठूलो औद्योगिक सहर हो। यहाँ धेरै उद्योग सञ्चालमना छन्। भारतसँगको प्रमुख नाका वीरगञ्जसँग राजधानी काठमाडौँलाई जोड्ने सहरका रुपमा पनि यसको महत्व छ । पछिल्ला दिनमा कृषि पर्यटनका क्षेत्रमा उदाइरहेका हेटौंडा आसपासका पदमपोखरी, बकैया आदि स्थानको पनि पर्यटकीय उपयोग गर्न सकिने देखिन्छ।

धेरै पर्यटकीय गन्तव्य रहे पनि प्रवर्द्धनको अभावमा सदुपयोग हुन नसकेको मकवानपुर उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष ढकालले बताउनुभयो। दसैं, तिहार जस्ता बिदामा धेरैभन्दा धेरै आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने गरी लाग्नु आवश्यक भएको उहाँको भनाइ छ।

भारतसँगको सीमाबाट नजिकै रहेको हेटौंडामा आन्तरिक पर्यटकसँगै भारतीय पर्यटकको आकर्षण बढाउन सकिने हिमालय राइडर्स सोसाइटी, हेटौंडाका अध्यक्ष राजु थापा मगर बताउनुहुन्छ। "गन्तव्यको प्रवर्द्धन गर्दै पर्यटकको आकर्षण बढाउन पर्यटन सम्बद्ध सबैको एकतावद्ध प्रयास आवश्यक छ,", उहाँले भन्नुभयो, "विशेष गरी दसैं, तिहारको बिदाको समयमा घुम्न निस्कने आन्तरिक पर्यटकलाई हेटौंडा पनि एउटा घुनै पर्ने गन्तव्य हो भन्ने बुझाउनु अपरिहार्य छ।" रासस

# व्यक्तिगत लगानीमा चिस्यान केन्द्र निर्माण

भोजपुर। षडानन्द नगरपालिका-१ नेपालेडाँडाका किसान जीवन थापाले व्यक्तिगत लगानीमा चिस्यान केन्द्र निर्माण गरी सञ्चालनमा ल्याउनुभएको छ। व्यावसायिक रूपमा कृषि पेसामा लाग्नुभएका ७१ वर्षीय थापाले कृषि उपजको भण्डारण तथा गुणस्तर कायम राख्ने उद्देश्यले आफ्नै लगानीमा केन्द्र निर्माण गर्नुभएको हो।

कृषि उत्पादनलाई व्यवस्थित गर्दै उत्पादनपछिको क्षति न्यूनीकरण गर्ने उद्देश्यले करिब रु १५ लाखको लागतमा चिस्यान केन्द्र निर्माण गरिएको थापाले बताउनुभयो। उहाँका अनुसार केन्द्रमा एकपटकमा करिब १० हजार किलोग्रामसम्म कृषि उपज भण्डारण गर्न सकिने क्षमता छ।

किसानले उत्पादन गरेको कृषि उपज तत्कालै बिक्री गर्न नसक्दा बिग्रने तथा उचित मूल्य नपाउने समस्या हुने भएकाले त्यसको समाधानका लागि चिस्यान केन्द्र निर्माण गरिएको उहाँले बताउनुभयो। "कृषि उत्पादन गरेर मात्र हुँदैन। त्यसलाई सुरक्षित रूपमा भण्डारण गरेर उचित समयमा बिक्री गर्न सक्ने व्यवस्था पनि आवश्यक हुन्छ, केन्द्र सञ्चालनमा आएपछि उत्पादनको गुणस्तर जोगाउन र बजार व्यवस्थापन गर्न सहज हुने अपेक्षा गरेको छु", थापाले भन्नुभयो।

उहाँले २०७६ सालदेखि कृषि क्षेत्रमा व्यावसायिक रूपमा काम गर्दै आउनुभएको छ। उहाँले स्थानीयस्तरमा उत्पादन हुने विभिन्न कृषि उपजलाई सुरक्षित राख्न सकिनेगरी चिस्यान केन्द्र निर्माण गर्नुभएको हो। केन्द्र सञ्चालनमा आएपछि किसानले उत्पादन गरेको उपज तत्काल बिक्री गर्नुपर्ने बाध्यतासमेत कम हुने उहाँको विश्वास छ।

चिस्यान केन्द्रमा मौसम अनुसारको कृषि उत्पादन भण्डारण गरेर बेमौसममा तुम्लिङटार, धरान इटहरी विराटनगरलगायतका शहरमा लगेर बिक्री गर्दै आएको थापाले जानकारी दिनुभयो। स्थानीयस्तरमा कृषि उपजको उत्पादन बढ्दै गए पनि भण्डारणको उचित व्यवस्था नहुँदा किसानले उत्पादनको उचित मूल्य पाउन नसक्ने अवस्था रहेको थापाले बताउनुभयो। उत्पादनलाई सुरक्षित राखेर बजारको माग र मूल्यअनुसार बिक्री गर्नसके किसानको आम्दानी बढाउन सहयोग पुग्ने उहाँको भनाइ छ।रासस

## भूमि प्रशासन कार्यालय हरिवन सर्लाही

## ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना

प्रस्तुत सन्दर्भमा जिल्ला सर्लाही साविक कौडेना गा.वि.स. वडा नं. २ भै हाल कौडेना गाउपालिका वडा नं. ३ बस्ने मोहन चौधरी समेतले निजको फुपु अनुपिया चौधरी कलवारको नाममा जिल्ला सर्लाही गा.वि.स. अत्रौली वडा नं. ३क कि.नं. १४० क्षेत्रफल ०-१०-० जग्गा दर्ता कायम रहेकोमा निजको मिति २०८१/०४/१९ मा अविवाहित अवस्थामा मृत्यु भएको र निजको मृत्यु पछिको हकवाला बाबु मिश्री चौधरी रहेकोमा निजको मिति २०३० सालमा र आमा सुभगिया देवी समेतको मिति २०३१ सालमा मृत्यु भएको त्यस पछिको हकवालामा एकमात्र दाजु चन्देश्वर चौधरी भएकोमा निज र निजको हकवाला एकमात्र पत्नी नगिना देवी कलवारको क्रमशः मिति २०३० साल र मिति २०८२/१२/१७ मा मृत्यु भएको हुँदा निजहरुको हकवाला २ भाई छोराहरु मदन चौधरी र मोहन चौधरी मात्र रहेको निजहरुले नै मृतक जग्गा धनी फुपु अनुपिया चौधरी कलवारलाई बाचुन्जेल पालन पोषण र मृत्यु पश्चात आफ्नो धर्म परम्परा अनुसार काजक्रिया समेत गरेकाले उल्लेखित जग्गा हामी हकवाला २ भाई मध्ये मदन चौधरीको मन्जुरी सनाखतले मोहन चौधरीको नाममा एकलौटी नामसारी गरी पाँऊ भनी द.नं. १०८४ मिति २०८३/०५/११ मा माग निवेदन गरेकाले उक्त जग्गामा कसैको हकदावी छ वा उक्त जग्गा निजहरुको माग अनुसार नामसारी गर्नु नपर्ने कारण भए प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र हकदावी गर्न आउनुहोला अन्यथा कानून बमोजिम नामसारी भै जाने ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## भूमि प्रभासन कार्यालय, सिम्रौनगढ, बारा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

उप्रान्त श्री राम गुलाम विन भन्ने राम गुलाम विनको नातिहरु अनुराग मुखिया/राम सुरत मुखियाको छोराहरु जिल्ला बारा साविक गाविस बडकी फुलवरिया वडा नं.६ हाल देवताल गाउँपालिका वडा नं.१ वस्ने सकिचन मुखिया/भुटा मुखियाले तपसिल बमोजीम कित्ताको जग्गाको फिल्डबुकमा किसानको महलमा खोवाडी हजरा विसुनपुर रहेको र जग्गावालाको महलमा २०२२।१२।२७ को दाखा चलन पुर्जा बमोजीम खोवाडी हजरा दुसाद तथा किसानको व्यहोरामा यो जग्गा राम गुलाम विन फुलवरियाको नंवरी हो भनि उल्लेख रहेकोले देवताल गाउँपालिका वडा नं.१ बडकी फुलवरियाको च.नं.१०४ मिति २०८३।०५।१८ को सिफारिस, नाता प्रमाणित, नागरिकता, मृत्युदर्ता मंजुरीनामा, वडा मुचुल्का, मालपोत रसिद, फिल्डबुक, नक्सा, प्लटरजिष्टर लगायत प्रमाणको आधारमा छुट जग्गा दर्ता गरी नामसारी गरी पाउँ भनि माग गर्नु भएको हुँदा उल्लेखित जग्गा निवेदकको माग बमोजीम हो होइन को कस्को हकभोग चलन/खनजोत भित्रको हो ? सो जग्गामा को कसको हक अधिकार छ ? हकदारहरु के कति छन् ? माग निवेदनको जग्गा सरकारी सार्वजनिक प्रकृतिको वा गुठी आदिभित्र पर्ने जग्गा हो वा होइन ? माग निवेदन बमोजीम छुट जग्गा दर्ता गरी नामसारी गरी दिँदा अन्य कोही कसैलाई कुनै व्यहोराबाट फरक पर्छ /पर्दैन ? सो जग्गा अन्य कोही कसैले कुनै व्यहोराबाट यस अगाडी दर्ता सम्वन्धी निवेदन दिए नदिएको के छ ? सो समेत यकिनका लागी हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। माग निवेदनको छुट जग्गा दर्ता गरी नामसारी गर्न नमिल्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा उजुरबाजुर गर्न आउनु हुन जानकारी गराईन्छ।

**तपसिल**

| गा.वि.स | वडा नं | कित्ता नं | क्षेत्रफल | मोहीवालाको नाम | जग्गा वाला | किसानको व्यहोरा | कै. |
|---|---|---|---|---|---|---|---|
| विसुनपुर | २ | १२५ | ०-४-१० | खोबाडीहजरा विसुनपुर | २०२२।१२।२७ को दा.खा चलन पुर्जा बमोजिम खोभाडी हजरा दुसाध विसुनपर वडा नं.२ | यो जग्गा राम गुलाम विन फुलवरियाको नंवरी हो। मैले २०२२ साल कार्तिक २२ देखि ...........( जीर्ण भई च्यातिएको) आफैले जोगभोग गरी....... (जिर्ण भई च्यातिएको) | |

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

**प्रकाशित मिति : २०८३/०६/२२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक**

यस विकास बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**: **२०८३/०७/१२ गते/स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी**

**बोलपत्र खोलिने मिति/समय**: **२०८३/०७/१३ गते, शुक्रबार दिनको ३ बजे**

| क्र.सं. | शाखा कार्यालय : बर्दिबास, महोत्तरी | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | **जमानतकर्ताको विवरण** |
| १. | **नाम : भोला खडका**<br>ना.प्र.नं. ०४९२४१६८, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४२/०१/२०<br>बाबुको नाम : इन्द्र बहादुर खडका<br>बाजेको नाम : ओलक बहादुर खडका<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १ | **नाम : भक्ति माया खडका**<br>ना.प्र.नं. ०४९२४४४५, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४४/१०/११<br>पतिको नाम : भोला खडका<br>ससुराको नाम : इन्द्र बहादुर खडका<br>ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १ |
| | **धितोको विवरण** | |
| | भक्ति माया खडकाको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. बहादुरगंज वडा न. १ ग स्थित कित्ता नं. ८१७ को क्षेत्रफल ०-०-१०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

## फरार ९ अभियुक्त पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका ९ जना प्रतिवादीलाई धनुषा प्रहरीले पक्राउ गरेको छ ।

प्रहरीका अनुसार जिल्ला अदालत धनुषाबाट भएको फैसला कार्यान्वयनका क्रममा उनीहरूलाई बुधबार जिल्लाका विभिन्न स्थानबाट खोजतलास तथा आवश्यक समन्वय गरी पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

पक्राउ परेकामध्ये चोरी मुद्दामा दोषी ठहर भएका दुई जना, लागुऔषध मुद्दाका दुई जना, कुटपिट तथा अंगभंग मुद्दाका तीन जना र लेनदेन बिगोसम्बन्धी मुद्दाका एक जना रहेका छन् । पक्राउ परेका एक जनामाथि चोरी मुद्दामा ३ वर्ष कैद र अर्कामाथि ६ महिना कैद सजाय तोकिएको प्रहरीले जनाएको छ ।

त्यस्तै, लेनदेन बिगो मुद्दामा एक जनालाई १ वर्ष कैद सजाय तोकिएको छ । लागुऔषध मुद्दामा एक जनालाई १ महिना कैदसहित ५ हजार रुपैयाँ जरिवाना र अर्कालाई १५ दिन कैद तथा १ हजार रुपैयाँ जरिवाना तोकिएको छ ।

कुटपिट तथा अंगभंग मुद्दामा पक्राउ परेकामध्ये एक जनालाई १५ दिन कैद र १ हजार रुपैयाँ जरिवाना तथा दुई जनालाई १-१ महिना कैद र १-१ हजार रुपैयाँ जरिवाना तोकिएको प्रहरीले जनाएको छ । चोरी मुद्दामा पक्राउ परेका एक जनालाई २५ दिन कैद र अर्कालाई ६ महिना कैदसहित ५ हजार रुपैयाँ जरिवाना तोकिएको छ ।

पक्राउ परेका सबैलाई आवश्यक कारबाहीका लागि धनुषा जिल्ला अदालतमा पठाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले अदालतबाट फैसला भई कैद तथा जरिवाना तोकिएपछि फरार रहेका प्रतिवादीलाई खोजी तथा पक्राउ गर्ने कार्यलाई निरन्तरता दिइएको जानकारी दिए ।

### सहसचिव मधेशीमा महेन्द्र यादवसहित आठ जनाको भिडन्त

# अनुभव र नयाँ पुस्ताबीच रोचक प्रतिस्पर्धा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसको १५औँ महाधिवेशनमा मधेसी क्लस्टरतर्फ सहमहामन्त्री पदका लागि आठ जना उम्मेदवार मैदानमा उत्रेका छन् । बिहीबार हुने निर्वाचनमा पूर्वसहमहामन्त्री महेन्द्र यादव, अजयकुमार चौरसिया, नागिना यादव, किरण यादव, अभिषेकप्रताप शाह, रामपल्टन साह, मनिषकुमार मिश्र र मुक्ताकुमारी यादवबीच प्रतिस्पर्धा हुँदैछ ।

यो प्रतिस्पर्धालाई मधेशमा कांग्रेसको पुरानो संगठनात्मक विरासतदेखि नयाँ राजनीतिक पुस्तासम्मको प्रतिनिधित्व गर्ने चुनावका रूपमा हेरिएको छ । उम्मेदवारहरूको पृष्ठभूमि हेर्दा लामो समय कांग्रेसमै रहेर संगठन निर्माण गरेका नेतादेखि अन्य राजनीतिक दल हुँदै कांग्रेस प्रवेश गरेका र छोटो समयमै केन्द्रीय नेतृत्वमा दाबी गर्ने नयाँ अनुहारसम्म छन् ।

यही कारण मधेसी क्लस्टरतर्फको चुनावमा अनुभव, संगठनमा निरन्तरता, राजनीतिक योगदान र पुस्तान्तरण मुख्य बहस बनेको छ।




**महेन्द्र यादव : संगठनमा लामो अनुभव**

आठ उम्मेदवारमध्ये धनुषाका महेन्द्र यादव कांग्रेसको संस्थागत राजनीतिमा लामो समयदेखि सक्रिय र संगठनको विभिन्न तहमा काम गरेको अनुभव भएका नेता हुन् ।

यादवले विद्यार्थी तथा युवा राजनीतिबाट आफ्नो राजनीतिक यात्रा अघि बढाउँदै नेपाल तरुण दलको केन्द्रीय अध्यक्षको जिम्मेवारीसमेत सम्हालिसकेका छन् । त्यसपछि संविधानसभा तथा व्यवस्थापिका-संसद सदस्यका रूपमा काम गरेका उनी खानेपानी तथा सरसफाइमन्त्री समेत बनेका छन् ।

१४ औँ महाधिवेशनमा मधेसी क्लस्टरबाट सहमहामन्त्री निर्वाचित भएका यादव अहिले पुनः सोही पदका लागि प्रतिस्पर्धामा छन् । एक कार्यकाल सहमहामन्त्रीको जिम्मेवारी सम्हालिसकेकाले संगठन सञ्चालन, पार्टीभित्रको समन्वय र विभिन्न तहका नेता-कार्यकर्तासँगको सम्बन्ध उनको राजनीतिक अनुभवलाई महत्वपूर्ण आधार उनले बनाएका छन् ।

महेन्द्रको अर्को महत्वपूर्ण पक्ष भनेको कांग्रेसको मूलधारमा उनको निरन्तरता हो । विभिन्न राजनीतिक उतारचढावका बाबजुद उनले कांग्रेस छाडेर अर्को दल रोजेनन् । लामो समय कांग्रेसभित्रै रहेर संगठन निर्माणमा सक्रिय रहेका कारण मधेशका कतिपय प्रतिनिधिले उनलाई पार्टीको 'संस्थागत नेता'का रूपमा हेर्ने गरेका छन् ।

लामो समय कांग्रेसभित्र शेरबहादुर देउवा पक्षका प्रभावशाली मधेसी नेताका रूपमा चिनिएका यादव पछिल्लो राजनीतिक परिवर्तनसँगै मधेशमा कांग्रेसको खस्केको जनाधार फर्काउन नयाँ नेतृत्वसँग सहकार्य गर्ने बाटोमा अघि बढेका हुन् । नभए पनि पार्टीभित्र विभाजनभन्दा एकता र साझा नेतृत्व आवश्यक रहेको धारणा राख्दै उनले गगन थापालाई सभापतिका रूपमा स्वीकार गर्दै उनको नेतृत्वमा सहकार्य गरेका थिए ।

पछिल्लो समय गगन थापाले उनलाई केन्द्रीय सदस्यमा मनोनीत गरेपछि यादव कांग्रेसको नयाँ नेतृत्वसँग थप नजिकिए । यसलाई धेरैले पुरानो र नयाँ नेतृत्वबीच समन्वयको प्रयासका रूपमा समेत हेरेका छन् । मधेशमा कांग्रेसको संगठन विस्तार, नेता-कार्यकर्ताबीचको सम्बन्ध बलियो बनाउने र पार्टीभित्र सबै धारलाई समेटेर अघि बढ्ने अनुभव आफूमा रहेको उनको दाबी छ ।

**अजय चौरसिया : कांग्रेसबाट सद्भावना हुँदै पुनः कांग्रेस**

पर्साका अजयकुमार चौरसिया मधेशको पुरानो राजनीतिक पुस्ताका परिचित नेता हुन्। कांग्रेसबाट राजनीतिक यात्रा सुरु गरेका उनी २०४८ सालको निर्वाचनताका टिकट नपाएपछि सद्भावना राजनीतितर्फ लागेका थिए। पछि पुनः कांग्रेसमै फर्किए ।

कांग्रेसमा फर्किएपछि महासमिति सदस्यदेखि केन्द्रीय सदस्यसम्मको जिम्मेवारी सम्हालेका चौरसिया सांसद तथा मन्त्रीसमेत भइसकेका छन् । लामो संसदीय र संगठनात्मक अनुभवलाई उनले आफ्नो राजनीतिक आधार बनाएका छन् ।

**नागिना यादव : नेविसंघबाट केन्द्रीय नेतृत्वसम्म**

महोत्तरीकी नागिना यादवले विद्यार्थी राजनीतिबाट कांग्रेसको यात्रा सुरु गरेकी हुन्। २०५३ सालमा अध्ययनकै क्रममा नेपाल विद्यार्थी संघसँग जोडिएर सक्रिय राजनीति थालेकी उनी १४औँ महाधिवेशनबाट मधेसी महिला कोटामा केन्द्रीय सदस्य निर्वाचित भएकी थिइन् । पार्टीको केन्द्रीय राजनीतिमा निरन्तर सक्रिय यादव अहिले सहमहामन्त्री पदको प्रतिस्पर्धामा छिन् ।

**किरण यादव : संविधानसभादेखि पदाधिकारीको दौडसम्म**

महोत्तरीकै किरण यादवको राजनीतिक पहिचान भने संसदीय राजनीतिबाट बनेको हो। पहिलो संविधानसभा निर्वाचनपछि संविधानसभा सदस्य बनेकी उनी दोस्रो संविधानसभामा समेत निर्वाचित भएकी थिइन् ।

यसअघि शेखर कोइराला पक्षसँग नजिक रहेकी यादव अहिले गगन थापा नेतृत्वको कांग्रेसको महाधिवेशन प्रक्रियामा सहभागी भएकी छन् ।

**अभिषेकप्रताप शाह : फोरमबाट कांग्रेस**

कपिलवस्तुका अभिषेकप्रताप शाहको राजनीतिक यात्रा कांग्रेसबाट सुरु भएको होइन। तत्कालीन मधेसी जनअधिकार फोरम नेपालको विद्यार्थी संगठनबाट राजनीति थालेका शाह संविधानसभा सदस्य हुँदै राष्ट्रिय राजनीतिमा स्थापित भए ।

२०७४ सालको प्रतिनिधिसभा निर्वाचनअघि कांग्रेस प्रवेश गरेका उनी त्यसयता कांग्रेसबाटै संसदीय राजनीतिमा सक्रिय छन् । अहिले उनी मधेसी क्लस्टरतर्फ सहमहामन्त्रीको दौडमा छन् ।

**रामपल्टन साह : नयाँ पुस्ताको महत्वाकांक्षी दाबी**

धनुषाका रामपल्टन साह कांग्रेसको नयाँ पुस्ताका प्रतिनिधि उम्मेदवारका रूपमा देखिएका छन् । उनको राजनीतिक यात्रामा दिवंगत नेता प्रदीप गिरीको प्रभाव महत्वपूर्ण मानिन्छ । कांग्रेसको संस्थागत नेताको रुपमा रहेका रामपल्टन पार्टीभित्रै क्रान्तिकारी नेताको रुपमा चिनिन्छ। पछिल्लो निर्वाचनमा धनुषा १ मा प्रतिनिधि सभाको निर्वाचन प्रतिष्पर्धी बनेका थिए ।

विशेष महाधिवेशनका क्रममा पार्टीभित्र नेतृत्व परिवर्तन र संगठन सुधारको बहसमा सक्रिय रहेका साह त्यसपछि मधेसी खुलातर्फ केन्द्रीय सदस्य बने । छोटो राजनीतिक यात्रामै पदाधिकारीका लागि गरेको दाबीलाई कांग्रेसभित्र नयाँ पुस्ताको महत्वाकांक्षी हस्तक्षेपका रूपमा समेत हेरिएको छ ।

**मनिष मिश्र : छोटो समयमै पदाधिकारीको दाबी**

सर्लाहीका मनिषकुमार मिश्रको कांग्रेस यात्रा तुलनात्मक रूपमा नयाँ छ। लोकतान्त्रिक समाजवादी पार्टीमा महासचिवको जिम्मेवारी सम्हालिसकेका मिश्र प्रतिनिधिसभा निर्वाचनअघि कांग्रेस प्रवेश गरेका थिए ।

कांग्रेस प्रवेशलगत्तै सभापति गगन थापाले उनलाई केन्द्रीय सदस्यमा मनोनीत गरे। कांग्रेसमा प्रवेश गरेको छोटो समयमै सहमहामन्त्री पदमा उम्मेदवारी दिएपछि उनको दाबीलाई नयाँ राजनीतिक धारको प्रतिनिधित्वका रूपमा हेरिएको छ ।

**मुक्ताकुमारी यादव : मधेसी महिला नेतृत्वको निरन्तरता**

धनुषाकी मुक्ताकुमारी यादव पनि मधेसी महिला नेतृत्वको प्रतिनिधित्व गर्दै प्रतिस्पर्धामा छिन् । १४औँ महाधिवेशनबाट मधेसी महिला कोटामा केन्द्रीय सदस्य बनेकी उनी पछिल्लो विशेष महाधिवेशनबाट मधेसी क्लस्टरतर्फ सहमहामन्त्री निर्वाचित भएकी थिइन् । यसपटक उनले सोही पदमा पुनः उम्मेदवारी दिएकी छन् ।

मधेशका कांग्रेस प्रतिनिधिहरूबीचको प्रतिष्पर्धालाई अहिले उम्मेदवारको राजनीतिकभन्दा पनि पार्टीप्रति योगदान, संगठन निर्माणमा भूमिका, पार्टीप्रतिको निरन्तरता र आगामी दिनमा मधेशमा कांग्रेसको जनाधार विस्तार गर्न सक्ने क्षमता प्रदर्शन गर्ने अवसरको रुपमा हेरिएको छ ।

## मधेशको सुरक्षा योजना सार्वजनिक, ७ हजार बढी प्रहरी परिचालन

**टुडे समाचारदाता**

जनकपुरधाम । दशैं, तिहार र छठ पर्वलाई सुरक्षित र व्यवस्थित बनाउन मधेश प्रदेश प्रहरीले विशेष सुरक्षा योजना कार्यान्वयनमा ल्याउने भएको छ । प्रदेशका आठवटै जिल्लामा गरी ७ हजार २२९ प्रहरी परिचालन गर्ने तयारी गरिएको प्रहरीले जनाएको छ ।



प्रहरीका अनुसार असोज २९ देखि कात्तिक ३० गतेसम्म सञ्चालन हुने सुरक्षा योजनाअन्तर्गत १ हजार ५११ वटा ड्युटी व्यवस्थापन गरिनेछ । जिल्लागत रूपमा धनुषामा सबैभन्दा धेरै १ हजार ५९९ प्रहरी परिचालन हुनेछन् भने सिरहामा ६५१ प्रहरी खटाइनेछ ।

त्यसैगरी पर्सामा ६६१, बारामा ८७०, रौतहटमा ८६३, सर्लाहीमा ७९२, महोत्तरीमा ७४७ र सप्तरीमा ८५७ प्रहरी परिचालन गरिने प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

चाडपर्वको समयमा सम्भावित आपराधिक गतिविधि नियन्त्रण गर्न प्रहरीले क्विक रेस्पोन्स टिम (क्यूआरटी), स्ट्राइकिङ टोली, मोबाइल तथा पैदल गस्ती र ट्राफिक चेकिङलाई सक्रिय बनाउनेछ । संवेदनशील स्थानमा पिकेट टोली परिचालन गर्नुका साथै राजमार्गमा यात्रुको सहजताका लागि स्कर्टिङ र सहायता कक्षसमेत सञ्चालन गरिनेछ ।

खुला सीमा क्षेत्रका कारण चाडपर्वमा आवागमन बढ्ने भएकाले तस्करी, चोरी र अवैध सामानको ओसारपसार नियन्त्रणमा विशेष निगरानी राखिने प्रहरीले जनाएको छ । सीमा नाकामा सर्वसाधारणलाई आवश्यक सहयोग उपलब्ध गराउन हेल्प डेस्कको व्यवस्था पनि गरिनेछ ।

धार्मिक तथा पर्यटकीय स्थलमा हुने भीडलाई मध्यनजर गर्दै चोरी, लुटपाट र मानिस हराउने घटना रोक्न सुरक्षाकर्मी परिचालन गरिनेछ । छठ पर्वका बेला नदी, पोखरी तथा जलाशयका घाटमा हुने भीडका कारण डुब्ने, डुबान तथा अन्य दुर्घटनाको जोखिमलाई समेत सुरक्षा व्यवस्थापनमा समेटिएको छ ।

प्रहरीले चाडपर्वका बेला हुन सक्ने जुवा-तास, अवैध सट्टेबाजी, पटका तथा आतिशबाजीबाट हुने आगलागी, मदिराका कारण हुने झैझगडा, घरेलु हिंसा, पाकेटमारी, चोरी र लुटपाटलाई प्रमुख चुनौतीका रूपमा लिएको छ ।

त्यस्तै सामाजिक सञ्जालबाट गलत सूचना तथा अफवाह फैलाएर सामाजिक सद्भावमा असर पार्ने गतिविधिमाथि समेत निगरानी गरिनेछ । सुनचाँदी पसल, बैंक तथा बढी नगद कारोबार हुने क्षेत्रमा चोरी र डकैती रोक्न थप सुरक्षा व्यवस्था मिलाइने प्रहरीले जनाएको छ ।

चाडपर्वका क्रममा अवैध मदिरा, लागुऔषध तथा प्रतिबन्धित वस्तुको कारोबार, कालोबजारी, कृत्रिम अभाव र अस्वाभाविक मूल्यवृद्धि नियन्त्रणका लागि सम्बन्धित निकायसँग समन्वय गरी अनुगमनलाई पनि तीव्रता दिइनेछ ।

प्रदेश प्रहरीका अनुसार सुरक्षा योजनाअन्तर्गत नियमित ड्युटीमै ५ हजार ४८१ प्रहरी परिचालन हुनेछन् । अन्य जनशक्तिलाई कमाण्ड पोस्ट, संयुक्त गस्ती, सादा पोशाकमा सूचना संकलन तथा आवश्यकताअनुसार आकस्मिक सुरक्षा परिचालनमा प्रयोग गरिनेछ ।

## जनकपुरधामको झुलामा लगाइयो रोक



**टुडे समाचारदाता**

जनकपुरधाम । वडा दशै, दिपावली र छठ पर्वको अवसरमा जनकपुरधामस्थित महावीर युवा कमिटीद्वारा लगाइने रोटेपिङ झुला संचालनमा रोक लगाएका छन् ।

मधेश प्रदेश प्रहरी कार्यालयले दशैं, दिपावली र छठ पर्वका लागि गरिएको सुरक्षा योजना बारे सार्वजनिक गरेको तयारीसम्बन्धी प्रेसविज्ञप्तिमा रोक लगाइएको भनिएको छ। धनुषामा भने भीडभाड हुने धार्मिक स्थलमा सञ्चालन गरिने रोटेपिङ झुलालाई लिएर प्रहरीले विशेष सतर्कता अपनाएको हो ।

> गत वर्ष राममन्दिर र राजदेवी मन्दिर परिसरमा रोटेपिङ झुला दुर्घटना हुँदा केही व्यक्ति सामान्य घाइते भएका थिए । सम्भावित जोखिमलाई मध्यनजर गर्दै यस वर्ष ती क्षेत्रमा रोटेपिङ सञ्चालनमा रोक लगाइएको प्रहरीले जनाएको छ ।

गत वर्ष राममन्दिर र राजदेवी मन्दिर परिसरमा रोटेपिङ झुला दुर्घटना हुँदा केही व्यक्ति सामान्य घाइते भएका थिए । सम्भावित जोखिमलाई मध्यनजर गर्दै यस वर्ष ती क्षेत्रमा रोटेपिङ सञ्चालनमा रोक लगाइएको प्रहरीले जनाएको छ ।

गुठी संस्थान कार्यालय अगाडि र रामन्दिरको प्राँगण महावीर युवा कमिटीले केही वर्षदेखि रमाइलो मेलाको नाममा रकम कमाउने उद्देश्यले ठूलठूला रोटेपिँग झुलाहरु लगाउँदै आएका थिए । सो झुलाबाट हुने आम्दानीबाट कमिटिले मन्दिर वा गुठीलाई कुनै रकम उपलब्ध गराउँदै आएका थिएन । मेलाको ठेक्काबाट कमिटीले लाखौ रुपैया कमाउँदै आएका थिए ।

कमिटीको महत्वाकाँक्षाले गत वर्ष रोटेपिँग झुलाको फलामे रड भाँचिदा ५६ जनाको ज्यान जोखिममा परेको थियो । ५ घण्टा लगाएर नेपाली सेना र सशस्त्र प्रहरीको अथक प्रयासपछि तिनीहरुलाई सकुशल उद्धार गरिएको थियो । त्यसपछि जोखिमयुक्त झुला वा मनोरञ्जनामत्मक कुनै गतिविधि संचालन नगरिने भन्ने निर्णय भएको थियो ।

यसपटक पनि कमिटीले रोटेपिङ लगायतका झुला संचालन गर्न खोज्दा स्थानीय मिडियासहितको चौतर्फी दबाव र गुठी संस्थानले अडान लिएपछि प्रशासन पनि सक्रिय भएका छन् । गुठी संस्थानले गुठीको जग्गामा आम नागरिकको ज्यान जोखिममा राखेर क्लब कमिटी र संघ/संस्थाहरुको कमाई खाने थलो होइन । त्यसैले ती मेलासँग आफूहरुको कुनै सरोकार नरहेको र इजाजत पनि नदिएको प्रष्ट पारेका छन् ।

य त ा जनकपुरधाम उपमहानगरपालिका समेतले गुठी संस्थान मातहतको राम मन्दिरमा कमिटीद्वारा लगाइने झुला बारे पत्राचार गरेका छन् । हेल्लो सरकारमा कसैले गरेको उजुरीको आधारमा संघीय सरकारले जनकपुरधाम उपमहानगरपालिकालाई पत्राचार गरेपछि बुधवार उपमहानगरपालिकाले पनि गुठी संस्थान, जिल्ला प्रशासन कार्यालय लगायतका सरोकारवालाहरुलाई मेला बारे पत्राचार गरेका हुन् । श्रोतका अनुसार पत्रमा उपमहानगरपालिकाले स्थानीय युवा कमिटीहरुले वडा दशैंमा विभिन्न मठ मन्दिरमा पूजापाठदेखि भव्यता प्रदानमा सहयोग गर्दै आइरहेकाले जोखिमयुक्त कार्यको निषेध गर्दै तिनीहरुसँग समन्वयमै अघि बढन भन्ने सुझाव दिएका हुन् ।

## बाल अधिकार र बालश्रम रोकथामबारे सचेतना

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा बाल अधिकार तथा बालश्रम रोकथाम सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न गरिएको छ ।



द फ्रिडम फन्डको आर्थिक सहयोग तथा गरिबी निवारण तथा वातावरण संरक्षण नेपाल (पीपन) को आयोजनामा जनकपुरधाम-१४ मुजेलियास्थित श्री माध्यमिक विद्यालय र जनकपुरधाम-१९ शिवपुरस्थित श्री जनता माध्यमिक विद्यालयमा कार्यक्रम गरिएको हो ।

कार्यक्रममा विद्यार्थीलाई बाल अधिकार, बालश्रमका कारण र त्यसबाट पर्ने असर, बाल संरक्षण, शिक्षाको महत्व तथा बालबालिकाको सुरक्षित भविष्यलगायत विषयमा प्रशिक्षण आलोकनाथ झाले दिइएको थियो ।

गरिबी निवारण तथा वातावरण संरक्षण नेपालका अध्यक्ष सिताराम यादवका अनुसार बालबालिका श्रममा संलग्न हुनुका कारण तथा त्यसले उनीहरूको शिक्षा, स्वास्थ्य, मानसिक अवस्था र भविष्यमा पार्न सक्ने असरबारे विद्यार्थीलाई सचेत गराइएको थियो ।

बालश्रम अन्त्य तथा बालबालिकाको अधिकार सुनिश्चित गर्न परिवार, विद्यालय, समुदाय, स्थानीय सरकार र सम्बन्धित सरोकारवाला निकायबीच प्रभावकारी सहकार्य आवश्यक रहेकोमा कार्यक्रममा जोड दिइएको थियो ।

बालबालिकालाई श्रममा लगाउने अवस्थाको अन्त्य गर्दै उनीहरूलाई शिक्षाको पहुँचमा ल्याउन र सुरक्षित वातावरण निर्माण गर्न सबै पक्ष जिम्मेवार बन्नुपर्ने सहभागीहरूले बताएका थिए ।

## घुससहित इन्जिनीयर पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्लाहीको मलंगवा नगरपालिकाका एक इन्जिनियरलाई १ लाख रुपैयाँ घुस लिँदै गर्दा नियन्त्रणमा लिएको छ ।

आयोगको बर्दिबास कार्यालयकोटोलीलेनगरपालिकाको प्राविधिक शाखामा कार्यरत इन्जिनियर डिकेश यादवलाई मंगलबार साँझ सेवाग्राहीबाट घुसको रकम लिँदै गरेको अवस्थामा पक्राउ गरिएको हो ।

अख्तियार स्रोतका अनुसार नक्सा पास गरिदिने भन्दै सेवाग्राहीसँग रकम मागेको सूचना पाएपछि अख्तियारको टोली मलंगवा नगरपालिका पुगेको थियो। सोही क्रममा यादवलाई सेवाग्राहीबाट १ लाख रुपैयाँ लिँदै गरेको अवस्थामा नियन्त्रणमा लिइएको स्रोतले जनाएको छ ।

यादवसहित अन्य एक जनालाई पनि अख्तियारले नियन्त्रणमा लिए पनि उनको विषयमा थप केही पनि खुलाइएको छैन । अख्तियारको टोलीले यादवलाई नियन्त्रणमा लिएर घटनाबारे आवश्यक अनुसन्धान अघि बढाएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८